जलउपयोग गुरुयोजना तथा जीविकोपार्जन कार्यान्वयन योजना

सायल गाउँपालिका
डोटी



सायल गाउँकार्यपालिकाको कार्यालय, दुदिलेगडा डोटी

प्राविधिक सहयोग : ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना,तेस्रो चरण

सायल गाउँकार्यपालिकाको कार्यालय,
दुदिलेगडा डोटी
सुदुरपश्चिम प्रदेश, नेपाल

प.सं :
च.नं. :

धन्यवाद ज्ञापन

स्थानीय निकायलाई नेपालको संबिधान एवं स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएका अधिकार एबम् अन्य प्रचलित कानुनहरुको परीधि भित्र रहि स्थानीय स्रोत साधन एवं सम्पदाहरुको उचित व्यवस्थापन गर्ने कार्य अर्न्तगत आफ्ना क्षेत्रगत योजना निर्माण तथा कार्यान्वयन गर्ने अधिकार भए अनुरुप यस सायल गाउँपालिकामा जलउपयोग गुरुयोजना तथा जीविकोपार्जन कार्यान्वयन योजनाका विभिन्न खुट्किलाहरु सहभागितात्मक र समावेशी योजना प्रकृयाका माध्यमबाट सम्पन्न गर्दै गाउँपालिकाको गुरुयोजना तथा जीविकोपार्जन कार्यान्वयन योजनाको दस्तावेज तयार पार्न सफल भएका छौँ । गाउँपालिका क्षेत्र भित्र प्रत्येक वडामा सघन सामाजिक र प्राविधिक विश्लेषणको आधारमा तयार पारिएको यस गुरूयोजनाले खानेपानी, सिँचाई, उर्जा, वातावरण तथा पर्यावरण संरक्षण, स्वच्छता तथा सरसफाइ प्रवर्द्धनका साथै जीविकोपार्जन सम्बन्धित योजनाहरुलाई समाविष्ट गरेको छ । विद्यमान स्थितिसँग अवगत हुनु र भविष्यका लागि योजना तयार पार्नुले मात्र नागरिकका अपेक्षा सम्बोधन गर्न सक्दैन । योजनाको सफल कार्यान्वयन पक्षलाई समेत लाभ प्राप्तिका लागि उत्तिकै ध्यान दिनु जरुरी हुन्छ । यस सन्दर्भमा यस गाउँपालिकाको जलउपयोग गुरूयोजना तथा जीविकोपार्जन कार्यान्वयन योजना निर्माणमा संलग्न गाउँपालिकाका सर्म्पुण जननिर्वाचित प्रतिनिधिहरु, सम्पूर्ण राजनैतिक दल, समाजसेवी, बुद्धिजिबि, महिला, अगुवा कृषकहरु तथा गाउँपालिकाका कर्मचारीहरु लगायत गाउँपालिकामा क्रियाशिल बिभिन्न संघ-संस्था तथा आम जनसमुदायहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु । जलउपयोग गरूयोजना तथा जीविकोपार्जन कार्यान्वयन योजना निर्माणमा प्राविधिक तथा आर्थिक सहयोग सहित प्रतिवेदन तयार गर्नमा सहयोग गर्ने ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेश्रो चरण (Rural Vilage Water Resources Management Project, RVWRMP- III), गाउँपालिका लगायत सम्वद्ध संस्था तथा सम्बन्धित विज्ञहरुमा विशेष आभार प्रकट गर्न चाहन्छु ।

यस गाउँपालिकाले भविष्यमा आफ्नै स्रोतबाट सञ्चालन गर्ने जलस्रोत तथा जीविकोपार्जन सम्बन्धी योजनाहरु कार्यान्वयन गर्दा वा अन्य बाह्य निकायको सहयोगमा कार्यान्वयन गर्दा यस गुरुयोजनामा तय गरिएको प्राथमिकताक्रमको अनिवार्य रुपमा अनुशरण एवं पालना गर्ने तथा गराउने प्रतिबद्धता समेत व्यक्त गर्दछु । गाउँपालिका आफैले निर्माण गरेको जलउपयोग गुरूयोजनाको कार्यान्वयनमा समेत योजना निर्माणका समय जस्तै सरोकारवाला सम्पूर्ण महानुभावहरुको साथ सहयोग पाउनेमा आशातित हुँदै जलउपयोग गुरूयोजना तथा जीविकोपार्जन कार्यान्वयन योजनाको सफल कार्यान्वयनका लागि सम्पूर्णमा हार्दिक अपील गर्दछु ।



(तेज बहादुर डुम्रेल)
गाउँपालिका अध्यक्ष

विषय–सूची

१ अध्याय : परिचय..... १

१.१ जलउपयोग गुरुयोजनाको अवधारणा तथा परिचय 1

१.२ जलउपयोग गुरुयोजनाको उद्देश्यहरु 2

१.३ जीविकोपार्जन कार्यान्वयन योजनाको मुख्य दृष्टिकोण तथा उद्देश्यहरु..... 3

१.४ जलउपयोग गुरुयोजना र सुशासन..... 3

१.५ जलउपयोग गुरुयोजनाले समेट्ने क्षेत्र 3

१.६ जलउपयोग गुरुयोजना तयारी प्रकृया तथा चरणहरु 5

१.६.१ तयारी तथा पुर्व योजना तर्जुमा चरण..... 5

१.६.२ क्षमता विकास चरण 5

१.६.३ अध्ययन चरण..... 5

१.६.४ योजना तर्जुमा चरण..... 6

१.६.५ कार्यान्वयन चरण 6

१.७ जलउपयोग गुरुयोजना तयारीका सैद्धान्तिक आधारहरु 7

१.७.१ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रचलित कानुनहरु..... 7

१.७.२ गाउँपालिकाको जलउपयोग गुरुयोजना तर्जुमा प्रकृया 8

१.७.३ जलउपयोग गुरुयोजना र जीविकोपार्जन कार्यान्वयन योजना तयारीका मुख्य मितिहरु..... 9

२ अध्याय : गाउँपालिकाको पार्श्वचित्र.....११

२.१ अवस्थिति तथा भुगोल 11

२.२ गाउँपालिकाको जातिगत आधारमा घरधुरीहरुको विवरण 12

२.३ भु–उपयोग विवरण 13

२.४ प्रमुख खोलानालाहरु..... 14

२.५ जलउपयोग गुरुयोजनामा जलवायु परिवर्तन र जोखिम व्यवस्थापन..... 14

२.६ गाउँपालिकाको खाद्यान्न आपूर्तीको बर्तमान अवस्था 15

२.७ मौसमी पात्रो..... 16

२.८ स्थानीय दक्ष प्राविधिक जनशक्ति तथा मानव संसाधन..... 17

२.९ उपलब्ध सेवाकेन्द्र, कार्यालय तथा कार्यरत संघ संस्थाहरु..... 17

२.१० स्थानीय निर्माण सामग्रीहरु उपलब्धताको अवस्था 18

२.११ विद्यमान सामुदायिक संस्था तथा सहकारीहरुको बर्तमान अवस्था 18

३ अध्याय : विद्यमान जलस्रोतको अवस्था र प्रयोग १९

३.१ विद्यमान जलस्रोतहरुको विश्लेषण.....19

३.१.१ जलस्रोतको संख्या तथा प्रकारका आधारमा विश्लेषण.....20

३.१.२ जलस्रोतहरुको क्षमता आधारमा विश्लेषण.....20

३.१.३ जलस्रोतहरुको अवस्थितिका आधारमा विश्लेषण.....21

३.१.४ जलस्रोतहरुको गुणस्तरका आधारमा विश्लेषण.....22

३.१.५ जलस्रोतमा विवाद.....23

३.२ विद्यमान खानेपानी, सरसफाइ तथा स्वच्छताको अवस्था विश्लेषण.....23

३.२.१ विद्यमान खानेपानी योजनाहरु, लाभान्वित घरधुरी तथा सञ्चालन अवस्था.....23

३.२.२ विद्यमान खानेपानी योजनाहरुको संस्थागत तथा मर्मत सम्भार व्यवस्थापनको अवस्था.....23

३.२.३ गाउँपालिका स्तरीय सरसफाइ तथा स्वच्छताको विद्यमान अवस्था.....23

३.२.४ संस्थागत तथा विद्यालयहरुको खानेपानी, सरसफाइ तथा स्वच्छताको अवस्था.....24

३.२.५ स्वास्थ्य संस्था तथा क्लिनिक.....25

३.२.६ खानेपानीको वर्तमान अवस्था तथा पहुँच.....26

३.२.७ विद्यमान खानेपानी प्रयोगको सुविधास्तर विश्लेषण.....27

३.३ विद्यमान सिँचाई योजनाहरुको सञ्चालन तथा मर्मत सम्भारको अवस्था.....28

३.३.१ विद्यमान सिँचाइ योजनाहरुको सञ्चालन अवस्था तथा लाभान्वित घरधुरीहरु.....28

३.३.२ विद्यमान सिँचाई योजनाहरुको सस्थागत तथा मर्मत सम्भारको अवस्था.....29

३.३.३ विद्यमान बहुउदेश्यिय योजनाहरुको संचालन, सस्थागत तथा मर्मत सम्भारको अवस्था.....29

३.४ ग्रामीण जलउर्जा.....29

३.४.१ विद्यमान जलउर्जा तथा लाभान्वित क्षेत्रहरु.....29

३.४.२ विद्यमान जलउर्जा क्षेत्रका योजनाहरुको सञ्चालन तथा मर्मत सम्भारको अवस्था.....29

३.५ वैकल्पिक तथा नबिकरणीय उर्जा.....30

३.५.१ विद्यमान वैकल्पीक उर्जाको अवस्था.....30

३.५.२ वातावरण तथा पर्यावरण संरक्षणको विद्यमान अवस्था.....30

३.६ निर्माणाधिन जलस्रोत सम्वन्धी योजनाहरुको वर्तमान अवस्था.....31

४ अध्याय : परिकल्पना तथा रणनीति.....३२

४.१ गाउँपालिकाको क्षेत्रगत परिकल्पना तथा योजना छनौटका आधारहरु.....32

४.१.१ खानेपानी,सरसफाई तथा स्वच्छता क्षेत्रको आवधिक परिकल्पना तथा रणनीतिहरु.....32

४.१.२ सिँचाई तथा जिविकोपार्जन क्षेत्रको आवधिक परिकल्पना तथा रणनीतिहरु.....33

४.१.३ वातावरण तथा पर्यावरण क्षेत्रको आवधिक परिकल्पना तथा रणनीतिहरु 33
४.१.४ ग्रामीण जलउर्जा क्षेत्रको आवधिक परिकल्पना तथा रणनीतिहरु 34

५ अध्याय : जलउपयोग गुरुयोजना ३५

५.१ गाउँपालिकाको पञ्चवर्षीय तथा आवधिक योजना 35
५.१.१ बहुउपयोगी योजना प्रणाली 36
५.१.२ खानेपानी योजनाहरु 37
५.१.३ सिँचाई योजनाहरु 37
५.१.४ ग्रामीण उर्जा योजना 39
५.१.५ वातावरण तथा पर्यावरण 40
५.२ जलउपयोग गुरुयोजना कार्यान्वयन रणनीति 40
५.२.१ खानेपानी तथा सरसफाइ स्वच्छता रणनीति 40
५.२.२ गुरुयोजनाको कार्यान्वयनमा सुशासन तथा लैंगिक समावेशीकरण 41

६ अध्याय : जीविकोपार्जन कार्यान्वयन योजना ४३

६.१ सायल गाउँपालिकाको जीविकोपार्जन कार्यान्वयन आवधिक योजना 43
६.१.१ बस्तु तथा सेवा विकास र विस्तार क्षेत्रका क्रियाकलापहरु 43
६.१.२ उत्पादन सम्बन्धि क्षेत्रका क्रियाकलापहरु 45
६.१.३ व्यवसाय तथा उद्यमशिलता विकास सम्बन्धि क्रियाकलापहरु 46
६.१.४ बजार विकास तथा प्रवर्द्धन सम्बन्धि क्षेत्रका क्रियाकलापहरु 47
६.१.५ घरवारी व्यवस्थापन तथा सिंचाई योजना 48
६.१.६ व्यावसायिक खेती तथा उत्पादनाका लागि प्राथमिकीकरण गरिएका मुख्य बालिहरु 48
६.१.७ जिविकोपार्जन कार्यान्वयन योजना रणनीति 50

७ अध्याय : गुरुयोजनाको अनुगमन,कार्यान्वयन तथा बजारीकरण ५२

७.१ जलउपयोग गुरुयोजना कार्यान्वयन तथा अनुगमन 52
७.२ जलउपयोग गुरुयोजनाको अद्यावधि 52
७.३ जलउपयोग गुरुयोजना बजारीकरण तथा परिचालन रणनीति 52

संलग्न तालिकाहरुको सुची :

तालिका नं. १ : जलउपयोग गुरुयोजना तयारीका प्रमुख चरण तथा मितिहरु 10
तालिका नं. २ : गाउँपालिकाको जातिगत आधारमा घरधुरी विवरण 12
तालिका नं. ३ : गाउँपालिकाको वडागत रुपमा भु-उपयोग सम्बन्धी विवरण 14
तालिका नं. ४ : वडागत रुपमा खाद्यान्न आपूर्तिको अवस्था 16
तालिका नं. ५ : गाउँपालिकाका महिला र पुरुषहरुको मौसमी काममा व्यस्त हुने अवस्था 17
तालिका नं. ६ : वडागत रुपमा उपलब्ध स्थानीय दक्ष जनशक्तिहरुको विवरण 17
तालिका नं. ७ : वडागत रुपमा उपलब्ध स्थानीय सेवाकेन्द्रहरु 18
तालिका नं. ८ : वडागत रुपमा सामुदायिक संस्थाहरुको वर्तमान अवस्था 18
तालिका नं. ९ : वडागत रुपमा जलस्रोतहरुको प्रकारका आधारमा विश्लेषण 20
तालिका नं. १० : वडागत रुपमा पानीका **स्रोतहरु**को क्षमता विश्लेषण 21
तालिका नं. ११ : वडागत रुपमा जलस्रोतहरुको अवस्थिति विश्लेषण 22
तालिका नं. १२ : वडागत रुपमा जलस्रोतहरुको गुणस्तर विश्लेषण 22
तालिका नं. १३ : घरायसी सरसफाइ तथा स्वच्छताको विद्यमान अवस्था 24
तालिका नं. १४ : स्वास्थ्य संस्थावाट उपचार तथा परामर्श लिएका विरामी संख्या र रोगहरुको अवस्था 25
तालिका नं. १५ : वडागत रुपमा खानेपानी उपयोगको वर्तमान अवस्था 26
तालिका नं. १६ : खानेपानीको विद्यमान सुविधास्तर वर्गिकरण तथा विश्लेषण गर्ने सूचकहरु 27
तालिका नं. १७ : गाउँपालिकाको आधार बर्ष र गुरुयोजना समायोजन समयको घरधुरी र सुविधास्तर 28
तालिका नं. १८ : गाउँपालिकाको वडागत रुपमा वैकल्पिक उर्जा प्रयोगको विद्यमान अवस्था 30
तालिका नं. १९ : निर्माणाधिन योजनाहरु र लाभान्वित घरधुरी विवरण 31
तालिका नं. २० : पंञ्चबर्षीय योजनाहरुको सारांश विवरण 36
तालिका नं. २१ : प्रस्तवित बहुउपयोगी योजनाहरुको विवरण 36
तालिका नं. २२ : प्रस्तवित खानेपानी योजनाहरुको विवरण 37
तालिका नं. २३ : प्रस्तवित सिँचाई कुलो योजनाहरुको विवरण 38
तालिका नं. २४ : प्रस्तवित लघु सिँचाई योजनाहरुको विवरण 38
तालिका नं. २५ : प्रस्तवित लघुजलविद्युत् क्षेत्रका योजनाहरुको विवरण 39
तालिका नं. २६ : प्रस्तवित सुघारिएको पानीघट्ट क्षेत्रका योजनाहरुको विवरण 39
तालिका नं. २७ : प्रस्तावित बातावरण तथा पर्यावरण क्षेत्रका योजनाहरुको विवरण 40
तालिका नं. २८ : पालिकाको समग्र जीविकोपार्जनको पञ्चवर्षिय योजना विवरण 43
तालिका नं. २९ : पालिकाको बस्तु तथा सेवा विकास र विस्तारको पञ्चवर्षिय योजना विवरण 44
तालिका नं. ३० : गाउँपालिकाको बस्तु र सेवा विकास सम्बन्धि पञ्चवर्षिय योजनाको वडागत विवरण 44
तालिका नं. ३१ : गाउँपलिकाको जीविकोपार्जनका सम्बन्धि कृषिमा आधारित समग्र योजनाको विवरण 45
तालिका नं. ३२ : गाउँपलिकाको जीविकोपार्जनका सम्बन्धि कृषिमा आधारित योजनाको वडागत विवरण 45
तालिका नं. ३३ : गाउँपलिकाको व्यवसाय तथा उद्यमशिलता विकास सम्बन्धि योजनाको विवरण 46
तालिका नं. ३४ : गाउँपलिकाको पालिकाको बजार विकास तथा प्रवर्द्धन पञ्चवर्षिय योजना विवरण 47
तालिका नं. ३५ : गाउँपलिकाको बजार विकास तथा प्रवर्द्धन सहजताको आधारमा स्थान वा वडागत योजना विवरण 47
तालिका नं. ३६ : गाउँपलिकाको घरबारी व्यवस्थापन सम्बन्धि लक्ष 48
तालिका नं. ३७ : व्यवसायिक उत्पादनका लागि वडा अनुसार प्राथमिकिकरण गरिएका मुख्य बालिहरु 49

संलग्न चित्रहरुको सुची

चित्र नं. १ : जलउपयोग गुरुयोजना तथा जलस्रोत व्यवस्थापनकुर्सी 4
चित्र नं. २ : जलउपयोग गुरुयोजना तयारीका मुख्य चरण तथा खुड्किलाहरु 7
चित्र नं. ३ : गाउँपालिकाको जातिगत आधारमा घरधुरी विश्लेषण 12
चित्र नं. ४ : गाउँपालिकाको भु-उपयोग सम्बन्धि विष्लेशण 13
चित्र नं. ५ : गाउँपालिकाको भु-उपयोगको अवस्था विश्लेषण 13
चित्र नं. ६ : गाउँपालिकाको खाद्यान्न आपुर्तिको अवस्था बिष्लेशण 15
चित्र नं. ७ : गाउँपालिकाका मानिसहरुको मौसमी काममा व्यस्त हुने अवस्था 16
चित्र नं. ८ : गाउँपालिकामा उपलब्ध जलस्रोतहरुको अवस्था विश्लेषण 19
चित्र नं. ९ : जलस्रोतहरुको उलब्धता र प्रकारका आधामा विश्लेषण 20
चित्र नं. १० : जलस्रोतहरुमा उपलब्ध पानीको परिमाण विश्लेषण 20
चित्र नं. ११ : जलस्रोतहरुको अवस्थिति तथा उचाइका (मि) आधारमा विश्लेषण 21
चित्र नं. १२ : जलस्रोतहरुमा उपलब्ध पानीको गुणस्तर विश्लेषण 22
चित्र न. १३ : बिभिन्न रोगहरु सम्बन्धी स्वास्थ्य संस्थाहरुको तथ्यांक बिश्लेषण 25
चित्र नं. १४ : गाउँपालिकाको विद्यमान खानेपानीको अवस्था विश्लेषण 26
चित्र नं. १५ : घरधुरीहरुको बद्यमान खानेपानीको सुबिधास्तर विश्लेषण 28
चित्र न. १६ : क्षेत्रगत योजनाहरुको अनुमानित लागत तथा प्रस्तावित घरधुरी विवरण 35

संलग्न अनुसूचिहरुको सुची

अनुसूचि नं. १ टोल स्तरीय जनसंख्या तथा घरधुरीहरुको विवरण
अनुसूचि नं. २ टोल अनुसार कृषि तथा अन्य पेशागत विवरण
अनुसूचि नं. ३ टोल स्तरीय सरसफाइको बिद्यमन अवस्था
अनुसूचि नं. ४ विद्यमान सामुदायिक संस्थाहरुको हालको अवस्था
अनुसूचि नं. ५ विद्यमान सहकारी संस्थाहरुको बर्तमान सञ्चालन अवस्था
अनुसूचि नं. ६ विद्यमान विद्यालय तथा संस्थागत सरसफाई र खानेपानीको वर्तमान अवस्था
अनुसूचि नं. ७ विद्यमान जलस्रोतहरुको क्षमता, प्रकार, अवस्थिती लगायतको विस्तृत विवरण
अनुसूचि नं. ८ स्वाथ्यचौकी बाट प्राप्त स्वास्थ्य सम्बन्धि विवरण
अनुसूचि नं. ९ गाउँपालिकामा विभिन्न स्थानीय सामाग्रीहरुको उपलब्धताको अवस्था
अनुसूचि नं. १० टोल अनुसार खानेपानी प्रयोगको बर्तमान अवस्था
अनुसूचि नं. ११ टोल अनुसार खानेपानी बर्तमान सुविधास्तर तथा कठिनता विष्लेषण
अनुसूचि नं. १२ विद्यमान खानेपानी योजनाहरुको सञ्चालन अवस्था
अनुसूचि नं. १३ विद्यमान खानेपानी योजनाहरुको मर्मत सम्भार तथा संस्थागत अवस्था
अनुसूचि नं. १४ विद्यमान परम्परागत सिँचाइकुलो योजनाहरुको सञ्चालन तथा व्यवस्थापन को अवस्था
अनुसूचि नं. १५ विद्यमान लघु सिँचाई योजनाहरुको सञ्चालन तथा व्यवस्थापन को अवस्था
अनुसूचि नं. १६ विद्यमान सुधारिएको तथा परम्परागत घट्ट योजनाहरुको वर्तमान सञ्चालन अवस्था
अनुसूचि नं. १७ विद्यमान लघुजलबिधुत् योजनाहरुको हालको सञ्चालन तथा मर्मत सम्भारको अवस्था

अनुसूचि नं. १८ विद्यमान बहुउद्देश्यीय योजनाहरुको हालको सञ्चालन तथा मर्मत सम्भारको अवस्था
अनुसूचि नं. १९ निर्माणाधिन जलश्रोत सम्बन्धि योजनाको बर्तमान अवस्था
अनुसूचि नं. २० तर्जुमा गरिएका बहुउयउपयोगी योजनाहरुको प्राथमिकताक्रम अनुसारको सुचि
अनुसूचि नं. २१ तर्जुमा गरिएका खानेपानी योजनाहरुको प्राथमिकताक्रम अनुसारको सुचि
अनुसूचि नं. २२ तर्जुमा गरिएका परम्परागत सिँचाइ योजनाहरुको प्राथमिकताक्रम अनुसारको सुचि
अनुसूचि नं. २३ तर्जुमा गरिएका आधुनिक तथा लघु सिँचाइ योजनाहरुको प्राथमिकताक्रम अनुसारको सुचि
अनुसूचि नं. २४ तर्जुमा गरिएका लघुजलबिधुत् योजनाहरुको प्राथमिकताक्रम अनुसारको सुचि
अनुसूचि नं. २५ तर्जुमा गरिएका सुधारीएको पानीघट्ट प्राथमिकता क्रम योजनाहरुको सुचि
अनुसूचि नं. २६ तर्जुमा गरिएका बातावरण तथा जलबायु परिवर्तन अनुकुलन सम्बन्धीयोजनाहरुको सुचि

१ अध्याय : परिचय

१.१ जलउपयोग गुरुयोजनाको अवधारणा तथा परिचय

नेपालको संबिधान २०७२ बाट प्राप्त अधिकार, स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा उल्लेखित अधिकार क्षेत्रहरु, दीगो विकास लक्ष्य (सन् २०१६–२०३०) क्षेत्रगत विकास योजनाहरु, राष्ट्रिय तथा अन्तराष्ट्रिय लक्ष्यहरुलाई प्राप्त गर्न र प्रभावकारी जलस्रोत व्यवस्थापनद्वारा नागरिकको मौलिक अधिकार सुरक्षण गर्न व्यवस्थित योजना तर्जुमा गर्न आवश्यक देखिन्छ ।

नेपालको संबिधान तथा अन्य कानुनी प्राबधान :

संबिधानको भाग-३ मा रहेको मौलिक हक र कर्तव्यमा उल्लेखित

- धारा ३० को उपधारा १ मा स्वच्छ वातावरणको हकमा " प्रत्येक नागरिकलाइ स्वच्छ र स्वस्थ वातावरणमा बाच्न पाउने हक हुनेछ "
- धारा ३ : उपधारा ४ मा स्वास्थ्य सम्वन्धी हकमा "प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ"

स्थानीय तहको अधिकारको सूचीमा :

- खानेपानी, साना जलबिधुत आयोजना, बैकल्पीक उर्जा भनी उल्लेखित छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ :

-परिच्छेद–६, योजना तर्जुमा तथा कार्यान्वयन, २४ मा योजना बनाई कार्यान्वयन गर्ने: " गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, बार्षिक, रणनीतिगत बिषय क्षेत्रगत योजना बनाई कार्यान्वय गर्नु पर्नेछ " भनी उल्लेख गरेको ।

जलउपयोग गुरुयोजना परिचय:

कुनै निश्चित स्थानमा उपलब्ध पानीका स्रोतहरुको विकास र न्यायोचित तथा समतामूलक वितरण गर्नका लागि समुदायकै सहभागितामा तयार गरिने जलस्रोत क्षेत्रको आवधिक योजना जलउपयोग गुरुयोजना हो । जलउपयोग गुरुयोजनामा उपलब्ध जलस्रोतहरु बिश्लेषण, लागत अनुमान, सहयोगी सरोकारवाला पहिचान गर्नुका साथै लगानी नीति, लक्ष्य, परिकल्पना समेत समेटिन्छ । गुरुयोजना समुदायको क्षमता विकास गर्न, स्रोतहरुको विबेकपूर्ण उपयोग गर्न, वातावरण संरक्षण गर्न, पानीको बहुउपयोगीता गर्न, जलस्रोत सम्बन्धी विबाद समाधान गर्नका साथै सुशासन कायम गरि संस्थागत क्षमता अभिबृद्धी गर्न समेतका लागि क्षेत्रगत योजना तर्जुमाको दीर्घकालिन औजारका रुपमा लिन सकिन्छ ।

१९९२ मा रियोदिजनरियोमा सम्पन्न सयुक्त राष्ट्र संघका वातावरण र विकास सम्मेलनको एजेण्डा २१ मा एकीकृत जलस्रोत व्यवस्थापन सम्बन्धी अवधारणालाई अनुमोदन गरेको । उक्त सम्मेलनले एकीकृत जलस्रोतको सिद्धान्त भनि निम्न बुदाँ पारित गरेको छ :

- शुद्ध पानी सिमित र जोखिमपूर्ण अवस्थामा रहेको छ, जुन बाँच्न विकास गर्न तथा वातावरणीय दृष्टीकोणले अत्यावश्यक छ ।
- पानीको विकास र व्यवस्थापन सहभागितात्मक विधिको आधारमा हुनु पर्छ जसले उपभोक्ता, योजनाविद्, नीति निर्मातालाई समाहित गर्दछ ।
- पानीको सुरक्षात्मक व्यवस्थापनमा महिलाहरुको भुमिका महत्वपुर्ण हुन्छ ।
- पानी सामुदायिक बस्तु हुनुका साथै यसको सामाजिक र आर्थिक रुपले उच्च महत्व रहेको छ ।

यसरी संबिधान, ऐन नियमावलिहरुले गरेका प्रवन्ध तथा दीगो विकास लक्ष्यहरू हासिल गर्नमा जलउपयोग गुरुयोजनाले गाउँपालिकाहरुलाई एकिकृत जलस्रोत व्यवस्थापन गर्न योगदान पुर्‍याउने देखिएको छ । यसका अतिरिक्त गुरुयोजनाको कार्यान्वयन पश्चात् जलवायु परिवर्तन तथा सेवाहरूको न्यायोचित वितरण तथा सेवाहरूमा विद्यमान असमानता घटाउन सहयोग पुऱ्याउनुका साथै स्थानीय स्तरमा उन्नत जीविकोपार्जनका अवसरहरूमा सुधार हुने बिश्वास गरिएको छ । नेपाल सरकारको नीति नियमहरु, अन्तर्राष्ट्रिय स्तरमा जनाएका प्रतिवद्धता तथा छलफल, एकीकृत जलस्रोत व्यवस्थापन कार्यक्रम र यस क्षेत्रमा प्राप्त भएको अनुभवका आधारमा हेल्भटास स्विस इन्टर कोपरेशन नेपालले सन २००१ देखि नै जलउपयोग गुरुयोजना (Water Use Mater Plan) का पद्धतिहरुलाइ अगाल्दै आएको छ भने यसको महत्व र प्रभावकारितालाई वुझेर अन्य संस्थाहरुले पनि अनुसरण गर्दै आएका छन् । त्यस्तै नेपाल सरकार र फिनल्याण्ड सरकारको संयुक्त सहयोगमा सञ्चालित ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना (Rural Village Water Resources Management Project) ले सन् २००६ देखि नै जलउपयोग गुरुयोजनालाई परियोजना क्रियाकलापको आधार बिन्दु मान्दै स्थानीय निकायहरुमा परियोजनाका क्रियाकलापहरु सञ्चालन गर्दै आएको छ । हाल सम्म नेपालमा विभिन्न संघ संस्था मार्फत साविकका दर्जनौ गाविसहरुमा जलउपयोग गुरुयोजना तयार भई सफल कार्यान्वयनमा आएका छन् । जलउपयोग गुरुयोजनाको सफल सिकाईका आधारमा हाल एशिया तथा अफ्रिकी मूलुकका केही देशहरुमा समेत लोकप्रिय बन्दै गईरहेको छ । जलस्रोतको योजना तयार गर्न गुरुयोजना एक एकीकृत, सहभागितात्मक र समावेशी

प्रकृया हो । यो प्रकृयाले स्थानीय स्तरमा पानीको प्रयाप्तता र पानीको आवश्यकतालाइ सुनिश्चित गर्दछ । साथै स्थानीय समुदायमा पिछडिएका समुहहरुलाई आफनो समुदाय वा समुदाय समुदायका बीचमा पानीको समानुपातिक वितरणको लागि अधिकार र शसक्तिकरणको लागि साझा थलो प्रदान गर्दछ ।

पानीको उपलब्धता र मात्रा सम्बन्धित भुगोल अनुसार फरक फरक हुन सक्छ । जसले समय समयमा यसका विविध उपयोग र स्वामित्वलाइ लिएर उपभोक्ताहरु बीच वैमनश्यता, विवाद र कहिले काही संघर्षका स्थिति समेत उत्पन्न हुने गरेको देखिन्छ । तसर्थ दीगाो विकासका लागि जलस्रोत विकासका विभिन्न क्षेत्रहरु जस्तैः खानेपानी, सिँचाई, जलविद्युत, वातावरण तथा पर्यावरण आदि संग संगै र एक अर्कालाइ सहयोग पुर्‍याउने किसिमले लैजानुपर्ने हुन्छ । यसरी गाँउपालिका क्षेत्र भित्र जल क्षेत्रका सम्पुर्ण आवश्यकताहरु संग संगै सम्बोधन गर्न, जलस्रोतका विविध पक्षहरुबीच सामन्जस्यता कायम गर्न र पर्यावरणमा सन्तुलन कायम गर्न एकीकृत जलस्रोत व्यवस्थापनको समष्टिगत अवधारणालाइ अवलम्वन गरि सहभागिता मूलक योजना तर्जुमा गर्नु आवश्यक देखिन्छ ।

राज्यको पुर्नसंरचना पश्चात निर्माण गरिएका पालिकाहरुको अधिकार क्षेत्र, नागरिकका अपेक्षा तथा संबिधानले गरेको परिकल्पना परिपूर्ति गर्न जलउपयोग गुरुयोजनामा आधारित योजनाकार्यान्वयनको सफल इतिहाँसले पालिकाहरुको क्षेत्रगतपरिकल्पना साकार पार्न अझै भुमिका खेल्ने देखिन्छ । एकिकृत जलस्रोत व्यवस्थापन को समग्र पक्षहरुको बिश्लेषण, स्पष्ट कार्यान्वयन सम्बन्धी परिकल्पना सहितको लक्ष्य र गुरुयोजना निर्माणमा प्रयोग गरिएका सान्दर्भिक औजारहरु तथा सरोकारवालाहरुसंगको समन्वय तथा साझेदारिले भविष्यमा योजना कार्यान्वयन समेत सफल हुनुका साथै पालिकामा यस क्षेत्रको दीगाो विकास हुने प्रवल सम्भावना देखिन्छ ।

१.२ जलउपयोग गुरुयोजनाको उद्देश्यहरु

जलउपयोग गुरुयोजनाको उद्देश्य भनेको स्थानीय स्तरमा जलस्रोतको प्रभावकारी, समानुपातिक, पार्रदर्शी र दक्ष रुपले पानीको बहुउपयोग गर्न एकीकृत योजनाको विकास गर्नु हो । यस योजनाले आफ्नो समुदायभित्र र समुदाय–समुदायका बीचमा जलस्रोतको सही उपयोग, समानुपातिक वितरण तथा बाँडफाड मार्फत दीगाो रुपमा सवै प्रकारका आवश्यकताहरु पुरा गर्न सुनिश्चितता प्रदान गर्दछ ।

जलउपयोग गुरुयोजनाका विशिष्ट उद्देश्यहरु यसप्रकार छन

- सम्वन्धित भूगोल भित्रको बस्तु स्थिति पत्ता लगाउनुका साथै जलस्रोतसंग सम्वन्धित सुचना तथा सुविधाहरु पहिचान गर्ने ।
- पानीका उपलब्ध सबै स्रोतहरुको विश्लेषण गरी स्रोतहरुको न्यायोचित र विबेकपुर्ण वितरण गर्ने साथै योजना प्रति अपनत्वको भावनाको विकास गरी निर्मित संरचनाहरुलाई दीगाो बनाउन ।
- जलस्रोतहरुको बहुउपयोग गर्नको लागि अल्पकालिन, मध्यकालिन र दीर्घकालिन योजना तय गरि यस क्षेत्रमा दीर्घकालिन लगानी प्राप्त गर्ने ।
- वातावरणीय दीगोपनाको साथै जल सम्बन्धी भौतिक पुर्वाधारहरु र तिनको दीगो व्यवस्थापनको संस्थागत र वित्तीय व्यवस्थापन सुनिश्चित गर्न ।
- जलस्रोत क्षेत्रको लगानी नीति तथा दुरदृष्टी (VISION) निर्माण गरि लक्ष्य हासिल गर्न आन्तरिक तथा बाह्य स्रोत तथा सरोकारवाला पहिचान गर्न ।
- पालिका स्तरका जलस्रोत र यस सँग सम्बन्धित प्राकृतिक **स्रोतहरु**को संरक्षण गर्न, पालिकालाई पूर्ण सरसफाइ र स्वच्छता प्रवर्द्धन गर्ने ।
- जलश्रोत, सरसफाइ र स्वच्छताको क्षेत्रमा पारदर्शीता, सहभागिता र जवाफदेहिताको अभ्यासको माध्यमवाट सुशासन प्रवर्द्धन गर्ने ।

१.३ जीविकोपार्जन कार्यान्वयन योजनाको मुख्य दृष्टिकोण तथा उद्देश्यहरु

समुदायको जीविकोपार्जन सुधार तथा आय आर्जन बृद्धिको लागि ब्यवसाय तथा उद्यमशिलता विकास र प्रवर्द्धन महत्वपूर्ण क्षेत्रको रुपमा रहेको छ । उत्पादनका **स्रोतहरु**को उपलब्धता, कच्चा पदार्थको सहज उपलब्धता, प्रविधिसँग सम्बन्धित ज्ञानको प्रयाप्तता, सिपको विकास, बजारको उपलब्धता जस्ता कुराहरुले ब्यवसाय तथा उद्यमलाई प्रभाव पारेको हुन्छ । यसप्रकार जीविकोपार्जन कार्यन्वयन योजनाले समुदायमा विद्यमान रहेको स्रोत साधनहरुको पहिचान, सहक्षेत्र विश्लेषण तथा खडकिएका अभावहरु तथा समस्याहरुको पहिचान गरि भावि कार्यान्वयनमा सहजता ल्याउछ ।

जीविकोपार्जन कार्यान्वयन योजनाका विशिष्ट उद्देश्यहरु यसप्रकार छन् :

- यसले समुदायमा विद्यमान रहेका स्थानीय स्रोत साधनहरुको पहिचान तथा सम्भाब्यता अध्ययन गरी भावि कार्यान्वयनको मार्गदर्शन प्राप्त गर्दछ ।
- समुदायलाई स्थानीय स्रोत साधनहरुको उपयोगिता, त्यसको परिचालन तथा महत्वको बोध गराउने ।
- सम्भावित सह क्षेत्रहरुको विश्लेषण गरी भावि कार्यान्वयनका लागि सम्भावित क्रियाकलापहरुको प्राथमीकता क्रम तय गरी कार्यान्वयनको पाटोमा सहजता ल्याउने ।
- समुदायलाई जीविकोपार्जन क्षेत्रको आवधिक परिकल्पना तथा लक्ष निर्धारणमा सहयोग पुर्याउने
- समुदायलाई स्रोत साधनहरु लगायत क्षेत्रगत लगानी जुटाउनमा सहजता ल्याउने
- सरोकारबालाहरुलाई निर्विबादित बातावरणमा लगानी गर्न तथा क्रियाकलापहरु कर्यान्वयनमा सहजता हुने ।

१.४ जलउपयोग गुरुयोजना र सुशासन

जलउपयोग गुरुयोजना जलश्रोत, सरसफाइ र स्वच्छताको क्षेत्रमा सुशासन प्रवर्द्धन गर्ने एउटा प्रभावकारी प्रकृया एवं औजार हो । जलउपयोग गुरुयोजना तर्जुमा प्रकृया समष्टीगतरुपमा पारदर्शीता, सहभागिता र जवाफदेहिताको अभ्यास हो । यसले लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणलाई विशेष जोड दिएको छ । जलउपयोग गुरुयोजनाको तर्जुमा सम्बन्धित पालिकामा बसोवास गर्ने सबै घरधुरीको सहभागितामा गठित पालिका स्तरीय मूल समिति र वडा स्तरीय उप समितिहरुले गर्दछन । यी समितिहरुले नै आ–आफ्नो क्षेत्रमा जलउपयोग गुरुयोजना तर्जुमाको लागि समन्वय, सामाजिक परिचालन र नेतृत्व गर्दछन । यी सबै समितिहरुमा उक्त क्षेत्रमा बसोवास गर्ने महिला तथा बिभिन्न जातजातीहरुको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरिएको हुन्छ ।

जलउपयोग गुरुयोजना तर्जुमा गर्ने क्रममा पालिका भित्र रहेका जलस्रोतहरुको पहिचान र तिनलाई के मा उपयोग गर्ने भन्ने निर्णय पालिका भित्र बसोवास गर्ने सबैको सहभागितामा गरिन्छ । यस्तो निर्णय प्रकृयामा सम्भव भए सम्म प्रत्येक घरधुरीवाट कम्तिमा पनि एक जना महिला र एक जना पुरुष सदस्य सहभागी हुनु पर्ने प्रावधान गरिएको छ । यस योजनामा जलस्रोत र सरसफाइको क्षेत्रमा कार्यान्वयन गरिने परियोजनाहरुको निर्विबादित प्राथमिकताक्रम तोकिएको हुन्छ । उक्त प्राथमिकताक्रम अनुसार परियोजनाहरुको परिचालन तथा कार्यान्वयन गर्न गराउन सम्बन्धित पालिकाले सक्रिय भुमिका निर्वाह गर्नेछ । जलउपयोग गुरुयोजना तर्जुमा लागि स्पष्ट रुपमा परिभाषित चार वटा चरणका १७ वटा खुड्डकिलाहरु छन । प्रत्येक खुड्डकिलामा के के क्रियाकलापहरु गरिन्छ र को को सहभागि हुन्छन् भन्ने कुरा सम्बन्धित सबैलाई अग्रीम जानकारी गराइन्छ ।

१.५ जलउपयोग गुरुयोजनाले समेट्ने क्षेत्र

कुनै निश्चित क्षेत्र भित्र अवस्थित पानीका **स्रोतहरु** (पृथ्बीको सतह माथी वा सतहका वा सतह भित्रका) को **व्यवस्थापन**गरी दीगो उपयोग गर्न गुरुयोजनाले समटने क्षेत्रहरुलाई जलस्रोत **व्यवस्थापन**कुर्सीका माध्यमबाट ब्याख्या गर्ने गरिन्छ

- **जलस्रोत व्यवस्थापनकुर्सी :** जलउपयोग गुरुयोजनालाई विद्यमान कानुनी प्रावधानहरु अनुसार निर्माण गर्न तथा गुरुयोजना तयारीलाई सहज बनाउनुका साथै योजना निर्माण प्रकृयालाई ब्यवस्थित रुपमा सञ्चालन गर्नका लागि जलउपयोग **व्यवस्थापन**कुर्सिको अवधारणालाई अवलम्बन गरिएको छ । यो अवधारणा सरोकारवालाहरुको

बुझाईमा एकरुपता ल्याउन निकै प्रभावशाली औजारका रुपमा रहेको छ । जलस्रोत **व्यवस्थापन**कुर्सीले औल्याएका र गुरुयोजनाले समट्ने ४ (चार) वटा क्षेत्रहरुको चर्चा तल गरिएको छ ।

- **खानेपानी तथा सरसफाइ :** खानेपानीका योजनाहरु (नयाँ, मर्मत, पुर्ननिर्माण, सेवा बिस्तार र सतह, भुमिगत, बर्षात आदि),स्रोत सुधार तथा संरक्षण, स्वच्छता, सरसफाइ र चर्पी निर्माण, व्यक्तिगत, घरेलु तथा वातावरणीय सरसफाई खुला दिसा मुक्त तथा पूर्ण सरसफाइ योजना र योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार रणनीति आदि ।

- **सिँचाई तथा निकास :** परम्परागत कुलो सिँचाई योजना र लघु तथा आधुनिक पोखरि सिँचाई योजनाहरु र ढल निकास । परम्परागत सिँचाई (कुलो,नहर) प्रणाली हालको सिँचाई प्रणालीहरुको मर्मत सम्भार तथा पुनःनिर्माण आदि । आधुनिक सिँचाई (फोहरा सिँचाइ, थोपा सिँचाई, प्लाष्टिक पोखरी) करेसाबारीको लागि लघु सिँचाई, खेर जाने पानीको उचित निकास तथा घरवारी व्यवस्थापनमा प्रयोग ।

- **वातावरण तथा पर्यावरण :** स्रोतसुधार तथा संरक्षण, स्रोतहरुको पुर्नभरण, पुनर्धारण तथा पुनप्रयोग क्रियाकलापहरु, बर्षातको पानी संकलन, विभिन्न पोखरीहरु निर्माण तथा (मनोरञ्जनात्मक र धार्मिक, माछापोखरी, आहाल), बन व्यवस्थापन, चरन क्षेत्रहरुको व्यवस्थित विकास, पाखो तथा गह्रा सुधार, नदी नियन्त्रण, पहिरो नियन्त्रण, वातावरणीय सरसफाइ आदि ।

- **जलशक्ति र अन्य :** परम्परागत तथा सुधारिएको पानीघट्ट, साना जलविद्युत उत्पादन आदि । पानीमिल, सुधारिएको घट्ट, घरेलु उद्योगका लागि पानी, लघु जलविद्युत योजना, माछा पोखरी, जनावरका लागि पानी, धार्मिक प्रयोजनका एवं जलक्रिडास्थलका लागि पानी, उन्नत स्तरको जीविकोपार्जन लघुवित्त विकास (सामुदायिक संस्था र सहकारी)



चित्र नं. १ : जलउपयोग गुरुयोजना तथा जलस्रोत **व्यवस्थापन**कुर्सी

१.६ जलउपयोग गुरुयोजना तयारी प्रकृया तथा चरणहरु

जलउपयोग गुरुयोजनाको अन्तिम प्रतिवेदन पालिकास्तरमा गरिएका श्रृंखलावद्ध क्रियाकलापहरुको नतिजा हो । यी क्रियाकलापहरुमा फिल्डस्तरमा गरिएका क्रियाकलापहरु, कार्यालयमा गरिएका अध्ययनहरु, संस्थागत विकासका कार्यहरु र क्षमता विकासका क्रियाकलापहरु पर्दछन् । फिल्डमा गरिएका कार्यहरुमा प्राथमिक तथ्याङ्क संकलन जस्तै जनसंख्या, स्वास्थ्य, सरसफाई, पानीका स्रोतहरु, विद्यमान सुविधा तथा योजनाहरुको विवरण आदि । यस्तै संस्थागत विकास कार्यमा विभिन्न संस्था, समिति तथा निकायहरुको जानकारी पर्दछन् । यस्तै क्षमता विकासमा विभिन्न तहमा उपलव्ध गराइएका औपचारिक तालिमहरु, भेलाहरु तथा जनचेतना अभिवृद्धिका क्रियाकलापहरु पर्दछन् । गुरुयोजना तयारी कार्यलाई एकरुप वनाउन तथा यस कार्यमा समुदायको सहभागिता सुनिश्चित गर्न चरणवद्ध कार्यपद्धति निर्माण गरि कार्यान्वयनमा ल्याईएको छ । यस प्रक्रियामा निम्न अनुसारका पाँचवटा चरण अन्तर्गत १७ वटा खुड्किलामा आधारित रही जलउपयोग गुरुयोजनाको कार्य सम्पादन गरिन्छ ।

१.६.१ तयारी तथा पुर्व योजना तर्जुमा चरण

जलउपयोग गुरुयोजनाको प्रारम्भिक चरण भित्र स्थानीय तह (गाउँपालिका र नगरपालिका) हरुको आवश्यकता, उत्सुकता, लगानी प्रतिबद्धता आदिमा आधारित भई स्थानीय तह छनौट गर्ने , स्थानीय तहहरु सँग गुरुयोजना निर्माण र प्राबिधिक सहयोगका लागि सम्झौता, परामर्श बैठक र अर्न्तक्रिया लगायत सेवा प्रदायक संस्था र व्यक्ति छनौट तथा तालिम लगातयका क्रियाकलापहरु गरिन्छन् ।

१.६.२ क्षमता विकास चरण

जलउपयोग गुरुयोजना तयारीका सम्पुर्ण कार्यहरुको अगुवाई तथा नेतृत्व सबै स्थानीय तह (गाउँपालिका र नगरपालिका) बाट गर्नुपर्ने भएको हुदा यस चरणमा जलउपयोग गुरुयोजना तयारीका लागि स्थानीय स्तरमा बिभिन्न सरोकारवालाहरुको क्षमता विकास गर्ने कार्यहरु गरिन्छन । जस अर्न्तगत गाउँपालिका र नगरपालिका स्तरमा जलउपयोग गुरुयोजना सम्बन्धी परामर्श गोष्ठी तथा अभिमुखिकरण, वडा स्तरमा जलउपयोग गुरुयोजना तयारी प्रक्रिया सम्बन्धी परामर्श बैठक र अभिमुखिकरण गोष्ठी, वडा तहमा दलित, महिला तथा पिछडिएका बर्गहरुको लागि क्षमता विकास तालिम, उप-जलाधार स्तरीय गुरुयोजना तथ्याङ्क संकलनमा समन्वय र सहयोग गर्न स्वयम् सेवी सहजकर्ता छनोट, बिभिन्न प्राबिधिक समितिहरु गठन तथा अभिमुखिकरण बैठक र अन्तरक्रिया आदी क्रियाकलापहरु गरिन्छ । यो चरणमा अध्ययन चरणमा सम्पादन गरिने क्रियाकलापहरु सम्बन्धी विस्तृत कार्ययोजना तयार गरिन्छ ।

१.६.३ अध्ययन चरण

यस चरणमा क्षमता विकास चरणमा तयार गरिएको कार्ययोजनामा आधारित भई उप-जलाधार क्षेत्र स्तरीय **PRA** भेला र बैठकहरुका माध्ययमबाट सामाजिक स्रोत नक्सांकनको कार्य गर्नुका साथै सो क्षेत्रको विद्यमान अवस्था पहिचान गर्नुको लागि गहन रुपले सामाजिक र प्राविधिक अध्ययन गर्ने जस्ता कार्य सम्पादन गरिन्छन । उक्त कार्यहरुको लागि प्रत्येक जलाधार क्षेत्रमा ३ देखि ५ दिन सम्म (भौगोलिक कठिनता तथा घरधुरी संख्या र अवस्थिति अनुसार फरक पर्न सक्ने) सामाजिक र प्राविधिक क्षेत्रका कर्मचारिहरु छुट्टा छुट्टै टोली तयार गरी उक्त क्षेत्रका लागि समन्वय गर्न तोकिएका स्वंम सेवीहरुको सहयोगमा विद्यमान तथ्याङ्क संकलन एवं अवस्था विश्लेषण कार्यमा संग्लग्न हुन्छन् । यस कार्यमा उक्त उप-जलाधार क्षेत्र भित्रका सम्पुर्ण टोल तथा वस्तीहरुको घरधुरी सहितको तथ्याङ्क, विद्यमान खानेपानी तथा सरसफाइको तथ्याङ्क, निर्माण सम्पन्न एवं चालु अवस्थामा रहेका जलस्रोतसंग सम्बन्धित सबै क्षेत्रका योजनाहरुको तथ्याङ्क संकलन एवं सञ्चालन अवस्था विश्लेषण, विद्यमान पानीका **स्रोतहरु**को सूची तयार र क्षमता मापन तथा सम्भावित प्रयोग हुन सक्ने क्षेत्रहरुको पुर्बानुमान एबं पहिचान लगायत सो क्षेत्र भित्रका सम्पुर्ण संघसंस्थाहरुको खानेपानी सरसफाई तथा स्वच्छताको तथ्याङ्कहरु संकलन गरी निश्चित ढाँचाका फारमहरुमा भरी हरेक क्षेत्रको अवस्था विश्लेषण गर्ने कार्य गरिन्छ । यो चरण भित्र आवश्यकता अनुसार स्थानीय तहका प्राविधिक समिति सदस्यहरु, पालिका भित्र कार्यरत जलस्रोत सम्बद्ध क्रियाशिल शाखाहरु, गै.स.स.हरुसँगको समन्वयमा तथ्याङ्कहरु संकलन समेत गरिन्छ । वडा भित्रका सम्पुर्ण उप-

जलाधार क्षेत्रहरुको तथ्याङ्क संकलन पश्चात गुरुयोजनाका तथ्याङ्क संकलन ढाँचाहरुमा तथ्याङ्क प्रविष्टी सहित योजना तर्जुमा चरणको तयारी समेत यस चरणमा गरिन्छ ।

१.६.४ योजना तर्जुमा चरण

यस चरणमा उप-जलाधार क्षेत्रहरुको विद्यमान संकलित तथ्याङ्कहरुको आधारमा सबै क्षेत्रलाइ विश्लेषण गरी उप-जलाधार क्षेत्र स्तरवाट जलस्रोत संग सम्बन्धित सबै (खानेपानी, पूर्ण सरसफाइ, उर्जा, वातावरण र पर्यावरण, संस्थागत विकास, स्थानीय मानव संसाधन विकास एवं आयआर्जन तथा जिविकोपार्जन) क्षेत्रको आवश्यकता पहिचान गरी सबै क्षेत्रका क्षेत्रगत योजनाहरु तर्जुमा गरी वडाका जनप्रतिनिधीहरुको नेतृत्वमा योजनाहरुको वडास्तरीय प्राथमिकिकरण गरिन्छ । आवश्यकता पहिचान गर्ने कार्य समुदायको विद्यमान अवस्था, कठिनता विश्लेषण, वास्तविक माग र प्राबिधिक परामर्शलाई समेत आधार मानिन्छ । वडामा योजना तर्जुमा गर्दा योजना तथा कार्यक्रमहरुलाई वडाले कार्यान्वयन गर्ने तथा बाह्य सहयोग र कार्यान्वयन गरिने गरि छुट्टाएर गाउँपालिका र नगरपालिका स्तरको गुरुयोजनामा समाबेश गर्ने गरि तय गरिन्छ। वडा स्तरको योजना तर्जुमा गोष्ठी सामान्यतया २ दिनको हुने भए पनि स्रोत तथा संकलित तथ्याङ्क, प्रस्तावित योजना स्तरीय भूगोलको पुनरावलोकन गर्नु पर्ने अवस्थामा यो प्रकृया एक वडाका लागि २ देखि ३ दिन सम्मको हुन सक्दछ । वडा स्तरवाट तर्जुमा गरिएका योजनाहरुलाई अन्तिम रुप दिई जलउपयोग गुरुयोजनामा समाबेश गर्नको लागि गाउँपालिका र नगरपालिका स्तरमा ३ दिने जलउपयोग गुरुयोजना लगानी नीति तथा योजना तर्जुमा गोष्ठी आयोजना गरी सहभागितात्मक ढंगवाट सबै योजनाहरुको प्रस्तुतिकरण, आवश्यक छलफल एवं समायोजन एवं प्राथमिकिकरण गरी स्थानीय तह तथा अन्य सरोकारवाला सहयोगी संघ-संस्थाहरुबाट योजनाहरुको कार्यान्वयन, परिचालन एवं प्राथमिकता क्रमको अनुसरण गर्न प्रतिबद्धता सहित अनुमोदन गर्ने कार्य सम्पन्न गरिन्छ ।

गाउँपालिका स्तरको जलउपयोग गुरुयोजना लगानी नीति तथा योजना तर्जुमा गोष्ठी पश्चात योजना तथा कार्यक्रमहरुको सामाजिक तथा प्राविधिक तथ्याङ्कहरुलाई गुरुयोजनाका तथ्याङ्क संकलन ढाँचाहरुमा तथ्याङ्क प्रविष्टी पश्चात गुरुयोजना बिज्ञहरुबाट प्रमाणीकरण गरी गुरुयोजना बिज्ञहरुको सहजिकरणमा सप्टवेयरमा इन्ट्री गर्ने, तथ्याङ्कहरुको विश्लेषण गरी गुरुयोजनाको मस्यौदा तयार गर्ने कार्य गरिन्छ । उक्त मस्यौदा गुरुयोजनालाई अन्तिम स्वीकृतिका लागि सम्बन्धित स्थानीय तहको परिषद्मा पेश गरी परिषद्को स्वीकृती पछि सो को परिचालन, बजारिकरण तथा कार्यान्वयनका लागि सरोकारवालाहरुसँग बिभिन्न चरणका बैठक र अन्तक्रिया तथा गुरुयोजना तथ्याङ्क र प्रस्तावित योजनाहरुको प्रस्तुति गर्ने कार्यहरु पनि यसै चरणमा सम्पादन गरिन्छ ।

१.६.५ कार्यान्वयन चरण

यो जलउपयोग गुरुयोजनाको अन्तिम चरण हो जसमा सम्पुर्ण योजनाहरुको कार्यान्वयन, उपलब्धिहरुको मापन एवं समिक्षा जस्ता कार्यहरु सम्पदन गरिने छन । यस चरणमा जलउययोग गुरुयोजनाको प्रथमिकता क्रममा रहेका योजनाहरुको अनुसरण, कार्यान्वयन, स्रोत परिचालन, अनुगमन मूलयांकन एवं सम्पर्क समन्वय का गतिविधिहरु सञ्चालन गरी जलउपयोग गरुयोजनाको उपलब्धि हासिल गरिनुको साथै समय सापेक्ष गाउँपालिकाले जलउपयोग गुरुयोजनाको कार्यान्वयन स्थितिको समिक्षा गरी अवश्यकता अनुसार गुरुयोजनाको अद्यावधिक गरिने छ ।

चित्र नं. २ : जलउपयोग गुरुयोजना तयारीका मुख्य चरण तथा खुड्किलाहरु

१.७ जलउपयोग गुरुयोजना तयारीका सैद्धान्तिक आधारहरु

१.७.१ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रचलित कानुनहरु

❖ **नेपालको संबिधान :** नेपालको संबिधानको विभिन्न भाग तथा धाराहरुमा जलस्रोत क्षेत्र सम्बधी प्रावधानहरु रहेका छन जलउपयोग गुरु योजना र जलस्रोत बिकास सम्बन्धित केहि प्रावधान निम्मानुसर रहेका छन ।

- मौलिक हक : धारा ३५ : स्वास्थ्य सम्बन्धी हक : प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाईमा पहुँचको हक हुनेछ ।
- धारा ५१ : राज्यका नीतिहरु, जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिदै जलस्रोतको बहुउपयोगी विकास गर्ने ।
- जल उत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दीगो र भरपर्दो सिँचाईको विकास गर्ने ।

- जनसाधारणमा वातावरणीय स्वच्छता सम्वन्धी चेतना बढाई औधोगिक एंव भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्युनिकरण गर्दै वन, वन्य जन्तु, पंक्षी, बनस्पति तथा जैविक बिविधताको संरक्षण, सम्बर्द्धन र दीगो उपयोग गर्ने ।
- वातावरणीय सन्तुलनका लागि आवश्यक भु-भागमा बन क्षेत्र कायम गर्ने ।
- प्रकृती, वातावरण वा जैबिक बिविधता माथी नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मुल वा न्युन गर्ने उपयुक्त उपायहरु अवलम्बन गर्ने ।
- स्थानीय तहको अधिकारको सूची : खानेपानी, साना जलबिधुत आयोजना, बैकल्पिक उर्जा
- स्थानीय तहको अधिकारको सूची : जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण

माथी उल्लेखित संबैधानिक ब्यवस्थाहरुले समेत स्थानीय तहहरुको पानी क्षेत्रको विकासका लागि निर्दिष्ट योजना बनाउनु पर्ने सैद्धान्तिक आधार निर्माण भएको देखिन्छ । संबिधानका अतिरिक्त स्थानीय तहहरुको संचालनका लागि जारि भएको स्थानीय सरकार सञ्चालन ऐनमा समेत खानेपानी, सिँचाई, वातावरणीय सवाल तथा उर्जा विकास जस्ता जलस्रोत क्षेत्रका सवालहरु सम्बोधन गर्न यथेष्ट ब्यवस्था रहेको पाईन्छ । पानी क्षेत्रका निर्दिष्ट योजनाहरुको नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन जस्ता अधिकार स्पष्ट रुपमा स्थानीय सरकार सञ्चालन ऐनमा रहेका छन । यसरी स्थानीय सरकारहरुले जलश्रोतको समष्टिगत विकासका लागि नीति निर्माण गरि आवधिक योजनाहरु मार्फत नागरिका संबिधानतह रहेका अधिकार सुनिश्चित गर्न गुरुयोजना एक बलियो औजारका रुपमा रहने देखिन्छ ।

माथि उल्लेख गरिएका राष्ट्रिय स्तरका कानुनी प्रवन्धका अतिरिक्त दीगो विकास लक्ष्यको लक्ष्य नं. ६ ले समेत खानेपानी तथा सरसफाईको निर्धारित मार्गचित्र प्रस्ट्याएको छ । अन्तराष्ट्रिय स्तरमा नेपालले समेत प्रतिबद्धता जाहेर गरेको दीगो विकास लक्ष्य हासिल गर्नु स्थानीय सरकारको समेत कर्तब्य हुन आउछ । यस परिवेशमा दीगो विकास लक्ष्य हासिल गर्न समेत स्थानीय सरकारहरुले प्रकृयागत विकासमा ध्यान पुऱ्याउनु पर्ने देखिन्छ । जलस्रोत क्षेत्रको समष्ठीगत विकासका लागि उपलब्ध कानुनी प्रवन्ध तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरु हासिल गर्न जलउपयोग गुरुयोजना निर्माणको औचित्य अझै बढी पुष्टी हुन्छ ।

१.७.२ गाउँपालिकाको जलउपयोग गुरुयोजना तर्जुमा प्रकृया

❖ **वडा तहको योजना तर्जुमा तथा प्राथमिकीकरण गोष्ठी :** गाउँपालिका स्तरको जलउपयोग गुरुयोजना तर्जुमाका सन्दर्भमा वडा तहको योजना तर्जुमा महत्वपुर्ण खुट्किलाका रुपमा लिईन्छ । जलस्रोत क्षेत्रका आधारभुत तथ्याङ्क संकलन, तथ्याङ्क बिश्लेषण कार्य, योजना तर्जुमा तथा योजनाको कार्यान्वयन समेत वडा भित्र गरिने हुदा यो चरणलाई गुरुयोजनाको अभिन्न खुड्डकिलाका रुपमा लिईएको हो । वडा भित्रका गुरुयोजनाले औल्याएका तथ्याङ्क संकलन पश्चात वडाका जननिर्वाचित प्रतिनिधीहरु, पानी क्षेत्रका सरोकारवाला माझ २ दिने योजना तर्जुमा तथा प्राथमिकिकरण गोष्ठी सञ्चालन गरिन्छ । वडा स्तरीय यस गोष्ठीमा सम्पादन हुने क्रियाकलापहरुको सारांस तल उल्लेख गरिएको छ ।

- संकलित तथ्याङ्कहरुको प्रस्तुती, छलफल, बिश्लेषण, प्रमाणीकरण (जनसंख्या र घरधुरी, पानीका **स्रोतहरु**, जलस्रोत क्षेत्रका विद्यमान पूर्वाधार अवस्था आदी)
- आवश्यकता महसुशिकरण तथा माग संकलन
- प्रस्तावित मागमा आधारित योजनाहरु आवश्यकता अनुसार काटछाट, समायोजन तथा प्राथमिकिकरण

❖ **गाउँपालिका तहको जलयपयोग गुरुयोजना लगानी नीति, योजना तर्जुमा तथा प्राथमिकीकरण गोष्ठी :** यस प्रकृया अन्तरगत गाउँपालिकाको वडा तहबाट तर्जुमा गरी प्राथमीकीकरण गरिएका योजनाहरुको बास्तविकतामा

रही गाउँपालिका स्तरको प्राथमिकता क्रम निर्धारणको लागि नीतिगत आधारहरु तय गरिन्छन् । उक्त कार्यको सारांश विवरण तल प्रस्तुत गरिएको छ

- **विद्यमान स्थिति मापन र महसुशिकरण :** गाउँपालिका क्षेत्रमा विद्यमान जलस्रोत क्षेत्रका विकासका योजनाहरु र सो को सञ्चालन व्यवस्थापन मा उपभोक्ताहरुको व्यवहार तथा प्रतिबद्धता, अति गरिब वस्तीहरु, पानीका स्रोतहरुको विश्वसनियता, वातावरणीय जोखिम लगायतलाई सहभागीहरु मार्फत प्रस्तुत गर्न लगाई गुरुयोजनाको आगामी लक्ष्य निर्माणका लागि यो सेसनमा महसुशिकरण गराईन्छ ।

- **परिकल्पना :** यस सत्रमा गाउँपालिकाको समग्र परिकल्पना हाँसिल गर्नको लागि केही जलस्रोत क्षेत्र संग सम्बन्धित पंञ्चबर्षिय क्षेत्रगत परिकल्पनाहरु निर्माण गरिन्छन । परिकल्पना निर्माण गर्दा गाउँपालिकाको क्षेत्रगत लगानी सम्भावना, सम्भावित साझेदार निकायहरु, गाँउपालिका क्षेत्रका अवसर र सम्भावना आदिलाई मध्यनजर गरि निर्माण गरिन्छ ।

- **लगानी नीति तथा योजना छनौटका आधारहरु निर्धारण :** गाउँपालिकाका वडाहरुबाट गुरुयोजनामा प्रस्तावित योजनाहरु कार्यान्वयन गर्न, आवधिक परिकल्पना अनुसारको लक्ष्य हासिल गर्नका साथै योजनाहरुको प्राथमिकिकरणका लागि क्षेत्रगत लगानी नीति, नीतिमा आधारित सुचक र सुचकको व्याख्या सम्बन्धी छलफल गरिन्छ । योजना गर्जुमा गोष्ठीमा बिभिन्न क्षेत्रका साझा वा सर्वमान्य सुचकहरुलाई समुह छलफल गरिन्छ र आवश्यकता र स्थानीय परिबेश अनुसार थप लगानी नीतिहरु माथी समेत छलफल गरि जनप्रतिनिधीहरु मार्फत मतदान गरि लगानी नीति तथा योजना छनौटका आधारहरुको तय गरिन्छ । लगानी नीति र सुचकहरु तय गरीसकेपछि सोही सुचकहरुको आधारमा योजनाहरुको प्राथमिकिकरण गरी क्षेत्रगत योजनाहरुको प्राथमिकता क्रम अनुसारको पंञ्चबर्षीय सूची तयार गरिन्छ ।

- **खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी बिनियमावलीहरुको तयारी :** जलउपयोग गुरुयोजना कार्यान्वयन चरणलाई सहजताका साथ सम्पादन गर्न, पालिकाहरुको क्षेत्रगत ऐन कानुनहरु निर्माणमा सहजता तथा निर्माण सम्पन्न योजनाहरुको नियमित सञ्चालन तथा व्यवस्थापन का योजनासंग सम्बन्धित बिभिन्न बिनियमावलीहरु निर्माण गरिन्छ । स्थानीय परिबेश, आवश्यकता आदीलाई ध्यान दिदै नियमावलीहरु सहभागीहरु मार्फत निर्माण गरिने गरिन्छ ।

- **विद्यमान सरोकारवालाहरुको पहिचान तथा लेखाजोखा :** गुरुयोजनाको लक्ष्य हासिल गर्न कार्यान्वयनको प्रक्रियामा सह लगानीका लागि सम्भावित साझेदार तथा सरोकारवालाहरु सहभागीहरु मार्फत पहिचान तथा लेखाजोखा गर्ने कार्य गरिन्छ । बिगतमा जलस्रोत विकासका क्षेत्रमा गाँउपालिका क्षेत्रको भू-गोलमा सहयोग गरेका तथा भबिष्यमा समेत सहयोग गर्न सक्ने सम्भावित सरोकारवालाहरु पहिचान गर्ने कार्य सहभागीहरु मार्फत गरिन्छ ।

१.७.३ जलउपयोग गुरुयोजना र जीविकोपार्जन कार्यान्वयन योजना तयारीका मुख्य मितिहरु

गाउँपालिका स्तरीय जलउपयोग गुरुयोजना तयारीका लागि साबिककाजलउपयोग गुरुयोजनाको तथ्यांकहरुलाई पुनरावलोकन तथा साबिककावडागत तथ्यांकहरुलाई एकत्रित गर्ने कार्य परियोजना सहयोग इकाईबाट सम्पादन गरिएको थियो । तत्पश्चात जलउपयोग गुरुयोजना तयारीको सामाजिक तथा प्राविधिक कार्यमा सहजिकरण गर्न छनौट गरिएका परामर्शदाता तथा सहयोगी संस्थाका कर्मचारीहरुका लागि गाउँपालिका स्तरीय जलउपयोग गुरुयोजना तथा जीविकोपार्जन कार्यान्वयन योजना तयारी प्रकृया सम्बन्धी तालिम सञ्चालन गरी आवधिक फिल्ड कार्ययोजना समेत तयार गरी फिल्ड परिचालन गएिको थियो । जलउपयोग गुरुयोजना तथा जीविकोपार्जन कार्यान्वयन योजना तथा जीविकोपार्जन कार्यान्वयन योजना तयारीका मुख्य चरणहरु तथा सम्पादन मितिहरु तलको तालिका नं. १ मा उल्लेख गरिएको छ ।

तालिका नं. १ : जलउपयोग गुरुयोजना तयारीका प्रमुख चरण तथा मितिहरु

क.स.	क्रियाकलाप विवरण	सम्पादन मिति (महिना/बर्ष)
१	साबिकका गुरुयोजनाहरुको तथ्यांक एकत्रित तथा समायोजन	२०७४ माघ
२	सहयोगी संस्था संग सम्झौता तालिम तथा फिल्ड परिचालन	२०७४ फाल्गुन
३	गाउँपालिका स्तरीय परामर्ष बैठक तथा अभिमुखिकरण	२०७४ चैत्र
४	वडा स्तरीय परामर्श बैठक तथा अभिमुखिकरण	२०७५ बैसाख
५	गुरुयोजना तयार गर्न बांकी रहेका वडाहरुमा बिभिन्न क्षमता विकास तालिमहरु सञ्चालन	२०७५ बैसाख देखी असार सम्म
६	गुरुयोजना तयार गर्न बांकी रहेका वडाहरुको सामाजिक र प्राबिधिक अध्ययन तथा आवश्यक तथ्यांक संकलन	२०७५ बैसाख देखी असार सम्म
७	गुरुयोजना तयार गर्न बांकी रहेका वडाहरुको योजना तर्जुमा गोष्ठी	२०७५ असौज
८	साबिकका गुरुयोजनाहरुको तथ्यांकमाथि छलफल तथा प्रमाणीकरण तथा वडा स्तरिय योजना तर्जूमा गोष्ठी	२०७५ मंसिर
९	गाउँपालिका स्तरीय लगानी नीति, क्षेत्रगत परिकल्पना निर्माण तथा योजना तर्जुमा गोष्ठी	२०७५ मंसिर (२१-२३)
१०	जलउपयोग गुरुयोजनाको संकलित तथ्यांक अनलाई प्रबिष्टि	२०७५ पौष देखी चैत्र सम्म
११	तथ्यांक बिष्लेशण तथा मस्यौदा प्रतिवेदन तयारी	२०७६ भाद्र देखी कार्तिक सम्म
१२	जलउपयोग गुरुयोजनाको प्रतिवेदन गाउँसभाबाट पारित	२०७६

२ अध्याय : गाउँपालिकाको पार्श्वचित्र

२.१ अवस्थिति तथा भुगोल

प्रदेश : सुदूरपश्चिम **जिल्ला :** डोटी **गाउँपालिका :** सायल

समावेश गरिएका साबिकका गाउँपालिकाहरु : छपाली, तोलेनी, डौड र खातिवडा (विस्तृत तलको तालिकामा प्रस्तुत गरिएको छ ।)

वडा नं.	समावेश भएका साबिकका गा.बि.स.हरु	साबिकका वडाहरु	वडा नं.	समावेश भएका साबिकका गा.बि.स.हरु	साबिकका वडाहरु
१	छपाली	१ देखी ९	५	डौड	६,७,८,९
२	तेलेनी	१ देखी ४	६	खातीवडा	१,२,३,७,८,९
३	तेलेनी	५ देखी ९			
४	डौड	१ देखी ५			

भौगोलिक अवस्थिति : २९°१७' २५.४६" देखि २९° २६' ४४.३४" उतरी अक्षांस र ८०° ५२' ४२.६८" देखि ८१° ३' ९.९४" पूर्वी देशान्तर

गाउँपालिकाको जम्मा क्षेत्रफल : १२२.७२ बर्ग किलोमिटर

सिमाना : पूर्वमा खप्तड राष्ट्रिय निकुन्ज, पश्चिममा आदर्श गाउँपालिका, उत्तरमा बझाङ्ग जिल्ला, र दक्षीणमा दिपायल सिलगढी न.पा र पूर्वीचौकी गाउँपालिका रहेकोछ भने गाउँ कार्यपालिकाको कार्यालय यस गाउँपालिकाको वडा नं. ५ स्थित दुदिलेगडामा रहेको छ ।

स्थानीय बजार : बसइ खोला **मुख्य नजिकको बजार :** पिपल्ला बजार दिपायल

सामाजिक रितिरिवाज र चाड पर्व : वडा दशै, तिहार, भुवा पर्व, माघी संक्रान्ति, विशु संक्रन्ति, चौदशी, जनैपूर्णिमा आदि रहेका छन्

पोशाक : पुरुषहरुले दौरा, सुरुवाल, कोट, टोपी र महिलाहरुले गुन्यू, चोलो, पोते आदि भेषभुषाका रुपमा लगाउने गर्दछन्

गाउँपालिका सम्मको यात्रा : गाउँपालिका सम्म पुग्नको लागि भ्रमण शुरुगर्ने स्थान :

बाट	सम्म	दुरी *(कि.मि.)*	बाटो *(कालो पत्रे सडक/ग्राभेल मोटर बाटो /कच्ची मोटर बाटो /गोरेटोघोडेटो /पैदल बाटो)*	लाग्ने समय *(घण्टा मिनेट)*	माध्यम *(मोटर/पैदल)*
गाउँपालिका देखि	जिल्ला सदरमुकामा	५२	कच्ची र कालो पत्रे सडक	३.५ घण्टा	मोटर/पैदल
वडा नं. १	गाउँपालिका कार्यालय	३५	कच्ची सडक / गोरेटो	४ घण्टा	मोटर/पैदल
वडा नं. २	गाउँपालिका कार्यालय	१५	कच्ची सडक / गोरेटो	१.३० घण्टा	मोटर/पैदल
वडा नं. ३	गाउँपालिका कार्यालय	२०	कच्ची सडक / गोरेटो	२ घण्टा	मोटर/पैदल
वडा नं. ४	गाउँपालिका कार्यालय	३	कच्ची सडक / गोरेटो	०.५ घण्टा	मोटर/पैदल

वडा नं. ५	गाउँपालिका कार्यालय	०	कच्ची सडक / गोरेटो	०.५ घण्टा	मोटर/पैदल
वडा नं. ६	गाउँपालिका कार्यालय	२०	कच्ची सडक / गोरेटो	२.५ घण्टा	मोटर/पैदल

२.२ गाउँपालिकाको जातिगत आधारमा घरधुरीहरुको विवरण

गाउँपालिका स्तरीय जलउपयोग गुरुयोजना समायोजन प्रकृया का लागि साबिकका गाविस स्तरीय जलउपयोग गुरुयोजनाहरुको तथ्यांकहरुलाई विश्लेषण गर्दा यस गाउँपालिकामा जम्मा २२४ वटा मुख्य बस्तीहरु भएको देखिन्छ । त्यसैगरी २०६८ भन्दा पछिका बिभिन्न मितिमा तयार गरिएका साबिकका जलउपयोग गुरुयोजनाको प्रतिवेदन अनुसार यस गाउँपालिकाको कूल घरधुरी संख्या ४०१९ रहेको छ । कूल घरधुरीहरुमध्ये २५.६५% दलित घरधुरी, ७३.६०% अन्य घरधुरीहरु र बाँकी ०.७५% जनजातीहरु रहेका छन् । उक्त घरधुरीहरुको अवस्था बिश्लषेण चित्र नं. ३ मा गरीएको छ । गाउँपालिकाको वडागत रुपमा रहेको वस्ती संख्या र घरधुरीहरुको विस्तृत विवरण तलको तालिका नं. २ मा प्रस्तुत गरिएको छ भने टोलगत आधारमा थप विस्तृत विवरण **अनुसुची-१ र ११** मा उल्लेख गरिएको छ ।



तालिका नं. २ : गाउँपालिकाको जातिगत आधारमा घरधुरी विवरण

वडा नं.	जम्मा बस्ती संख्या	आधार वर्षको जम्मा घरधुरी संख्या (२०६८-२०७५)				हालको जम्मा घरधुरी संख्या (२०७५)
		दलित	*जनजाती*	*अन्य*	*जम्मा*	
१	३४	१५३	०	५१२	६६५	७२९
२	३०	५८	०	४३१	४८९	४८९
३	३७	१५३	०	५१५	६६८	६६८
४	४६	१७०	३०	४३४	६३४	६३४
५	४७	२१३	०	४४७	६६०	६६०
६	३०	२८४	०	६१९	९०३	९०३
जम्मा	**२२४**	**१०३१**	**३०**	**२९५८**	**४०१९**	**४०८३**

स्रोत : साबिकका गाविस स्तरीय जलउपयोग गुरुयोजनाहरुको प्रतिवेदन विश्लेषण (२०६८–२०७५)

२.३ भु–उपयोग बिवरण

यस गाउँपलिकामा वन जंगलको अवस्था त्यति राम्रो देखिदैन । गाउँपालिकाको कूल भूभाग १२२३८.९४ हेक्टर मध्ये करिब ५१०.६२ हेक्टर अर्थात ४.१७% हिस्सा मात्र वन जंगलले ओगटेको छ । त्यसै गरि सबैभन्दा ठुलो भु-भाग खेती योग्य जमिन, चट्टान र झाडीले ओगटेको देखिन्छ । जसमा खेतीयोग्य जमिनको हिस्सा सबै भन्दा बढी ४९३९ हेक्टर अर्थात ४०.३६% रहेको छ । अरु घांसे, बाँझो जमिन, वलौटे क्षेत्र, र जल क्षेत्र को हिस्सा एकदमै कम रहेको देखिन्छ । यस गाउँपालिकाको भु-उपयोगको अवस्था विश्लेषण क्रमशः चित्र नं. ४ र ५ मा गरिएको छ भने वडागत रुपमा थप विस्तृत विवरण तलको तालिका नं. ३ मा प्रस्तुत् गरिएको छ ।



चित्र नं. ४ : गाउँपालिकाको भु-उपयोग सम्बन्धि विष्लेशण



चित्र नं. ५ : गाउँपालिकाको भु-उपयोगको अवस्था विश्लेषण

तालिका नं. ३ : गाउँपालिकाको वडागत रुपमा भु-उपयोग सम्बन्धी विवरण

वडा नं.	बाँझो जमिन	झाडी	चट्टान	खेती योग्य जमिन	बनजंगल	घाँसे मैदान	बलौटे जमिन	जल क्षेत्र	जम्मा
१	५.७१	७७०.८९	१०९४.१४	१०६४.८३	२६३.५५		९.३७	१७.५	**३,२२५.९५**
२	१.८७	६४७.३३	४७०.४६	३४४.६१	९२.१२		२.११	६.४४	**१,५६४.९३**
३		६१०.३४	७३१.४७	११३०.६७	११०.३८		२७.२४	०.२	**२,६१०.३१**
४	०.७२	३३७.३२	६४९.२५	९९४.९९	३३.९१	०.२३	१२.७६	५.१९	**२,०३४.३८**
५		१६९.१४	३९७.१८	७०२.५४	०		१.११	१०	**१,२७९.९८**
६	०.२१	२४५.४६	५६०.६७	७०१.७२	१०.६५	०.०४	४.६३		**१,५२३.३८**
जम्मा	**८.५२**	**२,७८०.४८**	**३,९०३.१७**	**४,९३९.३७**	**५१०.६**	**०.२७**	**५७.२२**	**३९.३**	**१२,२३८.९४**
%	**०.०७**	**२२.७१८**	**३१.८९१**	**४०.३५८**	**४.१७२**	**०.००२**	**०.४६८**	**०.३२**	**१००.००**

स्रोत : *नापी विभाग (GIS "Land Use Layer")*

२.४ प्रमुख खोलानालाहरु

यस गाउँपालिकाको मूख्य जलाधार क्षेत्र भनेको खप्तड क्षेत्र हो । खप्तड क्षेत्रमा उद्‌गम हुने स-साना मुलहरु तथा खोलाहरुमा पानीको मात्रा प्रयाप्त देखिन्छ । सायली गाड यहांको प्रमुख खोला हो र अन्य सानीगाड, भेरा खोला, रालेखोला, ठुलाखोला, सिउने खोला जस्ता स्रोतहरु यस गाउँपालिकाको लागि मुख्य श्रोतको रुपमा रहेका छन । अन्य दह तथा स-साना खोला/खोल्सीहरु रहेको यस गाउँपालिकामा विभिन्न जलश्रोतका सम्भावनाहरु रहेका छन् । अगामी दिनहरुमा यी स्रोतहरुको प्रभावकारी व्यवस्थापनवाट यस गाउँपालिकामा खानेपानी, सिँचाइ लगायत उर्जाको सेवाहरु विस्तार गर्न सकिने सम्भावना प्रवल देखिन्छ भने गाउँपालिकामा रहेको सेतीनदीबाट पानी लिफ्‌ट गरी थप जलस्रोतहरुको परिपुर्ति गर्न सकिने सम्भावना रहेको छ ।

२.५ जलउपयोग गुरुयोजनामा जलवायु परिवर्तन र जोखिम व्यवस्थापन

साधारण शब्दमा जलबायु परिबर्तन भन्नाले कम्तिमा ३० बर्षको अबधिमा औषत बर्षा तथा तापक्रममा आएको परिबर्तन बुझिन्छ । बर्षामा आएको परिबर्तनले औषत बर्षामा परिबर्तन आउनु अर्थात कुनै ठाँउमा थोरै समयमा धेरै बर्षा हुनु, पानी पर्ने मात्रा र दिनहरु घट्‌नु र कुनै ठाँउमा सुख्खा पर्नु हो भने तापक्रममा आएको परिबर्तनले हिँउ पग्लनु, सतहि पानी र बाताबरणको तापक्रम बढ्‌नु हो । हेर्दा यो कुरा जति सरल भएपनि यसले जीविकोपार्जनमा पारेको नकरात्मक असरको गाम्भिर्यता धेरै महत्वपुर्ण छ । जलवायु परिबर्तनको मुख्यतः जलस्रोत तथा कृषि क्षेत्रमा नकरात्मक असर परीरहेको र यसका कारणबाट स्थानीयको जीविकोपार्जनमा गम्भिर असर परिरहेको छ ।

जलाधार क्षेत्रको संरक्षण तथा सुरक्षण

पानीका स्रोतहरु जस्तै खोलानाला, तालतलैया तथा मूलहरु बर्षाको पानीमा भर पर्दछन् । बर्षा संगसंगै जमिनको भुबनोट र माटोको कारणबाट बर्षाको पानी जमिन भित्र पस्ने प्रकृयालाई असर गरिरहेको हुन्छ । तसर्थ स्रोतमा पानीको बहाव कायम गर्न र संरक्षण गर्नका लागि जलाधार क्षेत्रको संरक्षण र सुरक्षण जरुरी हुन्छ । सुरक्षित पानीका लागि स्रोत भन्दा माथिको क्षेत्रमा प्रसस्त रुख विरुवा हुन जरुरी छ । बनजंगलले परेको पानी बग्ने गतिलाई कम गरी जमिन भित्र पानी

पस्ने प्रकृयालाई बढाउनका साथै सतहको मलिलो माटो बग्नबाट समेत रोक्ने काम गर्दछ र बाढी पहिरोको जोखिम कम गर्दछ। बर्तमान "स्थानीय सरकार सञ्चालन ऐन २०७४" ले पनी बिपद् जोखीम न्यूनिकरण,जलाधार तथा पानीका मुहान संरक्षण सम्बन्धी स्थानीय स्तरका योजनाहरुको तजुमा, कार्यान्वयन र नियमन गर्न सक्ने अधिकार वडा समिति, गाउँपालिका र नगरपालिकालाइ दिइको छ।

जलाधार क्षेत्रको संरक्षण र सुरक्षणका लागि गर्न सकिने क्रियाकलापहरु

- स्रोतमा बर्षा पछि आउन सक्ने पानीको क्षेत्र सिमाकंन गर्ने र स्रोतहरु माथिबाट सडक निर्माण गर्दा ठुला यन्त्रहरुको सकभर प्रयोग नगर्ने।
- जमिनको प्राकृतिक भिरालोपन सकभर कायम गर्ने।
- जलाधार क्षेत्र भित्र वृक्षारोपण गर्ने र सुरक्षण गर्ने तथा सामुदायिक बन कायम गर्ने।
- पोखरीको माध्यमबाट बर्षाको पानीलाई भण्डारण गर्नेतथा पुराना तथा परम्परागत पोखरीहरुलाई पुर्ननिर्माण तथा पुर्नस्थापना गर्ने।
- वायो ईन्जिनियरिङ्गको माध्यमबाट पहिरो तथा भुस्खलन रोक्ने।
- जलाधार क्षेत्र भित्र खुला चरिचरनमा पुर्णत बन्देज लगाउने।
- पानीका स्रोतहरु तथा बनेका विकासका संरचनाहरु माथि भल तर्काउने नालीहरुको निर्माण गर्ने र रेखदेख गर्ने
- सतहमा बग्ने पानीलाई विभिन्न संरचनाहरु मार्फत रुकावट पैदा गरी जमिनमा पानी पसाउने तथा माटो बगाउने कार्यलाई न्युन गर्ने।
- सिँचित क्षेत्रको विस्तार गर्ने।
- कृषिमा समयानुकुल प्रविधि, बालिनाली तथा जिविकोपार्जनका माध्यमहरु अपनाउने।
- योजनाबद्धरुपमा सबै पानीका स्रोतहरु तथा जोखिम स्थानहरुको नक्साकंन, अनुगमन, बहाव रेकर्ड तथा अध्याबधी गरिरहने र सुधारको कार्य योजना बनाउने र लागु गर्ने।
- जलाधार क्षेत्रलाई दुषित हुनबाट बचाउन समुदायले आफ्नो सामाजिक नियमावली बनाई लागु गर्ने।

२.६ गाउँपालिकाको खाद्यान्न आपूर्तीको बर्तमान अवस्था

यस गाउँपालिकाको ४० प्रतिशत भन्दा बढी भु उपयोग खेती कार्यमा गरिनुले यहांको प्रमुख पेशा कृषि नै रहेको देखिन्छ। गाउँपालिकामा कृषि पेशामा मात्र संलग्न रहेका जम्मा ३९९८ घरधुरीहरुको आफ्नै उत्पादनबाट भएको खाद्यान्न आपुर्तिको अवस्थालाई विश्लेषण गर्दा यस गाउँपालिकाका ३४९४ (८७%) घरधुरीहरुलाई आफ्नै उत्पादनवाट ६ महिना भन्दा कम समय खाद्यान्न पुग्ने अवस्था देखिन्छ। त्यसैगरी ३५७ (९%) घरधुरीहरुलाई ६ देखि ९ महिना सम्म पुग्ने अवस्था छ भने बांकी १४७ (४%) घरधुरीहरुलाई मात्र ९ देखि १२ महिना सम्म खान पुग्ने अवस्था देखिन्छ। औसत रुपमा कम बर्षा र सुख्खा मौसमका कारणवाट कृषि उत्पादन न्यून रहेको हुँदा प्रत्यक्ष असर खाद्यान्न आपूर्तीमा पर्ने हुंदा यस गाउँपालिकाका मानिसहरुले वैकल्पिक आयश्रोतको रुपमा नोकरी, ज्याला मजदुरी, ब्यापार व्यवसायहरु सञ्चालन तथा बैदेशिक रोजगारी पनि गरेको देखिएको छ। खाद्यान्न आपूर्ति को अवस्था विश्लेषण चित्र नं. ६ र वडागत विवरण तालिका नं.४ मा गरिएको छ भने थप विस्तृत विवरण **अनुसुची-२** मा उल्लेख गरिएको छ।



चित्र नं. ६ : गाउँपालिकाको खाद्यान्न आपुर्तिको अवस्था बिष्लेशण

तालिका नं. ४ : वडागत रुपमा खाद्यान्न आपूर्तिको अवस्था

खाद्यान्न प्रयासता	वडागत घरधुरी संख्या						जम्मा
	१	२	३	४	५	६	
६ महिना भन्दा मुनी	६६५	३३७	४४६	६३४	६६०	७५२	**३४९४**
६ देखी ९ महिना सम्म	०	१०९	१७७	०	०	७१	**३५७**
९ देखी १२ महिना	०	४४	२९	०	०	७४	**१४७**

स्रोत : साबिकको गाविस स्तरीय जलउपयोग गुरुयोजनाहरुको प्रतिवेदन विश्लेषण (२०६८-२०७४)

गाउँपालिकामा मुख्य जिविकोपार्जनका स्रोतहरु : कृषि, खेतीपाती, बाँस, निगालो खेती तथा सामाग्रीहरु निर्माण
गाउँपालिका क्षेत्रमा उत्पादन हुने मुख्य बालीहरु : धान, मकै, गहु, कोदो, जौ, आलु, भटमास, गहत, आदी
गाउँपालिका क्षेत्रमा रोजगारीका प्रमुख अवसरहरु : बाँस निगालोको स्थानिय सामाग्री निर्माण, बिभिन्न खाले ब्यापार, सिलेट निर्माण तथा बिक्री बितरण, नौकरी, तरकारी खेती, फलफुल खेती आदी ।

२.७ मौसमी पात्रो

यस गाउँपालिकामा आगामी दिनहरुमा समुदायमा आधारित विकासका क्रियाकलापहरु सञ्चालन गर्न समुदायका मानिसहरुको कार्य व्यस्तताको समय जान्न आवश्यक छ । ग्रामीण समुदायका बहुसंख्यक मानिसहरु स्थानीय कृषि तथा मजदुरी जस्ता क्रियाकलापहरु सञ्चालन गरी जीविकोपार्जन गर्ने भएकाले समुदायको फुर्सदलाइ मध्यनजर गरी विकासका क्रियाकलापहरु सञ्चालन गर्नुपर्ने हन्छ । तसर्थ समुदायको फुर्सदको समय थाहा पाउन महिना अनुसार मौसमी पात्रो तयार पारिएको छ । यस गाउँपालिकाको बिभिन्न समयमा तयार पारिएका वडागत गुरुयोजनाका प्रतिवेदनहरुलाई विश्लेषण गर्दा गाउँपालिकाका मानिसहरु बैशाख, जेठ, अषाढ ,श्रावण र चैत्र महिनामा स्थानीय खेतीपाती तथा सिजन अनुसारको खर संकलन जस्ता कार्यहरुले बढी ब्यस्त हुने अवस्था प्राप्त तथ्यांकले देखाएको छ । त्यस कारण बाँकी अन्य महिनाहरु केही फुर्सदिला देखिएका कारण विकास निर्माणका गतिविधिहरुमा समुदायलाई सहभागिता गराउन सकिने सम्भावना देखिन्छ । समग्रमा यस गाउँपालिकामा पुरुषको भन्दा महिलाहरु सिजन अनुसारको काममा बढी ब्यस्त हुने अवस्था तथ्यांक विश्लेषणले देखाउछ । वडाका महिला र पुरुषको प्रत्येक महिना ब्यस्त हुने समयको को विश्लेषण चित्र नं. ७ मा गरिएको छ भने थप विस्तृत विवरण तालिका नं. ५ उल्लेख गरिएको छ ।



चित्र नं. ७ : गाउँपालिकाका मानिसहरुको मौसमी काममा ब्यस्त हुने अवस्था

तालिका नं. ५ : गाउँपालिकाका महिला र पुरुषहरुको मौसमी काममा ब्यस्त हुने अवस्था

सिजन अनुसारको काममा महिला र पुरुषको ब्यस्त रहने समय दिनमा												
महिना	**बैशाख**	**जेठ**	**आषाढ**	**श्रावण**	**भाद्र**	**असोज**	**कार्तिक**	**मंसिर**	**पौष**	**माघ**	**फागुन**	**चैत्र**
पुरुष	२०	१८	२३	२०	२०	१२	१५	१०	१०	१२	१४	२०
महिला	२७	२५	२८	२८	२५	२५	२५	१५	१५	१७	१८	२७

२.८ स्थानीय दक्ष प्राविधिक जनशक्ति तथा मानव संसाधन

कुनै पनि विकास निर्माणका कियाकलापहरुलाई गुणस्तरीय र दीगो रुपमा सञ्चालन गर्न स्थानीय स्तरमा सिप भएका दक्ष जनशक्ति हुन अति आवश्यक छ । यस गाउँपालिकामा कुल २८७ जना विभिन्न दक्षता र सीप भएका जनशक्ति उपलब्ध छन् । जसमध्ये सबैभन्दा बढी मर्मत संभार कार्यकर्ता, स्थानीय चर्पी निर्माण कार्यकर्ता र ढुंगाको गारो लगाउने मिस्त्रीहरु रहेको देखिन्छ । यसबाट गाउँपालिकामा खानेपानी लगाएतका विकास निर्माण कार्यहरु भईरहेको देखिन्छ । गाउँपालिकामा उपलब्ध जनशक्तिहरुको वडागत विवरण तलको तालिका नं.६ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ६ : वडागत रुपमा उपलब्ध स्थानीय दक्ष जनशक्तिहरुको विवरण

मानब संशाधन बिवरण	**वडागत रुपमा उपलब्ध मानब संशाधन (संख्या)**						**जम्मा संख्या**
	१	**२**	**३**	**४**	**५**	**६**	
दक्ष मिस्त्री (कामदार)		७	११			२१	३९
मर्मत सम्भार कार्यकर्ता	१४	३	५	७	४	३४	६७
स्थानिय चर्पी निर्माण कार्यकर्ता	८	६	६			३४	५४
काठको का मगर्ने मिस्त्री	०	४	७			१६	२७
बिद्युत् प्राविधिक	०		१	१			२
आकाशे घैटो बनाउने मिस्त्री	०					२	२
महिला स्वास्थ्य स्वयंम सेविका	९	४	५	५	५	७	३५
जलश्रोत प्रविधिक	०	२					२
कृर्षि प्राविधिक	०		१				१
सामाजिक परिचालक	०	२	१			१	४
अगुवा कृषक	१	११	१६	१०	१५		५३
जम्मा	**३२**	**३९**	**५३**	**२३**	**२४**	**११५**	**२८६**

स्रोत : साबिकका गाविस स्तरीय जलउपयोग गुरुयोजनाहरुको प्रतिवेदन विश्लेषण (२०६८–२०७५)

२.९ उपलब्ध सेवाकेन्द्र, कार्यालय तथा कार्यरत संघ संस्थाहरु

यस गाउँपालिकामा स्थानीय सेवा केन्द्रको रुपम हरेक वडामा आधारभुत विद्यालयहरु रहेका छन् । त्यसैगरी स्वास्थ्य चौकी र अतिरिक्त हुलाक कार्यालयहरु पनि रहेका छन । हाल स्थानीय तहको संरचना निर्माण भएपछि हरेक वडामा वडाकार्यालयहरु स्थापित भएका छन केही वडाहरुमा लघुवित्त सेवाको लागि ९ वटा सहकारी संस्थाहरु विद्यमान रहेको देखिन्छन् । उक्त संघ संस्थाहरुको विद्यमान खानेपानी तथा सरसफाइ सम्बन्धी विवरण अर्को खण्डमा उल्लेख गरिएको छ भने थप विस्तृत विवरण तालिका नं. ७ र अनुसूची नं. ६ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ७ : वडागत रुपमा उपलब्ध स्थानीय सेवाकेन्द्रहरु

क्र.सं.	संस्थाको किसिम	जम्मा संस्था संख्या	लाभान्वित संख्या			
			छात्रा संख्या	छात्र संख्या	शिक्षक/कर्मचारी संख्या	जम्मा
१	आधारभुत बिद्यालय	३१	२२१३	२२९४	१२७	४६३४
२	माध्यमिक बिद्यालय	५	३७३	५६१	११	९४५
३	अन्य बिद्यालय	०	०	०	०	०
४	पालिका र वडा कार्यालय	७				
५	स्वास्थ्य संस्था र अन्य	१३				

२.१० स्थानीय निर्माण सामग्रीहरु उपलब्धताको अवस्था

यस गाउँपालिकामा स्थानिय श्रोत तथा निर्माण सामग्रीहरुको प्रयाप्तता रहेको छ। ढुङ्गा, बालुवा, काठ, गिट्टी र बाँस जस्ता स्थानिय निर्माण सामाग्रीहरु वडाको हाता भित्र नै उपलब्ध छन् भने घरको छतको लागि आवश्यक पर्ने स्लेटका लागि केही वडाहरुले सम्बन्धित वडा भन्दा बाहिर जानुपर्ने बाध्यता रहेको छ । वडामा ढुंगाको श्रोतको लागि गाउँपालिकाका सबै वडाहरुको विभिन्न ठाउंहरुमा प्रयाप्त मात्रामा उपलब्ध हुने सम्भावना छ भने बालुवाको लागि गाउँपालिकामा अवस्थित साईलीगाडका बिभिन्न पायकपर्ने स्थनहरुमा प्रयाप्त रहेको देखिन्छ। वडा अनुसार स्थानिय सामाग्री उपलब्धता सम्बन्धि थप बिस्तृत विवरण अनूसुचि नं. ९ मा उल्लेख गरिएको छ।

२.११ विद्यमान सामुदायिक संस्था तथा सहकारीहरुको बर्तमान अवस्था

यस गाउँपालिकाको बिभिन्न मितिमा तयार पारिएका साबिकको जलउपयोग गुरुयोजनाको प्रतिवेदनहरुलाई विश्लेषण गर्दा वडाहरुमा बिभिन्न सेवा प्रदायक संघ संस्था तथा कार्यक्रमहरुको सहयोगमा सामाजिक र आर्थिक विकासका लागि सामुदायिक संस्थाहरुको गठन एवं परिचालन गरेको पाईन्छ। यस गाउँपालिकामा जम्मा ४९ वटा सामुदायिक संस्थाहरु रहेको छन् जसमध्ये २२ वटा महिला सामुदायिक संस्थाहरु रहेका छन् भने बाँकि २७ वटा मिश्रित सामुदायिक संस्था रहेका देखिन्छ। उक्त ४९ वटा सामुदायिक संस्थाहरु मध्ये ४२ वटा सक्रिय रहेका छन भने बाँकी ७ वटा निस्कृय रहेको देखिन्छ। तथ्यांक संकलन अवधि सम्म ४९ वटै सा.स.हरुमा कुल वचत पुँजी रु. १७,२३,३८५.०० रहेको छ। त्यसै गरी विद्यमान सामुदायिक संस्थाहरुको सशक्तीकरण र संस्थागत विकासको लागि यस गाउँपालिकामा थप ९ वटा सहकारी संस्थाहरु रहेको देखिन्छ। उक्त सहकारी संस्थाहरुमा ४ वटा बचत तथा ऋण सेवा परिचालन गरिराखेका छन, २ वटा कृषि सहकारी र बांकी ३ वटा बहुउदेश्यिय रहेकाछन। उक्त सामुदायिक संस्था र विद्यमान सहकारी संस्थाहरुको विस्तृत विवरण क्रमशः अनुसूचि नं. ४ र ५ मा उल्लेख गरिएको छ।

तालिका नं. ८ : वडागत रुपमा सामुदायिक संस्थाहरुको वर्तमान अवस्था

वडा नं.	संस्थाको किसिम		सक्रियता		सदस्यहरु		जम्मा पूंजी
	मिश्रीत	महिला	सक्रिय	निष्क्रिय	महिला	पुरुष	
१	११	११	१६	६	६५८	१४३	१२०,५८५
२	७	०	७	०	१५०७	१४९३	१२२,०००
३	३	१	४	०	४०	१४	२५०,०००
४	०	४	४	०	११८	०	६३९,०००
५	१	५	६	०	२३१	११०	५७६,८००
६	५	१	५	१	१००	४२	१५,०००
जम्मा	**२७**	**२२**	**४२**	**७**	**२६५४**	**१८०२**	**१,७२३,३८५**

स्रोत : साबिकका गाविसस्तरीय जलउपयोग गुरुयोजनाहरुको प्रतिवेदन विश्लेषण (२०६८–२०७५

३ अध्याय : विद्यमान जलस्रोतको अवस्था र प्रयोग

३.१ विद्यमान जलस्रोतहरुको विश्लेषण

जलउपयोग गुरुयोजनाको महत्वपुर्ण अंगको रुपमा विद्यमान जलस्रोतहरुको विश्लेषण पर्दछ । पानीका स्रोतहरुमा पानी यथेष्ट परिमाणमा उपलब्ध छ वा छैन, गुणस्तर के कस्तो रहेको छ, पानीका स्रोतहरुको अवस्थिति वस्तीहरुको तुलनामा माथी वा तल कता छ, जलस्रोतहरुको विद्यमान प्रयोग स्थिति र भविष्यको उपयोगको संभावना के-कस्तो रहेको छ, मुहानहरुमा विबाद छ/छैन भन्ने अवस्थाको विश्लेषण जलउपयोग गुरु योजनाको अध्ययन चरणमा सामाजिक तथा प्राविधिक अध्ययनका माध्यमबाट गरिन्छ । जस अन्तरगत गाउँपालिकामा बर्तमान अवस्थामा प्रयोगमा रहेका तथा भविष्यमा प्रयोगको सम्भावना रहेका हरेक स्रोतहरुको स्थलगत अवलोकन गरी सामाजिक तथा प्राविधिक विश्लेषण गरिन्छ । तथ्याङ्क संकलन गर्ने गरिन्छ । यस गाउँपालिकामा जलउपयोग गुरुयोजना तयारीका क्रममा ठूला साना गरी जम्मा जम्मी ६४२ वटा स्रोतहरुको सर्वेक्षण तथा सम्भाव्यता अध्ययन गरिएको थियो । उपलब्ध जलस्रोतहरुको विस्तृत तथ्याङ्क र वर्तमान अवस्थाको विश्लेषण यस अध्यायमा प्रस्तुत गरिएको छ । उक्त स्रोतहरुको विस्तृत विवरण अनुसूचि नं. ७ मा उल्लेख गरिएको छ ।



चित्र नं. ८ : गाउँपालिकामा उपलब्ध जलस्रोतहरुको अवस्था विश्लेषण

३.१.१ जलस्रोतको संख्या तथा प्रकारका आधारमा विश्लेषण

गाउँपालिकामा हाल प्रयोगमा रहेका तथा भविष्यमा प्रयोग हुनसक्ने जलस्रोतको अवस्थाको प्राविधिक विश्लेषण गर्दा यस सायलगाउँपालिकामा जम्मा ६४२ वटा पानीका स्रोतहरु उपलब्ध रहेका छन् । उक्त स्रोतहरुमध्ये ५०७ वटा मूलहरु, ११० वटा नदि तथा खोला खोल्सिहरु र बाँकी २५ वटा ढुङ्गे धारा, नौला तथा कुवाहरु रहेका छन । अवस्थित पानीका स्रोतहरुको हिसावले हेर्दा सबभन्दा बढी जलस्रोतहरुको संख्या वडा नं. १ मा रहेका छन भने सबभन्दा कम वडा नं. ५ मा रहेको देखिन्छ । चित्र नं. ९ मा उक्त जलस्रोतहरुको प्रकारको आधारमा विश्लेषण गरिएको छ भने वडागत विवरण तलको तालिका नं. ९ मा उल्लेख गरिएको छ । उपलब्ध जलस्रोतहरुको थप विस्तृत विवरण अनूसूची ७ मा उल्लेख गरिएको छ ।



चित्र नं. ९ : जलस्रोतहरुको उलब्धता र प्रकारका आधामा विश्लेषण

तालिका नं. ९ : वडागत रुपमा जलस्रोतहरुको प्रकारका आधारमा विश्लेषण

श्रोतका प्रकारहरु	श्रोत संख्या (वडागत)						जम्मा संख्या
	१	२	३	४	५	६	
खोला/नदी	२७	३८	२१	३	०	२१	११०
मुल	१३१	७७	९७	८२	५६	६४	५०७
ढुंगेधारा	०	०	०	०	०	१	१
नौला/कुवा	१०	११	३	०	०	०	२४
जम्मा	१६८	१२६	१२१	८५	५६	८६	६४२

स्रोत : साबिकका गाविस स्तरीय जलउपयोग गुरुयोजनाहरुको प्रतिवेदन विश्लेषण (२०६८–२०७५)

३.१.२ जलस्रोतहरुको क्षमता आधारमा विश्लेषण

यस गाउँपालिकामा विद्यमान अवस्थामा रहेका मूलहरुको उपलब्ध पानीको परिमाणको हिसाबले प्राविधिक विश्लेषण गर्दा मापन योग्य भएका जम्मा मूलहरु मध्ये करिव ३२% मूलहरुमा पानीको बहाव ०.१ लिटर प्रति सेकेन्ड वा सो भन्दा कम रहेको छ, ३३% मूलहरुमा ०.१ देखी ०.५ सम्म प्रति सेकेन्ड, १३% मूलहरुमा ०.५ देखी १ लिटर प्रति सेकेन्ड सम्म रहेको छ भने बाँकी २२% मूलहरुमा मात्र पानीको बहाव १ लिटर प्रति सेकेन्ड वा सो भन्दा बढी पाईएको छ । चित्र नं १० मा विद्यमान स्रोतहरुको क्षमता विश्लेषण गरिएको छ र तालिका नं. १० मा वडा अनुसारको विवरण



चित्र नं. १० : जलस्रोतहरुमा उपलब्ध पानीको परिमाण विश्लेषण

उल्लेख गरीएको छ भने उक्त मूलहरुको थप विस्तृत प्राविधिक तथा सामाजिक विवरण अनुसूची नं. ७ मा उल्लेख गरिएको छ ।

तालिका नं. १० : वडागत रुपमा पानीका **स्रोतहरु**को क्षमता विश्लेषण

श्रोतको क्षमता (लि.प्र.से.)	श्रोत संख्या (वडागत)						जम्मा संख्या
	१	२	३	४	५	६	
< 0.1	८५	४१	०	२३	२७	३१	**२०७**
०.१ देखी ०.५	५०	४६	२७	३१	१९	४०	**२१३**
०.५ देखी १ सम्म	१३	१९	२३	१७	६	६	**८४**
> १	२०	२०	७१	१४	४	९	**१३८**
जम्मा	**१६८**	**१२६**	**१२१**	**८५**	**५६**	**८६**	**६४२**

स्रोत : साबिकका गाविस स्तरीय जलउपयोग गुरुयोजनाहरुको प्रतिवेदन विश्लेषण (२०६८–२०७५)

३.१.३ जलस्रोतहरुको अवस्थितिका आधारमा विश्लेषण

गाउँपालिकामा रहेका विद्यमान स्रोतहरुको सम्भावित प्रयोजनलाई यकिन गर्नको लागि सामाजिक तथा प्रविधिक अध्ययनको क्रममा हरेक स्रोत र मुख्य बस्तीहरुको अवस्थित उचाई पनी मापन गरिएको थियो । प्रत्येक विद्यमान स्रोतहरुको अवस्थित उचाई र उपलब्ध क्षमता मापनबाट स्रोतहरुको सम्भावित प्रयोजन र समेट्न सकिने वस्तीहरुको यकिन गरी योजनाहरुमा स्रोतहरुको बाँडफाड तथा क्षेत्रगत योजनाहरु तर्जुमा गरिएका छन । यस गाउँपालिकामा रहेका विद्यमान स्रोतहरुको अवस्थित उचाईको माध्यमबाट विश्लेषण गर्दा सर्वेक्षण गरिएका जम्मा ६४२ वटा विद्यमान स्रोतहरु मध्ये करिब ७७% स्रोतहरु समुद्रसतहदेखी १५०० मिटर भन्दा माथिको उचाईमा अस्थित रहेका छन् , २२% स्रोतहरु ५०० देखी १५०० मिटर सम्मको उचाईमा अवस्थित छन र बांकी १ % स्रोतहरु ५०० मिटर सम्मको उचाईमा अवस्थित छन । उक्त विद्यमान स्रोतहरुको अवस्थिति विश्लेषण माथिको चित्र नं. ११ मा र र वडागत विवरण तलको तालिका नं. ११ मा उल्लेख गरिएको छ भने प्रत्येक स्रोतहरुको थप विस्तृत अनुसूची नं. ७ मा उल्लेख गरिएको छ ।



चित्र नं. ११ : जलस्रोतहरुको अवस्थिति तथा उचाइका (मि) आधारमा विश्लेषण

तालिका नं. ११ : वडागत रुपमा जल**स्रोतहरु**को अवस्थिति विश्लेषण

श्रोतको उचाई (मि.)	श्रोत संख्या (वडागत)						जम्मा संख्या
	१	२	३	४	५	६	
५०० सम्म	५	१	०	०	०	०	६
५०० देखी १५००	८१	१७	५	११	१६	१२	१४२
१५०० भन्दा माथी	८२	१०८	११६	७४	४०	७४	४९४
जम्मा	**१६८**	**१२६**	**१२१**	**८५**	**५६**	**८६**	**६४२**

स्रोत : साबिकका गाविस स्तरीय जलउपयोग गुरुयोजनाहरुको प्रतिवेदन विश्लेषण (२०६८–२०७५)

३.१.४ जलस्रोतहरुको गुणस्तरका आधारमा विश्लेषण

यस गाउँपालिकामा मापन गरिएका मुहानहरुको गुणस्तर लाई विश्लेषण गर्दा अधिकांश मुहानहरुमा राम्रो गुणस्तर पाईएको छ, जस अन्तरगत जम्मा ६४२ वटा स्रोतहरुमध्ये २३१ वटा (३८%) मुहानहरुमा पानीको गुणस्तर राम्रो तथा सुरक्षित पाईएको छ । त्यसैगरी ३७१ वटा (६०%) मुहानहरुमा ठिकै तथा स्वीकार्य र बाँकी , १० वटा (२%) मुहानहरुमा पानीको गुणस्तर नराम्रो अथवा सुधार गर्नुपर्ने देखिएको छ । त्यसैले भविष्यमा खानेपानी प्रयोजनका लागि मुहानहरुको प्रयोग गर्दा मुहान तथा पानीको गुणस्तरलाई ध्यान दिई योजनाहरुको निर्माण गर्नुपर्ने तथा उपभोक्ताहरुलाई पनी सचेतीकरण गर्नुपर्ने देखिन्छ । सुरक्षित गुणस्तर भएका मुहानहरुलाई पिउनको लागि प्रयोगमा ल्याउनु पर्ने देखिन्छ भने नराम्रो गुणस्तर भएका मुहानहरुलाइ सिँचाइ तथा अन्य उर्जा प्रयोजनको लागि प्रयोग गर्नुपर्ने देखिन्छ । जलस्रोतहरुको गुणस्तरको विश्लेषण माथिको चित्र नं. १२ मा उल्लेख गरिएको छ भने वडागत रुपमा रहेका जलस्रोतहरुको थप विस्तृत विवरण तालिका नं. १२ र **अनुसुची** नं. ७ मा उल्लेख गरिएको छ ।



चित्र नं. १२ : जलस्रोतहरुमा उपलब्ध पानीको गुणस्तर विश्लेषण

तालिका नं. १२ : वडागत रुपमा जल**स्रोतहरु**को गुणस्तर विश्लेषण

श्रोतको गुणस्तर	श्रोत संख्या (वडागत)						जम्मा संख्या
	१	२	३	४	५	६	
सुरक्षित श्रोत	०	५०	११	६८	४६	५६	**२३१**
स्विकार्य श्रोत	१६८	६७	११०	१७	९	२	**३७१**
नराम्रो श्रोत	०	९	०	०	१	२८	**१०**
जम्मा	**१६८**	**१२६**	**१२१**	**८५**	**५६**	**८६**	**६४२**

स्रोत : साबिकका गाविस स्तरीय जलउपयोग गुरुयोजनाहरुको प्रतिवेदन विश्लेषण (२०६८–२०७५)

३.१.५ जलस्रोतमा विवाद

समुदायमा सामाजिक,राजनीतिक वा आर्थिक कारणले गर्दा विभिन्न किसिमका मूल विवादहरु विद्यमान रहेका पाइन्छन् । जलउपयोग गुरुयोजना तयारीको क्रममा प्राविधिक एबं सामाजिक विश्लेषण गर्दा स्थानीय समुदायको सहयोगमा यस गाउँपालिकामा कूल ६४२ वटा पानीका स्रोतहरुको पहिचान गरिएको थियो । स्रोत पहिचानको समयमा यी स्रोतहरुमा विवाद छ/छैन भनी एकिन गरिएको थियो । विवाद कम गर्न पानीको उपयोग सम्बन्धी योजनाहरु बनाउदा सहभागीतात्मक योजना तर्जुमा प्रक्रियालाई ध्यान दिइएको छ । भविश्यमा योजना निर्माण अथवा सञ्चालन गर्नको लागि मुहानमा हुने सक्ने विवादलाइ समेत कम गर्न स्थानीय समुदायको सहयोग, सहभागीतामा र स्थानीय जनप्रतिनिधिहरुको वडा तथा गाउँपालिकास्तरीय योजना तर्जुमा कार्यकाशाला गोष्ठि स्तरमै व्यापक छलफल गरी प्रायजसो स्रोतहरु विवादरहित पार्ने प्रयास गरिएको थियो जस अर्न्तगत जलस्रोत ऐन कानुनका प्रावधानहरुलाई समेत मध्यनजर गरी योजना तर्जुमा प्रकृया सम्पन्न गरिएको थियो । सर्बेक्षणको क्रममा केबल ९ वटा मुलहरुमा समान्य बिबाद रहेको तथ्यांकले देखाउछ । उक्त श्रोतहरुको बिस्तृत विवरण अनुसुचि नं. ७ मा उल्लेख गरिएको छ ।

३.२ विद्यमान खानेपानी, सरसफाइ तथा स्वच्छताको अवस्था विश्लेषण

३.२.१ विद्यमान खानेपानी योजनाहरु, लाभान्वित घरधुरी तथा सञ्चालन अवस्था

यस गाउँपालिकामा जम्मा ७४ वटा पाइप प्रणालीमा आधारित खानेपानी योजनाहरु विभिन्न निकायहरुको सहयोगमा बिभिन्न समयमा सम्पन्न भई सञ्चालनमा रहेको देखिन्छ । तथ्याकंले वडा नं २ मा सबै भन्दा बढी आयोजनाहरु र वडा नं ४ र ५ मा सबै भन्दा कम खानेपानी आयोजनाहरु निर्माण भएको देखिन्छ । उक्त योजनाहरुपनि निर्धारित प्राविधिक मापदण्ड अनुसार निर्माण नहुनु तथा उचित सञ्चालन व्यवस्थापन एबं कमजोर मर्मत सम्भारका कारणले केही योजनाहरु योजनाहरु आंशिक रुपमा मात्र सञ्चालित रहेका छन । सञ्चालनमा रहेका योजनाहरुलेपनि योजना क्षेत्रका सबै घरधुरीहरुलाई नियमित सेवा दिन नसकेको अवस्था विद्यान छ । यसकारण आगामी दिनहरुमा यस गाउँपालिकामा सेवा नपुगेको क्षेत्रमा नयाँ योजनाहरुको निर्माण र सेवा पुगेको क्षेत्रमा विद्यमान योजनाहरुको अवस्था विश्लेषण गरी मर्मत सम्भार तथा दीगोपनाका क्रियाकलापहरु सञ्चालन गर्नुपर्ने देखिन्छ । थप जानकारी अनुसूची १२ मा उल्लेख गरिएको छ ।

३.२.२ विद्यमान खानेपानी योजनाहरुको संस्थागत तथा मर्मत सम्भार व्यवस्थापनको अवस्था

यस गाउँपालिकाका बिभिन्न समयमा तयार पारिएका जलउपयोग गुरुयोजनाको तथ्यांकहरुलाई विश्लेषण गर्दा गाउँपालिकाका करिब ५८% घरधुरीहरु एकपटक विद्यमान खानेपानी योजनाहरुबाट लाभान्वित भएको पाइन्छ तर संरचनाहरुको उचित निर्माण, नियमित सञ्चालन तथा मर्मत सम्भारको अभाव लगायत संचालन व्यवस्थापनको कमिले गर्दा सुविधा स्तर कायम राख्न सकिएको छैन । कुनै पनि योजनाको दीगोपनाको लागि प्राविधिक मापदण्ड आनुसार निर्माण गरिनु एवं नियमित मर्मत सम्भार व्यवस्थापन एउटा प्रमुख आधार हो । मर्मत सम्भारको अभावमा कुनै पनि योजनाले आफ्नो डिजाईन अवधिसम्म सेवा दिन सक्दैन । यस यस गाउँपालिकामा मर्मत सम्भार व्यवस्थापनको अवस्था ज्यादै कमजोर छ । गाउँपालिकामा रहेका ७४ वटा विद्यमान खानेपानी योजनाहरु भए तापनी उक्त योजनाहरुको व्यवस्थापकीय अवस्था तथा मर्मत सम्भारको अवस्था कमजोर नै छ । योजनाहरुको नियमित सञ्चालन तथा व्यवस्थापनका लागि उपभोक्ता समिति दर्ता गराई कार्य सञ्चालन गर्ने, संरचनाहरु प्राविधिक मापदण्ड अनुसार निर्माण गर्ने, नियमित रुपमा पानी शुल्क संकलन, उ.स.को बैठक तथा बार्षिक साधारणसभा लगायत जनसुनवाई जस्ता कार्यक्रमहरु गर्नुपर्ने देखिन्छ । अगामी दिनमा यस गाउँपालिकामा योजनाहरु निर्माण गराउदा उ.स. स्तरमा दीगोपनाको औचित्य गराई योजनामा मर्मत सम्मभार तथा संस्थागत बिकासका क्रियाकलापहरुलाई बढी प्राथमिकता दिनुपर्ने देखिन्छ । उक्त विद्यमान योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन अवस्थाको थप जानकारी अनुसूची १३ मा उल्लेख गरिएकोछ ।

३.२.३ गाउँपालिका स्तरीय सरसफाइ तथा स्वच्छताको विद्यमान अवस्था

हाल यस गाँउपालिकाका हरेक घरधुरीमा एक पटक सौचालय निर्माण भइ गाउँपालिका नै खुल्ला दिशामुक्त भए तापनी यो तथ्यांक संकलनका बेलासम्मा केही घरधुरीहरुमा सौचालय निर्माणको क्रममा रहेको देखीन्छ । गाउँपालिकामा केही

सामाजिक कुरीतिहरु जस्तैः महिनावारी भएको बेला चर्पी र धारा प्रयोग गर्न नदिने अवस्था रहेको कारणले खोलानालाहरुमा केहि ठाउंमा खुल्ला दिशा देखिने अवस्था रहेको छ । संस्थागत सरसफाइ तथा स्वच्छताको अवस्था विश्लेषण गर्दा विशेषगरि विद्यालयहरुमा चर्पी निर्माण गरिए तापनि उचित व्यवस्थापनको अभावमा विद्यालय वरिपरि खुल्ला दिशा देखिने तथा बालबालिकाहरुलाई चर्पी प्रयोगमा कठिनाई रहेको देखिन्छ । गाउँपालिकाका करिब २३ प्रतिसत भन्दा बढी घरधुरीहरुले पशुपालन गरीराखेको तर गोठेमलको अवस्था भने एकदमै न्यून रहेको पाईन्छ । सरसफाईका अन्य महत्वपुर्ण अंगहरु अन्तरगत भाडासुकाउने चांग र फोहरुफाल्ने खाडलहरु व्यवस्थापन पनी एकदमै न्यून घरधुरीहरुमा देखिन्छ । यसप्रकार आगामी दिनहरुमा यस वडामा घरायँसी तथा व्यक्तिगत सरसफाइका क्रियाकलापहरुमा गाउँपालिका लगायत अन्य सरकोकारवालहरुले प्राथमिकता दिनुपर्ने देखिन्छ । यस यस गाउँपालिकाको समग्र सरसफाइ स्थिति र विभिन्न भागहरुको विद्यमान अवस्था वडागत रुपमा तालिका नं १३ मा उल्लेख गरिएको छ भने टोलस्तरीय विस्तृत विवरण **अनूसूची** ३ मा दिइएको छ ।

तालिका नं. १३ : घरायसी सरसफाइ तथा स्वच्छताको विद्यमान अवस्था

वार्ड न.	जम्मा घरधुरी	जम्मा चर्पीको संख्या		फोहोर फाल्ने खाडल भएको घर संख्या	भाडा सुकाउने चांग भएको घर संख्या	पशुपालन भएको घरसंख्या
		चर्पी भएको जम्मा घर संख्या	चर्पी प्रयोग भएको घरसंख्या			
१	६६५	२९८	२९८	५७	८०	०
२	४८९	३९२	३९१	०	०	०
३	६६८	५९१	५९१	३८५	३९	०
४	६३४	३०६	३०६	१८	११	०
५	६६०	३७२	३७२	४	४	०
६	९०३	९०२	९०२	८	११	८९९
जम्मा	**४०१९**	**२८६१**	**२८६०**	**४७२**	**१४५**	**८९९**

स्रोत : साविकका गाविस स्तरीय जलउपयोग गुरुयोजनाहरुको प्रतिवेदन विश्लेषण (२०६८–२०७५)
(माथि उल्लेखित तथ्याकं साविकको गुरुयोजना तयारी बर्षको भएकाले केही वडाहरुको हालको तथ्यांक यसमा समावेश गरिएको छैन)

३.२.४ संस्थागत तथा विद्यालयहरुको खानेपानी, सरसफाइ तथा स्वच्छताको अवस्था

सरसफाइ तथा स्वच्छता व्यवहार प्रवर्द्धनकालागि विद्यालय तथा संस्थागत सरसफाइ र स्वच्छता कायम हुन अति आवश्यक छ । सरसफाइ तथा स्वच्छता कायम गर्न र व्यवहार परिवर्तनका लागि विद्यालय एउटा महत्व्पूर्ण घर भएको कारणले विद्यालयहरु सरसफाइ र स्वच्छता कायम गर्न संवाहक को रुपमा काम गर्न सक्दछन् । यस गाउँपालिकाको विद्यालयहरुमा भएको खानेपानी तथा सरसफाइको अवस्थालाई विश्लेषण गर्दा गाउँपालिका भरीमा भएको ३६ वटा विद्यालयहरुमध्ये जम्मा २२ वटा विद्यालयहरुमा खानेपानी, ३३ वटामा सौचालयको व्यवस्था र २१ वटा विद्यालयहरुमा फोहर ब्यवस्थापन ब्यवस्था भएको देखिन्छ । अधिकांश विद्यालयहरुमा वालवालिकाको लागि छुट्टाछुट्टै शौचालयहरु निर्माण गरेको देखिन्छ । सरसरि हेर्दा ५१६ विद्यार्थीलाइ पनी एक सौचालयको ब्यवस्था देखिन्छ जुन राष्ट्रिय मापदण्ड भन्दा धेरै अपुग छ र आगामी दिनमा यस गाउँपालिकामा विकास निर्माणका क्रियाकलापहरु सञ्चालन गर्दा विद्यालय सरसफाइका गतिविधिहरुलाई बिषेश ध्यान दिन जरुरी देखिन्छ । यस गाउँपालिकामा सरकारी कार्यालय अर्न्तगत गाउँपालिका, वडा कार्यालय र स्वास्थ्य चौकीहरु रहेका छन् । कार्यरत सरकारी कार्यालयहरुमा खानेपानी तथा सरसफाइ अवस्था विश्लेषण गर्दा अझै केही सरकारी कार्यालयहरुमा व्यवस्थापन गर्न बाँकी देखिन्छ । यसकारण सरकारी कार्यालय लगायत संघ संस्थाहरुमा आम समुदायको नियमित आवत जावत हुने स्थान भएकाले उक्त कार्यालयमा सुरक्षित सौचालय, खानेपानी तथा फोहर व्यवस्थापनको व्यवस्था मिलाउनु पर्ने देखिन्छ । विद्यालय र संस्थागत खानेपानी तथा सरसफाई सम्बन्धि थप विस्तृत विवरण **अनुसूची** ६ मा उल्लेख गरिएको छ ।

३.२.५ स्वास्थ्य संस्था तथा क्लिनिक

यस गाउँपालिकामा भएका स्वास्थ्य संस्थाहरुवाट संकलन गरेको तथ्यांकहरुलाई विश्लेषण गर्दा गाउँपालिका भरिमा पानीजन्य विभिन्न रोगहरुबाट प्रभावित भई स्वास्थ्य संस्थावाट करिब १३६६ बिरामीहरुले उपचार तथा उपयुक्त परामर्श लिएको अवस्था तथ्यांक विश्लेषणले देखाउछ । परामर्श लिएका बिरामीहरुमध्ये सबैभन्दा बढी आउमासी, जुका र बिभिन्न खाले झाडापखाला र रगतमासी बाट प्राभावित भएको देखिन्छ । यी प्रभावितहरुमा पुरुष भन्दा महिला बढी देखिन्छ । गाउँपालिकाको वडा नं. २ र ३ मा सबै भन्दा बढी विरामीहरु देखिएका छन् । प्रायःजसो पानीजन्य रोगहरुको प्रकोप देखिएका कारण पिउने पानीको व्यवस्थापनलाई बिषेश ध्यान दिनुपर्ने देखिन्छ। साथै उक्त रोगहरुको व्यवस्थापन तथा रोकथामका लागि गाउँपालिकामा, चर्पिको नियमित प्रयोग, हरेक घरधुरी तथा संघसंस्थाहरुमा साबुनपानीले हात धुने स्थानको व्यवस्थापन , आम जनचेतना, आनीबानीमा परिवर्तन लगायत पुर्ण सरसफाईका क्रियाकलापहरु सञ्चालन गर्नुपर्ने देखिन्छ। गाउँपालिकामा विद्यमान बिभिन्न रोगहरुको अवस्था विश्लेषण चित्र नं १३ मा र वडागत थप विस्तृत विवरण तालिका नं. १४ र अनुसुचि नं. ८ मा उल्लेख गरिएको छ।



चित्र न. १३ : बिभिन्न रोगहरु सम्बन्धी स्वास्थ्य संस्थाहरुको तथ्यांक बिश्लेषण

तालिका नं. १४ : स्वास्थ्य संस्थावाट उपचार तथा परामर्श लिएका विरामी संख्या र रोगहरुको अवस्था

ICD Code	रोगको नाम	जम्मा बिरामी संख्या		
		महिला	पुरूष	जम्मा
A01	म्यादे ज्वरो	८६	७८	१६४
A09	झाडापखाला	१०५	५५	१६०
A06	आउँमासी	१८९	१७७	३६६
A03	रगतमासी	७९	७६	१५५
K52	किटाणुरहित झाडापखाला	८३	९१	१७४
A00	हैजा	०	०	०
B82	जुका	१६०	१२९	२८९
R17	जंडिस	१६	४०	५६
A64	यौनजन्य रोगहरु	०	०	०
B24	HIV/AIDS	०	०	०
E46	कुपोषण	१	१	२
जम्मा		७१९	६४७	१३६६

स्रोत : साबिकका गाविस स्तरीय जलउपयोग गुरुयोजनाहरुको प्रतिवेदन विश्लेषण (२०६८–२०७५)

३.२.६ खानेपानीको वर्तमान अवस्था तथा पहुँच

यस गाउँपालिकाको बिभिन्न मितिमा तयार पारिएका जलउपयोग गुरुयोजनाको प्रतिवेदनहरुलाई विश्लेषण गर्दा गाउँपालिकाभरी बिभिन्न सरकारी तथा गैर सरकारी निकायहरुको सहयोगमा ठुला साना गरी करिब ७४ वटा खानेपानी योजनाहरु निर्माण गरेको देखिन्छ । उक्त योजनाहरुवाट निर्माणका क्रममा गाउँपालिकाका करिब ५८% घरधुरीहरु लाभान्वित भएतापनी हाल उक्त घरधुरीहरुले आंशिक रुपमा मात्र सुविधा पाईराखेको देखिन्छ । योजना निमार्ण भए तापनी उचित आम सचेतना तथा मर्मत संभारको अभाव, र उपभोक्ता समितिको कम प्रभावकारिता/क्रियाशिलताका कारण उक्त योजनाहरुबाट उपयुक्त सुबिधा स्तर हासिल गर्न नसकेको अवस्था विद्यमान छ । जलउपयोग गुरुयोजना निर्माणको बेलाको तथ्याकंलाई विश्लेषण गर्दा कूल घरधुरी मध्ये करिब २% घरधुरीहरुले अझै नौला/कुवा र ,५% घरधुरीहरुले नदी/खोला तथा कुलोको पानी पिउनको लागि प्रयोग गरिरहेको पाईन्छ जुन गुणस्तरको माध्यमबाट नराम्रो मानिन्छ। व्यवस्थित योजनाको धाराबाट पानी उपभोग गर्ने घरधुरीहरुकोपनी सुबिधास्तर पुर्ण रुपमा राम्रो देखिदैन । पालिकाको ठुलो जनसंख्या (२९%) अझै पनि मुल तथा ढुङ्गे धाराहरबाट पानी उपभोग गरिरहेको देखिन्छ । चित्र नं. १४ विद्यमान खानेपानीको अवस्था विश्लेषण गरिएको छ र वडागत अनुसारको तथ्यांक तालिका नं. १५ मा दिईएको छ भने टोल स्तरीय पानी उपभोगको विस्तृत विवरण **अनुसूची** १० दिइएको छ



चित्र नं. १४ : गाउँपालिकाको विद्यमान खानेपानीको अवस्था विश्लेषण

तालिका नं. १५ : वडागत रुपमा खानेपानी उपयोगको वर्तमान अवस्था

वडा नं.	वर्तमान प्रयोग (प्राथमिक स्रोत					जम्मा घरधुरी
	योजनाको धारा	नदी/खोला/कुलो	नौला/कुवा	ढुंगेधारा	मुल	
१	४१६	१९४	४५	०	१०	६६५
२	४४८	१	२५	०	१५	४८९
३	६२७	१	०	०	४०	६६८
४	२९६	०	०	२७३	६५	६३४
५	३६५	०	०	१४२	१५३	६६०
६	४२६	०	२८	४४९	०	९०३
जम्मा	२५७८	१९६	९८	८६४	२८३	४०१९

स्रोत : साबिकका गाविस स्तरीय जलउपयोग गुरुयोजनाहरुको प्रतिवेदन विश्लेषण (२०६८–२०७५)

३.२.७ विद्यमान खानेपानी प्रयोगको सुबिधास्तर विश्लेषण

कुनैपनी समुदाय भित्र बसोबास गर्ने घरधुरीहरुको खानेपानीको बर्तमान उपभोगको अवस्था वा खानेपानी उपलब्धताका आधारमा सहज वा असहज के-कस्तो छ भनी जनाउनुलाई सुबिधास्तर वा कठीनता (Hardship) भन्ने गरिन्छ । जलउपयोग गुरुयोजना निर्माण गर्दा हरेक घरधुरीहरुको विद्यमान पानी उपभोगका दृष्टीकोणले अध्ययन गरी समुदायहरुको विद्यमान सुबिधास्तर वा कठीनता अंक निर्धारण गरिन्छ । सुबिधास्तर निर्धारणले एकातिर बर्तमानमा समुदायको खानेपानी, सरसफाई तथा स्वच्छताको अवस्था आँकलन गर्न सकिन्छ भने अर्कोतर्फ गुरुयोजनाको सिद्धान्त बमोजिम भविष्यमा योजना तर्जुमा गर्दा पानीको न्यायोचित वितरण गर्न समेत मदत पुग्दछ । निम्न सुचकहरुको विश्लेषण बाट विद्यमान खानेपानीको यकिन गरिन्छ ।

सुबिधास्तर निर्धारणका सुचकहरु :

सुबिधास्तर निर्धारणका लागि ४ वटा सुचकहरु (QARQ) को समुदायस्तरमा अध्ययन गरिन्छ ।

१) उपलब्ध पानीको परिमाण (Quantity)

२ औसत पानी भर्न लाग्ने समय (Accessibility to the water sources/ Fetching time)

३) स्रोतको विश्वसनियता (Reliability)

४) पानीको गुणस्तर (Quality)

घरधुरीहरुमा खानेपानी उपभोगको सुबिधास्तर वा कठिनता स्तरकाको विश्लेषण माथि उल्लेखित सुचकहरुको आधारमा गुरुयोजना तयारीको तेश्रो चरण (अध्ययन चरण) मा गर्ने गरिन्छ। यस गाउँपालिकाको गुरुयोजना तयारी गर्दा गुरुयोजना सहजकर्ताहरुले उप जलाधार क्षेत्र वा साबिकका गुरुयोजनाहरुको तथ्यांकलाई वडास्तरीय बैठकमा समिक्षा गरी सहभागितात्मक लेखाजोखाको माध्यमवाट समुदायका घरधुरीहरुले वर्तमानमा प्रयोग गरीराखेको धारा, नौला, कुवा, खोला, कुलो तथा नदी आदी को यकिन गरी खानेपानी सुबिधालाई तलको तालिकाकामा उल्लेखित सुचकहरुका आधारमा पत्ता लगाई घरधुरी तथा बस्तीहरुको विद्यमान खानेपानीको सुबिधास्तर निर्धारण गरेको छ ।

तालिका नं. १६ : खानेपानीको विद्यमान सुविधास्तर वर्गिकरण तथा विश्लेषण गर्ने सूचकहरु

सुविधा स्तर	सुचक १	सुचक २	सुचक ३	सुचक ४
	परिमाण (लिटर/ब्यक्ति/ दिन)	औसत पानी भर्ने समय (मिनेट)	विश्वसनियता (महिना/बर्ष))	पानीको गुणस्तर
पहिलो (राम्रो) **(SL-1*)**	४५ भन्दा बढी	१५ मि.भन्दा कम	१२ महिना	संरक्षित र सुरक्षीत श्रोत
दोश्रो (औसत) **(SL-2*)**	४५ भन्दा कम तर २५ भन्दा बढी	१५ भन्दा बढी तर ३० मि. भन्दा कम	१२ भन्दा कम तर ११ भन्दा बढी	स्वीकार्य श्रोत
तेश्रो (नराम्रो) **(SL-3*)**	२५ भन्दा कम	३० मि. भन्दा बढी	११ भन्दा कम	नराम्रो श्रोत

SL: Service Level

माथी उल्लेख गरिएका सुचकहरुलाई एकमुष्ट विश्लेषण गरि समुदायको विद्यमान खानेपानी उपभोगको अवस्थालाई एकिन गर्ने गरिन्छ । उल्लेखित सुचकहरु मध्ये कुनै एक सुचक कमजोर देखिन गएमा सम्बन्धित बस्तीको समग्र खानेपानीको सुबिधाका हिसाबले कमजोर छ भनी आकलन गर्न सकिन्छ। यस गाउँपालिकाको जलउपयोग गुरुयोजना समायोजनाका समयको सुबिधास्तरलाई विश्लेषण गर्दा गाउँपालिकाका करिब ३४ प्रतिसत घरधुरीहरुले अझै कठिन तथा नराम्रो सुविधास्तर उपभोग गरिराखेको अवस्था तथ्यांक विश्लेषणले देखाउछ । त्यासैगरी करिब २७ प्रतिसत

घरधुरीहरुले स्वीकार्य सुबिधास्तर उपभोग गरिराखेका छन भने ३९ प्रतिसत घरधुरीहरुले मात्र राम्रो तथा निर्धारित मापदण्ड अनुसारको सुविधास्तर उपभोग गरिराखेको अवस्था देखिन्छ । घरधुरीहरुको बिद्यमान सुबिधास्तर प्रायजसो खानेपानी संचालन ब्यवस्थापनमा आएको कमजोरी, योजनाहरुको दिगो सञ्चालन ब्यवस्थापनको कमजोरी लगायत जलबायु परिबर्तनका कारणबाट देखिन आएको असरबाट पनी सेवास्तरमा कमि आएको प्राप्त तथ्यांकले देखाउछ । उक्त आवस्थाको विश्लेषण चित्र नं. १५ मा उल्लेख गरिएको छ । यस गाउँपालिकाका घरधुरीहरुको आधार बर्ष र गुरुयोजना निर्माण समायोजन गर्दाको घरधुरी र सुविधास्तर तलको तालिका नं १७ मा उल्लेख गरिएको छ भने बस्ती अनुसारको थप विस्तृत विवरण अनुसूची नं ११ मा उल्लेख गरिएको छ ।



चित्र नं. १५ : घरधुरीहरुको बद्यमान खानेपानीको सुबिधास्तर विश्लेषण

तालिका नं. १७ : गाउँपालिकाको आधार बर्ष र गुरुयोजना समायोजन समयको घरधुरी र सुबिधास्तर

वडा नं.	आधार बर्षको घरधुरी तथा सुविधास्तर (२०६८-२०७५)				हालको घरधुरी तथा सुविधास्तर (२०७५)			
	जम्मा घरधुरी	राम्रो	स्वीकार्य	नराम्रो	जम्मा घरधुरी	राम्रो	स्वीकार्य	नराम्रो
१	६६५	४२६	२१	२१८	७२९	११८	६८	५४३
२	४८९	०	२९२	१९७	४८९	०	२९२	१९७
३	६६८	५०४	१६२	२	६६८	५०४	१६२	२
४	६३४	३२४	२१७	९३	६३४	४२०	९७	११७
५	६६०	३०३	१५१	२०६	६६०	३७८	८८	१९४
६	९०३	०	५४१	३६२	९०३	१७७	३८४	३४२
जम्मा	४०१९	१५५७	१३८४	१०७८	४०८३	१५९७	१०९१	१३९५

स्रोत : जलउपयोग गुरुयोजनाहरुको समिक्षा तथा समायोजन २०७५

३.३ विद्यमान सिँचाई योजनाहरुको सञ्चालन तथा मर्मत सम्भारको अवस्था

३.३.१ विद्यमान सिँचाइ योजनाहरुको सञ्चालन अवस्था तथा लाभान्वित घरधुरीहरु

यस गाउँपालिकाको कूल भु-भाग १२२३८.९४ हेक्टर रहेको छ। उक्त भु-भाग मध्ये खेतीयोग्य जमिनको भु-भाग करिव ४९३९.३७ हेक्टर अर्थात ४० प्रतिशत रहेको छ। गाउँपालिकामा हाल सम्म बिभिन्न निकायको सहयोगमा परम्परागत

सिँचाई कुलो ९८ वटा तथा आधुनिक सिँचाई ८ वटा गरी जम्मा १०६ वटा योजनाहरु निर्माण भएका छन । जस मध्ये ३ वटा राम्रो संग संञ्चालित, ९५ वटा आंशिक रुपमा मात्र सञ्चालन र ८ वटा बन्द रहेको देखिन्छ। उक्त योजनाहरुवाट हाल ५५८० घरधुरीका (दोहरिएको) खेतहरु सिंचित भएको देखिन्छ। वडा नं. १ मा एउटै पनि सिंचाई योजना संचालन भएको देखिएन । योजनाहरुमा भएका स्रोतहरुको प्रयाप्तताका कारणले आगामि दिनहरुमा उक्त योजनाहरुको मर्मत सम्भार एवं स्तरोउन्नती गरी थप सिँचाई सेवा क्षेत्र बृद्धि गर्न सकिने सम्भावना प्रवल देनिन्छ। उक्त विद्यमान सिँचाई योजनाहरुको थप विस्तृत विवरण क्रमश **अनुसूची** नं. १४ र १५ मा उल्लेख गरिएको छ।

३.३.२ विद्यमान सिँचाई योजनाहरुको सस्थागत तथा मर्मत सम्भारको अवस्था

यस गाउँपालिकामा विद्यमान अवस्थामा रहेका १०६ वटा सिँचाइ योजनाहरुको संस्थागत तथा मर्मत सम्भारको अवस्था एकदमै कमजोर रहेको छ। कुनैपनी योजनामा दीगो संस्थागत अवधारणा अवलम्बन गरिएको छैन। कुनैपनी योजनाहरुमा उपभोक्ता समिति दर्ता, मर्मत सम्भार कार्यकर्ताको नियुक्ती र नियमित पानी शुल्क को व्यवस्था गरिएको छैन। यसकारण अगामी दिनमा यस गाउँपालिकामा योजनाहरु निर्माण गराउदा गाउँपालिका लगायत अन्य सरोकारबालाहरुले उ.स. स्तरमा दीगोपनाको औचित्य गराई योजनामा मर्मत सम्मभार तथा संस्थागत विकासका क्रियाकलापहरुलाई बढी प्राथमिकता दिनुपर्ने देखिन्छ। उक्त योजनाहरुको सञ्चालन तथा व्यवस्थापनको अवस्था क्रमशः अनुसूची नं. १४ र १५ मा मा उल्लेख गरिएकोछ।

३.३.३ विद्यमान बहुउदेश्यय योजनाहरुको संचालन, सस्थागत तथा मर्मत सम्भारको अवस्था

यस गाउँपालिकामा विद्यमान अवस्थामा ७ वटा बहुउपयोगी योजनाहरु संचालित छन् । यी सबै योजनाहरु परम्परागत सिंचाई र उर्जासंग सम्बन्धित छन् । सबै योजनाको संचालन अबस्था कमजोर भई आसिंक रुपमा मात्र संचालनमा रहेको देखिन्छ। उक्त योजनाहरुको संस्थागत तथा मर्मत सम्भारको अवस्था पनि कमजोर रहेको छ। कुनैपनी योजनामा दीगो संस्थागत अवधारणा अवलम्बन गरिएको छैन । यसकारण अगामी दिनमा यस गाउँपालिकामा योजनाहरु निर्माण गराउदा गाउँपालिका लगायत अन्य सरोकारबालाहरुले उ.स. स्तरमा दीगोपनाको औचित्य गराई योजनामा मर्मत सम्मभार तथा संस्थागत विकासका क्रियाकलापहरुलाई बढी प्राथमिकता दिनुपर्ने देखिन्छ। उक्त योजनाहरुको योजनागत थप बिस्तृत विवरण अनुसुचि १७ मा उल्लेख गरिएको छ।

३.४ ग्रामीण जलउर्जा

३.४.१ विद्यमान जलउर्जा तथा लाभान्वित क्षेत्रहरु

यस सायल गाउँपालिकामा जलउर्जा क्षेत्रमा गुरुयोजना तयार हुदा सम्म जम्मा ४४ वटा योजनाहरु सम्पन्न भएको देखिन्छ जसमा २ वटा लघुजलबिद्युत् योजना तथा ४२ वटा सुधारीएको पानीघट्ट योजना छन । पानी घट्टहरु मध्ये १८ वटा सुधारीएका र बाँकी २६ वटा परंम्परागत घट्ट योजनाहरु रहेका छन । उक्त योजनाहरु मध्ये २३ योजनाहरु आंशिकरुपमा र अन्य १९ वटा पुर्णरुपमा सञ्चालनमा रहेका छन । सञ्चालनमा रहेका घट्टका योजनाहरुवाट जम्मा ८७२ घरधुरीहरुले कुटानी पिसानीको सेवा लिईराखेका छन भने लघुजलबिद्युत् योजनाको लाभान्वित घरधुरी १४५९ रहेको छ। सञ्चालनमा रहेका योजनाहरुको थप विस्तृत विवरण क्रमशः अनूसुचि नं. १६ र १७ मा उल्लेख गरिएको छ।

३.४.२ विद्यमान जलउर्जा क्षेत्रका योजनाहरुको सञ्चालन तथा मर्मत सम्भारको अवस्था

यस गाउँपालिकामा जलउर्जाको क्षेत्रमा जम्मा ४४ वटा योजनाहरु भएको देखिन्छ। विद्यमान अवस्थामा रहेका पानी घट्टहरु योजनाहरु मध्ये कुनैपनी योजनामा दीगो सञ्चालन तथा मर्मत सम्भारको अभ्यास गरेको देखिदैन। २०६५/६६ मा सम्पन्न भएको २ वटै विद्युत आयोजना आंशिकरुपमा संचालन भएको देखिन्छ। एउटा लघुजलबिद्युत् योजना बाहेक

अरु कुनैपनी योजनाहरुमा नियमित महशुल, मर्मत सम्भार कोष तथा हेरालु तथा अपरेटरको नियुक्ती गरेको देखिदैन । अगामी दिनहरुमामा यस गाउँपालिकामा योजनाहरु निर्माण गराउदा योजनाको दीगोपना, मर्मत सम्मभार तथा संस्थागत विकासका क्रियाकलापहरुलाई बढी प्राथमिकता दिनुपर्ने देखिन्छ। उक्त योजनाहरुको थप विस्तृत विवरण क्रमशः अनूसुचि नं. १६ र १७ मा उल्लेख गरिएको छ ।

३.५ वैकल्पिक तथा नबिकरणीय उर्जा

३.५.१ विद्यमान वैकल्पीक उर्जाको अवस्था

यस गाउँपालिकामा रहेका जम्मा ४०१९ घरधुरीहरुमध्ये करिब ८७७ घरधुरीहरुले उर्जाको श्रोतको लागि नविकरणिय तथा वैकल्पिक उर्जा अर्न्तगत सोलारको प्रयोग गरीराखेको देखिन्छ। वडा नं. ६ का ३ घरधुरीहरुले वायोग्याँसको अभ्यास गरेको देखिन्छ। यसका साथै खाना पकाउन यस गउँपालिकाका शतप्रतिसत घरधुरीहरु दाउरामा मात्र आश्रित रहेतापनि हाल सुधारिएको चूलो प्रयोग गर्ने घरधुरीहरु एकदमै न्यून रहेको देदिन्छ । गाउँपालिका भरीमा जम्मा १२ घरधुरीहरुमा मात्र सुधारिएको चुलो भएको अवस्था विद्यमान तथ्यांक विश्लेषणले देखाउछ । यस गाउँपालिकाको वैकल्पिक उर्जा प्रयोगको वडागत अवस्था तलको तालिका नं. १८ मा र टोल अनुसारको थप विस्तृत विवरण **अनुसूची** नं. ३ मा उल्लेख गरिएको छ ।

तालिका नं. १८ : गाउँपालिकाको वडागत रुपमा वैकल्पिक उर्जा प्रयोगको विद्यमान अवस्था

वडा नं.	जम्मा घरधुरी	सोलार प्रयोग गर्ने घरधुरी	बयोग्याँस प्रयोग गर्ने घरधुरी	सुधारिएको चुलो प्रयोग गर्ने घरधुरी
१	६६५	९९	०	७
२	४८९	३७४	०	०
३	६६८	१७५	०	२
४	६३४	८५	०	२
५	६६०	०	०	१
६	९०३	१४४	३	०
जम्मा	**४०१९**	**८७७**	**३**	**१२**

स्रोत : साबिकको गाविस स्तरीय जलउपयोग गुरुयोजनाहरुको प्रतिवेदन विश्लेषण (२०६८–२०७५)

३.५.२ वातावरण तथा पर्यावरण संरक्षणको विद्यमान अवस्था

यस गाउँपालिकाको कूल भु-भाग १२२३८.९४ हेक्टर रहेको छ र उक्त भु-भाग मध्ये करिब ६० % हिस्सा खेती जमिन बाहेक अन्य प्राकृतिक स्रोतले ओगटेको अवस्थामा छ। करिब २७ % भुभाग वनजंगल तथा झाडीले ओगटेको देखिन्छ । जलबायु परिवर्तनको दिन प्रतिदिनको असरहरु, जनसंख्या बृद्धिदर, खेतीपाती, पशुपालनका कारण वनजंगल क्षेत्र ४% सिमित भएको छ भने अर्कोतर्फ गाउँपालिका क्षेत्रमा नदी कटान, बर्षातको भल, बाडी र पहिरोहरुका कारणले गर्दा वातावरणमा असर गरेको छ। लामो अवधिसम्म जलस्रोतको सेवा लिन र पर्यावरणीय सन्तुलन कायम राख्न जलाधार क्षेत्र, वनजंगल क्षेत्रहरु संरक्षण गर्नु पर्ने देखिन्छ । जलउपयोग गुरुयोजना निर्माणको क्रममा प्राप्त तथ्यांक हेर्दा यस वडामा हालसम्म कुनैपनि वातावरण तथा पर्यावरण सम्बन्धी योजना, क्रियाकलापहरु सञ्चालन नभएको देखिन्छ । यसकारण आगामी दिनमा यस गाउँपालिकामा बातावरण, पर्यावरण तथा जलबायु परिवर्तन अनुकुलन सम्बन्धि योजनाहरुलाई प्राथमिकता निजुपर्ने देखिन्छ ।

३.६ निर्माणाधिन जलस्रोत सम्बन्धी योजनाहरुको वर्तमान अवस्था

जलउपयोग गुरुयोजना समिक्षा तथा समायोजनको समयमा यस गाउँपालिकामा बिभिन्न क्षेत्रलाइ लक्षित गरि जम्मा ४ वटा योजनाहरु निर्माणाधिन अवस्थामा रहेको देखिन्छ । जस अन्तरगत ३ वटा खानेपानी र एउटा सुधारिएको घट्टको योजनाहरु रहेको देखिन्छ । यी योजनाहरु वडाकार्यालय/गाउँपालिका र RVWRMP सहयोगमा सञ्चालनमा रहेको देखिन्छ । उक्त योजनावाट लाभान्वित हुने घरधुरी तथा योजना सम्वन्धि विस्तृत विवरण तालिका नं. १९ मा उल्लेख गरिएको छ भने थप विस्तृत विवरण **अनुसूचि** नं. १९ मा उल्लेख गरिएको छ ।

तालिका नं. १९ : निर्माणाधिन योजनाहरु र लाभान्वित घरधुरी विवरण

क्र. सं.	योजनाको क्षेत्र				जम्मा योजना संख्या	लाभान्वित घरधुरीहरु
	सुधारिएको घट्ट	खानेपानी	सिंचाई	लघु सिंचाई		
१	०	०	०	०	०	०
२	०	०	०	०	०	०
३	०	०	०	०	०	०
४	०	०	०	०	०	०
५	०	०	०	०	०	०
६	१	३	०	०	४	२५८
जम्मा	**१**	**३**	**०**	**०**	**४**	**२५८**

स्रोत : साबिकको गाविस स्तरीय जलउपयोग गुरुयोजनाहरुको समिक्षा तथा समायोजन २०७५

४ अध्याय : परिकल्पना तथा रणनीति

यस सायलगाउँपालिकाको जलउपयोग गुरुयोजनाको समिक्षा तथा समायोजन कार्य स्थानीय जनप्रतिनिधीहरु लगायत विद्यमान सरोकारवालाहरुको व्यापक सहभागिता, सकृयता तथा चरणबद्ध कार्यतालिका अनुसार गाउँकालिकाका बस्तीहरुको वास्तविक अवस्था, विद्यमान स्रोत साधनहरुको सम्भावना तथा वर्तमानको वास्तविक आवश्यकतामा आधारित भई निर्माण गरिएको छ । गाउँपालिकाले पञ्चबर्षीय (आ.ब. २०७५/७६ देखी २०८०/८१) सम्मका लागि क्षेत्रगत रुपमा आवधिक परिकल्पनाहरु (VISION) निर्माण गरि गुरुयोजनाले निर्धारण गरेका योजना तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्ने लक्ष्य कायम गरिएको छ । यस सायलगाउँपालिकाले तपसिल बमोजिमका क्षेत्रगत परिकल्पनाहरु तथा योजना प्राथमिकीकरणका आधारहरु योजना तर्जुमा गोष्ठी मार्फत तय गरिएको छ ।

४.१ गाउँपालिकाको क्षेत्रगत परिकल्पना तथा योजना छनौटका आधारहरु

४.१.१ खानेपानी,सरसफाई तथा स्वच्छता क्षेत्रको आवधिक परिकल्पना तथा रणनीतिहरु

परिकल्पना (Vision)

"मुहान देखी मुख सम्म सुरक्षित तथा दिगो खानेपानीको अभियान

टोल टोल बस्ती बस्ती पुर्ण सरसफाई गर्ने सायल गाउँपालिकाको पहिचान"

योजना छनौट तथा प्राथमिकीकरणका आधारहरु (Investment Policy Options)

१. सेवा नपुगेको क्षेत्र तथा अति कठिनतामा रहेका वर्गहरुलाई प्राथमिकता (Hardship)

२. जनसंख्या बृद्धि भईराखेको मुख्य क्षेत्रलाई प्राथमिकता

३. अति गरिब तथा पछाडी पारिएका वर्गहरुलाई प्राथमिकता

४. कम लगानिमा धेरै जनसंख्या लाभान्वित हुने योजनहरुलाई प्राथमिकता

५. लक्षित मापदण्डको सुविधास्तर हासिल गर्ने र सेवा विस्तार गर्नुपर्ने क्षेत्रलाई प्राथमिकता

६. असल ब्यवहार तथा प्रतिबद्धता भएका समुदायहरुलाई प्राथमिकता

४.१.२ सिँचाई तथा जिविकोपार्जन क्षेत्रको आवधिक परिकल्पना तथा रणनीतिहरु

परिकल्पना (Vision)

"बाँझो जमीन सिंचित गरी हरीयाली बढाउ

पकेट क्षेत्र आलु बनाई आलु निर्यात बढाउ"

योजना छनौट तथा प्राथमिकीकरणका आधारहरु (Investment Policy Options)

१. आयआर्जनलाई टेवा पुऱ्याउने तथा प्रती इकाई बढी फाईदा हुने क्षेत्रलाई प्राथमिकता

२. प्रतिव्यक्ति कम लागत र बढी जनसंख्या लाभान्वीत हुने योजनाहरुलाई प्राथमिकता

३. बढी क्षेत्र समेटने तथा सेवा क्षेत्र बृद्धी गर्न सकिने योजनाहरुलाई प्राथमिकता

४. बहुउपयोगी क्षेत्रका योजनाहरुलाई प्राथमिकता

४.१.३ वातावरण तथा पर्यावरण क्षेत्रको आवधिक परिकल्पना तथा रणनीतिहरु

परिकल्पना (Vision)

"पानी जम्ने खाल्डा खनी सुक्ने मुहान बचाउ

हरीयाली कायम गरी जलवायुले हुने असर पाँच बर्षमै घटाउ"

योजना छनौट तथा प्राथमिकीकरणका आधारहरु (Investment Policy Options)

१. मुल संरक्षण (पुर्नधारण, पुर्नभरण, पुन प्रयोग) लाई प्राथमिकता

२. वृक्षारोपणका तथा पहिरो रोकथामका क्रियाकलापलाई प्राथमीकता

३ भु-क्षय रोकथाम तथा वायो इन्जीनीयरीङ जस्ता कृयाकलालाई प्राथमीकता

४.१.४ ग्रामीण जलउर्जा क्षेत्रको आवधिक परिकल्पना तथा रणनीतिहरु

परिकल्पना (Vision)

"जल जमीन र जंगलको स्वमीत्व बुझि खोला खोलामा पानी मिल बनाउ

बिजुलिबाट लघु उद्यम संचालन गरी आयआर्जन बढाउ"

योजना छनौट तथा प्राथमिकीकरणका आधारहरु (Investment Policy Options

१. बढी जनसंख्या लाभान्वीत हुने क्षेत्रका योजनाहरुलाई प्राथमिकता

२. मर्मत सम्भार तथा पुनः सञ्चालन गर्नु पर्ने योजनालाई प्राथमीकता

३. आयआर्जन तथा जिविकोपार्जन लाई टेवा पुऱ्याउने क्षेत्रका योजनाहरुलाई प्राथमिकता

४. लक्षीत वर्गको बसोबास भएको क्षत्रलाई प्राथमिकता

गाउँपालिकाको जलउपयोग गुरुयोजना निर्माणका क्रममा सहभागितात्मक आवश्यकता पहिचान र सामाजिक तथा प्राविधिक विश्लेषणको आधारमा पानीको उपयोग जस्तै खानेपानी, सिँचाई, साना–जलविद्युत, बहुउपयोग र अन्य प्रयोगको लागि जलस्रोतहरुको विश्लेषण गरिएको थियो । यो विश्लेषणले वर्तमान पानीको अवस्था, पानीको मात्रा, व्यवस्थापनको चलन, समस्या र जलश्रोतको संभाव्य उपयोगको वारेमा विस्तृत जानकारी प्रदान गरेको छ । गुरुयोजना निर्माण क्रममा स्थानीय भूगोलमा बसोबास गर्ने जनसमुदाय, क्षेत्रगत विज्ञ जनप्रतिनिधी लगायतका सरोकारवाला व्यक्ति तथा संस्थाहरुलाई सामाजिक–प्राविधिक विश्लेषणको उपलब्धिहरुको वारेमा जानकारी दिने, कार्य योजना तयार गर्ने तथा योजना तर्जुमा तथा प्राथमिकिकरण कार्यशाला गोष्ठीहरु पालिकाका प्रत्येक वडाहरुमा आयोजना गरिएको थियो ।

गुरुयोजना तयारीमा संलग्न सरोकारवालाहरुले बिगतमा जलस्रोत क्षेत्रको अनुभव, उपलब्ध तथ्याङ्क माथीको छलफल तथा महशुसीकरणका आधारमा प्रस्तावित योजना तथा कार्यक्रमहरुको सूची तयार गरेका छन् । वडा स्तरको योजनाहरुको प्राथमिकीकरण पानीको कठिनाई, समावेशी, गरिबी, र सामाजिक स्वीकार्यता आदीको आधारमा गरिएको थियो भने गाउँपालिकास्तरमा योजनाहरुलाई पालिकाको आवधिक परिकल्पना र लगानी नीतिलाई विश्लेषण गरि गरिएको थियो । गुरुयोजनामा प्रस्तावित योजना तथा कार्यक्रमहरुका लागि लाग्ने लागत अनुमान गतविगतका प्राविधिक विश्लेषणहरु र प्रति व्यक्ति लागत का आधारमा तथा योजनाहरुलाई सम्पादन गर्न लाग्ने अनुमानित लागतका आधारमा अनुमान गरिएको छ ।

५ अध्याय : जलउपयोग गुरुयोजना

५.१ गाउँपालिकाको पञ्चवर्षीय तथा आवधिक योजना

यस सायल गाउँपालिकामा विद्यमान जलस्रोतहरु, सामाजिक तथा सांस्कृतिक अवस्था, आर्थिक तथा प्राविधिक पक्षहरुको अध्ययन र छलफल तथा जन आवश्यकतामा आधारित भई जलउपयोग गुरुयोजनाको अभिन्न अंग आवधिक योजना तयार गरिएको हो । आवधिक योजना अर्न्तगत गाउँपालिकाका ६ वटै वडाहरुमा योजना तर्जुमा मार्फत जम्मा सबै क्षेत्रका क्षेत्रगत ५८० योजनाहरु पहिचान गरी प्राथमिकता क्रम सहित गुरुयोजनामा संलग्न गरिएका छन ।

प्रस्तावित योजनाहरुलाई योजनाको प्रकृति, कार्यान्वयनका लागि पर्न सक्ने बाह्य सहयोग, प्रविधि विकल्प, लागत अनुमान आदिलाई आधार मानी बिभिन्न क्षेत्रका क्षेत्रगत योजनाहरुको कार्यान्वयनका लागि गाउँपालिका र वडा स्तर गरि दुई भागमा बिभाजन गरी प्राथमिकता क्रम अनुसारको छुट्टाछुट्टै सूची तयार गरिएको छ । योजना तर्जुमाको समयमा वडा र पालिकाबाट कार्यान्वयन गर्नका लागि पहिचान भएका जम्मा ५८० क्षेत्रगत योजनाहरु मध्ये २४ वटा बहु–उपयोगी योजना, ७५ वटा खानेपानी योजना, १४१ वटा परम्परागत सिंचाई योजना, ८९ वटा लघु सिँचाई योजना तथा २ वटा लघु जलविधुत योजना, ७२ वटा सुधारिएको पानीघट्ट र १७७ बातावरण, पर्यावरण तथा **मूल** संरक्षण क्षेत्रका योजनाहरु रहेका छन । माथि उल्लेखित योजनाहरुमा ३८६ नयां योजनाहरु र १९४ वटा मर्मत सुधारका योजनाहरु प्रस्तावित भएका छन् । उक्त पञ्चवर्षीय योजनाहरुको अनुमानित लागत तथा प्रस्तावित घरधुरीहरुको विश्लेषण तलको चित्र नं. १६ मा गरिएको र थप क्षेत्रगत सारांश विवरण तलको तालिका नं. २० मा राखिएको छ भने पंञ्चबर्षीय योजनाहरुको योजनागत प्राथमिकता अनुसारको विस्तृत सुचि अनुसूची २० देखी २६ सम्ममा उल्लेख गरिएको छ ।



चित्र न. १६ : क्षेत्रगत योजनाहरुको अनुमानित लागत तथा प्रस्तावित घरधुरी विवरण

तालिका नं. २० : पंञ्चबर्षीय योजनाहरुको सारांश विवरण

क्र.स.	योजनाहरुको क्षेत्र / प्रकृति	जम्मा प्रस्तवित योजना संख्या	जम्मा लाभान्वित घरधुरी	योजनाहरुको जम्मा अनुमानित लागत
१	बहु उपयोगी योजना	२४	३८२३	२१७,१००,०००
२	खानेपानी योजना	७५	४४३९	२६६,३४०,०००
३	कुलो सिंचाई योजना	१४१	९२२६	३५२,९४६,०००
४	लघु सिंचाई योजना	८९	३७६७	१३२,६७१,०००
५	लघु जलबिद्युत् योजना	२	७१३	४४,६४०,०००
६	सुधारिएको पानीघट्ट योजना	७२	६६८५	१०,८००,०००
७	वातावरण तथा मुल संरक्षण	१७७	१२८०६	१७,७००,०००
जम्मा		**५८०**	**४१४५९**	**१,०४२,१९७,०००**

स्रोत : साबिकको जलउपयोग गुरुयोजनाको समिक्षा, समायोजन तथा योजना तर्जुमा २०७५

५.१.१ बहुउपयोगी योजना प्रणाली

बहुउपयोगी योजना प्रणालीमा एक भन्दा बढी जलस्रोत विकासका क्रियाकलापहरु समावेश भएका हुन्छन् । यस प्रकारका योजनाले पानीको समुचित उपयोग गरी मूल संरक्षण र जलाधार व्यवस्थापनमा पनी सहयोग गर्दछ । बहुउपयोगी योजनाहरुको व्यवस्थापन बाट कम लगानीमा बढी फाईदा हुने तथा आयआर्जनमा समेत टेवा पुगने अवसर प्राप्त हुन्छ । वडा तथा गाउँपालिकास्तरीय आवश्यकता पहिचान तथा योजना तर्जुमाको समयमा यस गाउँपालिकामा बिभिन्न क्षेत्रलाई लक्षित गरि जम्मा २४ बटा बहुउपयोगी क्षेत्रका योजनाहरु प्राथमिकीकरण गरिएका छन । भावी कार्यान्वयनको लागि उक्त सबै योजनाहरु गाउँपालिकामा नै सिफारिस गरिएका छन् । यी योजनाहरुबाट ३८२३ घरधुरीहरु लाभान्वित हुनेछन् । उक्त योजनाहरुमा प्राय:जसो सिँचाईसंग अरु सेवा क्षेत्रहरु जस्तै खानेपानी, उर्जाको सम्भावना बढी देखिएको छ । वडा नं. २ मा एउटै पनि योजना प्रस्तावित छैनन भने वडा नं. १ मा सबै भन्दा बढी योजना प्रस्तावित भएका छन् । उक्त योजनाहरुको वडागत विवरण तलको तालिका नं. २१ मा उल्लेख गरिएका छ भने प्राथमिकता क्रम अनुसारको सूची र थप विस्तृत विवरण अनुसूची नं २० मा उल्लेख गरिएको छ ।

तालिका नं. २१ : प्रस्तवित बहुउपयोगी योजनाहरुको विवरण

वडा नं.	प्रस्तावित योजनाहरुको संख्या		प्रणालीमा आधारित योजना संख्या			लाभान्वित घरधुरी	अनुमानित लागत
	नयाँ	मर्मत /पुन निर्माण	सिंचाई र सुधारिएको घट्ट	खानेपानी र लघु सिंचाई	सिंचाई र विद्युत		
१	१०	०	६	४	०	१०१६	११,४००,०००
२	०	०	०	०	०	०	००
३	०	५	४	०	१	७४८	५८,९३५,०००
४	४	२	४	०	२	१३०६	११७,५६५,०००
५	०	२	१	०	१	३९८	२७,४००,०००
६	१	०	१	०	०	३५५	१,८००,०००
जम्मा	**१५**	**९**	**१६**	**४**	**४**	**३८२३**	**२१७,१००,०००**

स्रोत : साबिकको जलउपयोग गुरुयोजनाको समिक्षा, समायोजन तथा योजना तर्जुमा २०७५

५.१.२ खानेपानी योजनाहरु

यस गाउँपालिलकाका उपभोक्ताहरुको विद्यमान खानेपानीको सुबिधास्तरलाइ मध्ये नजर गरी गाउँपालिकामा जम्मा ७५ वटा खानेपानीका योजनाहरु प्रस्ताव गरी पञ्चवर्षीय योजनामा समावेश गरिएका छन् । उक्त प्रस्तावित योजनाहरुको भावी कार्यान्वयनका लागि वडा र गाउँपालिका स्तरको छुट्टाछुट्टै प्राथमिकता क्रम निर्धारण गरी ५४ वटा योजनाहरु गाउँपालिकामा सिफारिस गरिएका छन भने बाँकी २१ वटा योजनाहरु वडामा नै सिफारिस गरिएका छन । उक्त योजनाहरुको व्यवस्थापन पश्चात गाउँपालिकाको १ देखी ६ वटै बडाका सतप्रतिसत(दोहरो बस्ती समेत गरी) घरधुरीहरुलाई सफा सुरक्षित खानेपानी उपलब्ध हुने सम्भावना देखिन्छ । प्रस्तावित खानेपानी योजनाबाट नसमेटीएका तथा बाँकी रहन गएका घरधुरीहरुलाई विद्यमान खानेपानी अर्न्तगत मर्मतका योजनाहरुमा समाबेश गरिएको छ । गाउँपालिकामा विद्यमान रहेका तथा प्रस्ताव गरिएका योजनाहरुको दीगो मर्मत सम्मार तथा नियमित सञ्चालन तथा व्यवस्थापन का लागि गाउँपालिकाले यस गुरुयोजनाको आगामी अध्यायमा उल्लेख गरेका विनियमहरुलाई लागु गरि उक्त सवै योजनाहरुलाई प्रकारकारी रुपमा सञ्चालन गर्नुपर्ने देखिन्छ । यसरी तर्जुमा गरिएका योजनाहरुको वडागत विवरण तालिका नं. २२ मा र कार्यान्वयनका लागि वडा र गाउँपालिकामा सिफारिस गरिएका योजनाहरुको प्राथमिकता क्रम अनुसारको सुचि **अनुसूची- २१** मा उल्लेख गरिएको छ ।

तालिका नं. २२ : प्रस्तावित खानेपानी योजनाहरुको विवरण

वडा नं.	प्रस्तावित योजनाहरुको संख्या		प्रणालीका आधारमा योजना संख्या			लाभान्वित घरधुरी संख्या	अनुमानित लागत
	नयाँ	मर्मत/पुन निर्माण/सेवा बिस्तार	पाईप प्रणाली	लिफ्ट	बर्षातको पानी संकलन		
१	११	१४	२५	०	०	१३१५	७८,९००,०००
२	३	७	१०	०	०	४९२	२९,५२०,०००
३	३	५	८	०	०	६८९	४१,३४०,०००
४	६	५	११	०	०	७४६	४४,७६०,०००
५	३	३	६	०	०	२१६	१२,९६०,०००
६	१२	३	१५	०	०	९८१	५८,८६०,०००
जम्मा	**३८**	**३७**	**७५**	**०**	**०**	**४४३९**	**२६६,३४०,०००**

स्रोत : साबिकको जलउपयोग गुरुयोजनाको समिक्षा, समायोजन तथा योजना तर्जुमा २०७५

५.१.३ सिँचाई योजनाहरु

यस यस गाउँपालिकामा सिँचाईको विद्यमान अवस्था विश्लेषण गरी थप आधुनिक तथा परम्परागत सिँचाइका योजनाहरु तर्जुमा गरिएका छन् । जलउपयोग गुरुयोजना समायोजनको क्रममा जम्मा १४१ वटा कुलो सिँचाई योजना (परम्परागत सिँचाई) योजना तर्जुमा गरिएका छन् । प्रस्तावित तर्जुमा गरिएका १४१ वटा परम्परागत सिँचाई आयोजनाहरुबाट गाउँपालिका भरी करिब ३२०८६ रोपनी क्षेत्रफल बराबरका खेतहरु सिंचित हुने र सो बाट ९२२६ (दोहरो घरधुरी समेत गरी) घरधुरीहरु लाभान्वित हुने सम्भावना देखिएको छ । प्रस्ताव गरिएका सबै सिँचाई योजनाहरुमा ८७ वटा नयां र ५४ वटा मर्मत सुधार गर्नुपार्ने देखिन्छ । भावि कार्यान्वयनको लागि उक्त योजनाहरुको आकार र लगानीलाई मध्यनजर गरी ५४ वटा योजनाहरु गाउँपालिकामा र ८७ वटा योजनाहरु वडामा सिफारिस गरिएका छन । उक्त परम्परागत सिँचाई योजनाहरुको वडागत विवरण तालिका नं. २३ मा र प्राथमिकता क्रम अनुसारको सूची **अनुसूची-२२** मा उल्लेख गरिएको छ ।

तालिका नं. २३ : प्रस्तवित सिँचाई कुलो योजनाहरुको विवरण

वडा नं.	प्रस्तावित योजनाहरुको संख्या		लाभान्वित विवरण		अनुमानित लागत
	नयाँ	मर्मत /पुन निर्माण /सेवा बिस्तार	सिंचित रोपानी	घरधुरी(दोहरो घरधुरी समेत गरी)	
१	२५	१२	७४७०	२०१०	८२,१७०,०००
२	५	९	४११६	११५४	४५,२७६,०००
३	८	१३	३६८८	१६२५	४०,५६८,०००
४	१८	१०	७०३२	१२७९	७७,३५२,०००
५	२१	५	६१८०	१८४३	६७,९८०,०००
६	१०	५	३६००	१३१५	३९,६००,०००
जम्मा	**८७**	**५४**	**३२०८६**	**९२२६**	**३५२,९४६,०००**

स्रोत : साबिकको जलउपयोग गुरुयोजनाको समिक्षा, समायोजन तथा योजना तर्जुमा २०७५

त्यसैगरि यस गाउँपालिकाको आयअर्जन तथा जीविकोपार्जनका कृयाकलापहरुलाई लक्षित गरी थप ८९ वटा आधुनिक तथा लघु सिँचाई तर्फका नयां योजनाहरु प्रस्ताव गरिएका छन । उक्त योजनाहरुको व्यवस्थापनपछी करिव ३७६७ (दोहरो समेत गरी) घरधुरीका १२०६१ रोपनी खेतहरुमा सिँचाई तथा आयआर्जनका क्रियाकलापहरु सञ्चालन गर्न सकिने अनुमान गरिएको छ । योजना तर्जुमाको समयमा योजनहरुको लगानी र प्रकृति हेरी जम्मा २० वटा योजनाहरु भावि कार्यान्वयनका लागि गाउँपालिकामा सिफारिस गरिएका छन भने बाँकी ६९ वटा योजनाहरु वडामा नै सिफारिस गरिएका छन । प्रस्तावित लघु सिँचाई योजनाहरुका वडागत विवरण तालिका नं. २७ मा उल्लेख गरिएका छ भने प्राथमिकता क्रम अनुसारको सूची **अनुसूची**- २३ उल्लेख गरिएको छ ।

तालिका नं. २४ : प्रस्तवित लघु सिँचाई योजनाहरुको विवरण

वडा नं.	प्रस्तावित योजनाहरुको संख्या		लाभान्वित विवरण		अनुमानित लागत
	नयाँ	मर्मत /पुन निर्माण /सेवा बिस्तार	सिंचित रोपानी	घरधुरी	
१	२७	०	४४४०	९२८	४८,८४०,०००
२	९	०	७५	१४७	८२५,०००
३	१०	०	२४५	१९४	२,६९५,०००
४	१८	०	११९१	४५६	१३,१०१,०००
५	१२	०	२७५०	६७४	३०,२५०,०००
६	१३	०	३३६०	१३६८	३६,९६०,०००
जम्मा	**८९**	**०**	**१२०६१**	**३७६७**	**१३२,६७१,०००**

स्रोत : साबिकको जलउपयोग गुरुयोजनाको समिक्षा, समायोजन तथा योजना तर्जुमा २०७५

५.१.४ ग्रामीण उर्जा योजना

गाउँपालिकाको विद्यमान उर्जाको अवस्थालाई विश्लेषण गरी गुरुयोजना समायोजनाका क्रममा २ वटा लघु जलविद्युत योजनाहरु प्रस्ताव गरिएका छन । उक्त योजनाहरुको व्यवस्थापन पछी गाउँपालिकाका करिब ७१३ घरधुरीहरुलाई बिजुली बत्तिको सेवा पुर्‍याउन सकिने सम्भावना अनुमान गरिएको छ। उक्त योजनमाहरु मध्ये एउटा योजनालाई मर्मत सम्भार गरी सञ्चालनमा ल्याउन पर्ने देखिन्छ भने बाँकी एउटा योजना नयाँ प्रस्ताव गरेको छ । उक्त २ वटै योजनाहरुलाई भावि कार्यान्वयनका लागि गाउँपालिकामा नै सिफारिस गरिएको छ। उक्त योजनाहरुको वडागत विवरण तलको तालिका नं. २५ मा उल्लेख गरिएका छ भने प्राथमिकता क्रम अनुसारको सूची **अनुसूची-२४** उल्लेख गरिएको छ ।

तालिका नं. २५ : प्रस्तवित लघुजलविद्युत् क्षेत्रका योजनाहरुको विवरण

वडा नं.	प्रस्तावित योजनाहरुको संख्या		लाभान्वित घरधुरी	अनुमानित लागत
	नयाँ	मर्मत /पुन निर्माण		
१	१	०	५५८	४४,६४०,०००
२	०	१	१५५	१२,४००,०००
३	०	०	०	०
४	०	०	०	०
५	०	०	०	०
६	०	०	०	०
जम्मा	**१**	**१**	**७१३**	**५७,०४०,०००**

स्रोत : साबिकको जलउपयोग गुरुयोजनाको समिक्षा, समायोजन तथा योजना तर्जुमा २०७५

त्यसै गरी गाउँपालिकाका अन्य वडाहरुको उर्जाको विद्यममान अवस्थालाई लक्षित गरी गाउँपालिकामा थप १५ नयां र ५७ मर्मत सुधार गरि ७२ वटा सुधारिएको पानी घट्टका योजनाहरु तर्जुमा गरिएका छन् । उक्त सवै योजनाहरु निर्माण गर्न सकिएमा वडाका करिब ६६८५ (दोहरो समेत गरी) घरधुरीहरुलाई कुटानी/पिसानीको सेवा प्रयाप्त मात्रामा पुग्ने सम्भावना देखिन्छ । पहिचान भएका सवै योजनाहरु भावि कार्यान्वयनका लागि २४ योजना गाउँपालिका र बाँकी ४८ योजनाहरुलाई वडामा नै सिफारिस गरिएको छ। उक्त योजनाहरुका वडागत विवरण तालिका नं. २६ मा र प्राथमिकता क्रम अनुसारको सूची **अनुसूची-**२५ मा उल्लेख गरिएको छ ।

तालिका नं. २६ : प्रस्तवित सुघारिएको पानीघट्ट क्षेत्रका योजनाहरुको विवरण

वडा नं.	प्रस्तावित योजनाहरुको संख्या		लाभान्वित घरधुरी	अनुमानित लागत
	नयाँ	मर्मत /पुन निर्माण		
१	५	५	१२००	१,५००,०००
२	१	१४	२०४७	२,२५०,०००
३	५	२०	१८७०	३,७५०,०००
४	०	१८	१०२७	२,७००,०००
५	२	०	१३९	३००,०००
६	२	०	४०२	३००,०००
जम्मा	**१५**	**५७**	**६६८५**	**१०,८००,०००**

स्रोत : साबिकको जलउपयोग गुरुयोजनाको समिक्षा, समायोजन तथा योजना तर्जुमा २०७५

५.१.५ वातावरण तथा पर्यावरण

यस गाउँपालिकामा नदीको कटान, जंगल फडानी, बर्षातको भल तथा बाडी पहिरो र अपर्याप्त वातावरण संरक्षणका कारणले गर्दा जलवायु परिवर्तनले प्रत्यक्ष असर गरेको देखिन्छ । हाल भइरहेको जलवायु परिवर्तनका असरहरु अझ आक्रामक हुने संभावना रहेको देखिन्छ । यसबाट प्रत्यक्ष असर हुने क्षेत्रहरु विशेषगरी कृषि, वन जंगल, जलस्रोत र उर्जा, स्वास्थ्य र जीविकोपार्जनका क्रियाकलापहरु पर्दछन् । गाउँपालिकामा वन जंगलको भ-ुभाग बढी भएतापनी क्रमशः घटदो तथा निकै चिन्ताजतक अवस्थामा छ । कम वृक्षारोपणका कारणले पानीका मुहानहरु सुक्ने क्रममा छन । बेला बेलामा जाने विभिन्न खाले पहिरो र नदी कटान, बन फडानी लगायत बाटोघाटो र सडक निर्माण जस्ता गतिविधिहरुका कारणले वातावरणलाई प्रत्यक्ष रुपमा असर परिरहेको छ ।

यसप्रकारका विविध समस्याहरुलाई न्यूनिकारण गर्न बातावरण पर्यावरण तथा जलबायुपरिवर्तन अनुकूलन सम्बन्धी विभिन्न क्रियाकलापहरु तय गरिएका छन् । जस अर्न्तगत पानीका स्रोतहरु संरक्षण, नदी कटान निन्त्रण,उचित ढल निकास र पहिरो नियन्त्रण, सुधारीएको चुलो, बहुउद्देश्यिय नर्सरी स्थापना तथा वृक्षारोपण जस्ता बिभिन्न खाले १७६ वटा योजनाहरुको सम्भावना अध्ययन गरी प्राथमिकिकरण गरेको छ । उक्त तर्जुमा गरिएका वातावरण तथा पर्यावरण सम्बन्धी योजनाहरुबाट गाउँपालिकाका शतप्रतिशत घरधुरीहरु लाभान्वित भई छिमेकी गाउँपालिकाहरुलाई समेत सेवापुग्ने सम्भावना छ । यसप्रकार आगामि दिनहरुमा यस वडामा विकास निर्माणका गतिबिधिहरु सञ्चालन संगसंगै यी क्रियाकलापहरुलाई बढी प्राथमिकता दिई सञ्चालन गर्नुपर्ने देखिन्छ । यसरी तर्जुमा गरिएक योजनाहरु भावी कार्यान्वयनको लागि ३६ वटा गाउँपालिका र बांकी १४० वडामा नै सिफारिश गरिएका छन । उक्त तर्जुमा गरिएका क्रियाकलाप तथा योजनाहरुको वडागत विवरण तलको तालिका नं. २७ मा र थप प्राथमिकता क्रम अनुसारको थप विववरण **अनुसूची- २६** मा उल्लेख गरिएको छ ।

तालिका नं. २७ : प्रस्तावित बातावरण तथा पर्यावरण क्षेत्रका योजनाहरुको विवरण

वडा नं.	नयाँ	मर्मत /पुन निर्माण	प्रणालीका आधारमा योजना संख्या					लाभान्वित घरधुरी	अनुमानित लागत
			मुल संरक्षण/सुधार	वृक्षारोपण तथा पहिरो नियन्त्रण	बहुउद्देश्यिय नर्सरी स्थापना	सरसफाई तथा अन्य	तटबन्ध तथा भू-क्षय नियन्त्रण		
१	२३	५	३	९	१	४	११	१५८२	३,५००,०००
२	३	५	३	०	०	०	५	२५५	१,०००,०००
३	२३	११	८	१२	०	०	१४	३४१५	४,२५०,०००
४	२७	५	५	१०	१	७	९	१९६३	४,०००,०००
५	३५	४	४	१८	१	७	९	१०६३	४,८७५,०००
६	२९	६	०	१३	०	०	२२	४५२८	४,३७५,०००
जम्मा	**१४०**	**३६**	**२३**	**६२**	**३**	**१८**	**७०**	**१२८०६**	**२२,०००,०००**

स्रोत : साबिकको जलउपयोग गुरुयोजनाको समिक्षा, समायोजन तथा योजना तर्जुमा २०७५

५.२ जलउपयोग गुरुयोजना कार्यान्वयन रणनीति

५.२.१ खानेपानी तथा सरसफाइ स्वच्छता रणनीति

जलउपयोग गुरुयोजनामा प्रथमिकीकरण गरिएका सबै क्षेत्रका क्षेत्रगत योजनाहरुको प्राथमिकता क्रम अनुसार परिचालन, कार्यान्वयन एवं दीगाो सञ्चालन व्यवस्थापन का लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रदान गरेका अधिकारहरुको उपयोग गरि तपसिल क्षेत्रका बिनियमहरु निर्माण गरि कार्यान्वयन गरिनेछ ।

- पालिका स्तरमा सञ्चालन गरिने खानेपानी योजनाहरुमा अनिवार्य पानी शुल्क उठाउने प्रबन्ध गरिने छ ।
- योजनाहरुलाई नियमित सञ्चालन तथा व्यवस्थापन का लागि अनिवार्य रुपमा मर्मत सम्भार कोषको व्यवस्थापन गरिनेछ ।
- उपभोक्ता समितिले पालिकाको योजना सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन नीतिको पुर्णपालना गर्दै योजना मर्मत सम्भार व्यवस्थापन सम्बन्धी क्रियाकलपाहरु सञ्चालन गर्नेछ ।
- खानेपानी योजनाहरु कार्यान्वयन गर्दा योजनाको तयारी चरण देखि नै उपभोक्ता समिति गठन ,मर्मत सम्भार कार्यकर्ता छनौट, क्षमता विकासका कृयाकलपरु आदिमा लैङ्गीक समानता तथा सामाजिक समावेशीकरण को भावनालाई समेटिएको हुनेछ ।
- प्रत्येक खानेपानी योजनाहरुमा पानी सुरक्षा योजना तयार गरि लागु गरिने छ साथै पानीको गुणस्तरमा ध्यान दिईने छ ।
- पालिका अर्न्तगतको क्षेत्रमा सक्षम सहकारी भएमा उपभोक्ता समिति सो सहकारीमा आबद्ध भई मर्मत सम्भार कोष बृद्धि तथा मर्मत सम्भार व्यवस्थापनमा मा सहकारी संग सहकार्य गर्नेछ ।
- पानीको मुहान संरक्षण र वरिपरिको वातावरण संरक्षण सम्बन्धी (चरिचरन क्षेत्र, प्लाष्टिक निषेधित क्षेत्र घोषणा, पानी मैत्री वृक्षारोपण) जस्ता नीति नियमहरु गाउँ र नगरसभा मार्फत पारित गरि कार्यान्वयन गर्नेछ ।
- सरोकारवालाहरुको सहभागितामा सरसफाइ सम्बन्धी विभिन्न दिवसहरुमा सहभागी भई गाउँपालिकास्तरको अभियानात्मक क्रियाकलापहरु सञ्चालन गरिने छन ।
- गाउँपालिका तथा वडाहरुसँग वरीपरीको तटीय क्षेत्रको जलउपयोग सम्वन्ध, मुहान विबाद आदी बिषयमा सहकार्य समन्वयका लागि छलफल गरि आवश्यक बिनियमहरु त्य गरी लागु गरिने छन ।
- गुरुयोजना कार्यान्वयनका अवधिमा यस गाउँपालिका क्षेत्रका नागरिकको खानेपानीमा सेवा स्तर बृद्धी गर्न नियमित समिक्षा तथा तथ्याङ्क अद्यावधिक गर्ने कार्य गरिने छ ।
- गुरुयोजना कार्यान्वयनका अवधिमा यस पालिका क्षेत्रका नागरिकको खानेपानीमा सेवा स्तर बृद्धी गर्न नियमित समिक्षा तथा तथ्याङ्क अद्यावधिक गर्ने कार्य गरिने छ।
- पानीको **स्रोतहरु**मा ह्रास हुन नदिन तथा स्रोत संरक्षणका लागि पानीका पुनर्धारण, पुर्नभरण तथा पुनप्रयोगकालागि-3R प्रविधिकाबारे उपभोक्ता स्तरमा सचेतना क्रियाकलापहरुका साथै IEC (सूचना, शिक्षा, संचार) सामग्री निर्माण गरि नागरिक सचेतना बढाईने छ ।
- गाउँपालिका तथा वडा स्तरमा पानी क्षेत्रका बिबाद समाधानका लागि गुनासो सुनवाई संयन्त्र निर्माण गरिने छ ।
- जलस्रोत क्षेत्रका योजना कार्यान्वयन गर्दा संरचनाहरुको निर्माण गुणस्तर कायम गर्न प्राबिधिक जनशक्ति सहितको योजना कार्यान्वयन अवधि भरि निरन्तर अनुगमन गरिने छ ।
- योजनामा उपभोक्ताको अपनत्व बढाउन योजना संचालनका लागि उपभोक्ताको सहलगानी कोष योजना सञ्चालन पूर्व नै तय गरि योगदान सुनिश्चितता गरिने छ ।
- उपभोक्ता तहको संस्थागत सुशासन (उ.स.रमुहान दर्ता, उ.स. बार्षिक साधारण सभा, नियमित बैठक, जन लेखा परिक्षण लगायत पारदर्शिता सम्वन्धि क्रियाकलाप आदी) कायम गर्न उ.स.को सम्झौता पूर्व नै सुशासन प्रावधानहरु अनिवार्य रुपमा तयाग गरिने छन ।
- उपभोक्ता तथा सरोकारवालाहरुको संजाल निर्माण गरि अवलोकन भ्रमण, समन्वय, साझेदारी गरि राम्रा पक्षहरु सिकाई आदान/प्रदानको व्यवस्था गरिने छ ।

५.२.२ गुरुयोजनाको कार्यान्वयनमा सुशासन तथा लैंगिक समाबेशीकरण

यस जलउपयोग गुरुयोजनाको कार्यान्वयन प्रकृयामा पारदर्शीता, सहभागिता र जवाफदेहिता को अभ्यास मार्फत सुशासनको प्रवर्द्धन र लैङ्गीक समानता तथा सामाजिक समाबेशिकरण को सुनिश्चितता गराउन तपसिलका नीति लिईने छ ।

- प्रत्येक वर्ष यस गाउँपालिका लगायत अन्य कार्यरत संघ संस्थाहरुको जलश्रोत, सरसफाइ र स्वच्छता को क्षेत्रमा उपलब्ध बजेट समिक्षा गरी सो बारे सबै उपभोक्तालाई अग्रिम जानकारी गराइनेछ ।
- उपलब्ध बजेट तथा जलश्रोत, सरसफाइ र स्वच्छतासित सम्बन्धित अन्य सुचना तथा जानकारी मा सबै उपभोक्ताहरुको पहुँचका लागि आम संचार माध्यमको प्रयोग गरिनेछ ।
- यो जलउपयोग गुरुयोजना यस गाउँपालिका भित्र जलस्रोत , सरसफाइ र स्वच्छताका क्षेत्रमा गरिने सम्पुर्ण लगानीहरुको प्रमुख आधारको रुपमा रहनेछ । उपलब्ध बजेट तथा श्रोतसाधनले सम्भव भए सम्म परियोजनाहरु कार्यान्वयन गर्दा जलउपयोग गुरुयोजनामा उल्लेखित प्राथमिकता अनुरुपनै गरिनेछ ।
- जलउपयोग गुरुयोजना तर्जुमाको चरणमा झै यसको कार्यान्वयनमा समेत महिला हरुको समान सहभागिता तथा दलित, जनजाती तथा पिछडिएको वर्गको समानुपातिक प्रतिनिधित्व हुने गरी सम्बन्धित उपभोक्ताहरुको सकृय सहभागिता रहनेछ । परियोजनाहरुको निर्माण, सञ्चालन तथा मर्मत सम्भार सम्बन्धित उपभोक्तहरुले गठन गरेको उपभोक्ता समितिको प्रत्यक्ष संलग्नतामा हुनेछ ।
- सबै उपभोक्ता समितिहरुमा सम्बन्धित क्षेत्रमा बसोवास गर्ने महिलाहरुको समान तथा बिभिन्न जात जातीहरुको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरिनेछ । समितिका प्रमुख पदहरुमा समेत महिलाहरुको कम्तिमा ५०% सामाजिक बिभेदमा परेका जात जातीहरुको समानुपातिक प्रतिनिधित्व अनिवार्य गराईनेछ ।
- गुरुयोजना कार्यान्वयनमा उपभोक्ता समिति गठन तथा पुर्नगठन गर्दा लैङ्गिग समानता तथा सामाजिक समाबेशिकरण लाई ध्यान दिदै महिलाहरुको समान सहभागिता तथा दलित, जनजाती तथा पिछडिएको वर्गको समानुपातिक प्रतिनिधित्व हुने गरी पदाधिकारी तथा सदस्यहरु समावेश गरिनेछ ।
- यो जलउपयोग गुरुयोजना कार्यान्वयनको क्रममा महिला र सामाजिक बिभेदमा परेका जात जातीहरुको क्षमता अभिबृद्धीका लागि बिशेष पहल गरिनेछ । उनीहरुलाईनै लक्षित गरेर बिभिन्न क्षमता बिकास क्रियाकलापहरु सञ्चालन गरिनेछन । क्षमता विकासका कृयाकलापहरुको लागि सहभागी छनौट गर्दा समेत लैङ्गिग समानाता तथा सामाजिक समाबेशिकरण लाई ध्यान दिनुपर्नेछ ।
- स्रोत र साधनले भ्याए सम्म यस अन्तर्गत निर्माण गरिने सबै भौतिक संरचनाहरुलाई महिला,बालबालीका, अपाङ्ग र बृद्ध मैत्री बनाइनेछन । मुख्यतया खानेपानी र सरसफाइ परियोजनाका सबै संरचनाहरु महीलाहरुको महिनावारीको बेलाको स्वच्छता व्यवस्थापन र उनीहरुको घरायसी कार्यबोझ न्यूनिकरण हुनेगरी निर्माण गरिनेछन ।
- यस गुरुयोजना अर्न्तगत निर्माण गरिने सबै योजनाहरुमा सुशासन नीति अगाल्दै अनिवार्यरुपमा सार्वजनिक सुनवाई, सार्वजनिक समिक्षा र सार्वजनिक परिक्षण गरिनेछन । यी सबैमा कार्यहरुमा आम उपभोक्ता र सेवा प्रदायक बीचको अर्न्तकृया र संवादलाई बिशेष जोड दिइनेछ । परियोजनाहरुका भौतिक संरचनाहरु र तिनले प्रदान गर्ने सेवाको गुणस्तर र दीगोपनाको लागि उक्त योजना कार्यान्वयन गर्ने संस्था पूर्णरुपमा जवाफदेहि हुनेछ ।

६ अध्याय : जीविकोपार्जन कार्यान्वयन योजना

६.१ सायल गाउँपालिकाको जीविकोपार्जन कार्यान्वयन आवधिक योजना

यस गाउँपालिकाले ६ वटै वडाहरुको जीविकोपार्जनको अवस्था अवस्था विश्लेषण पछि गाउँपालिका पदाधिकारीहरु र सरोकारवाला निकायहरु बीच बृहत छलफल गरी सहभागितात्मक प्रक्रियाबाट यो जीविकोपार्जन कार्यान्वयन योजना तयार पारेको छ । स्थानीय जनताको चाहना, संभावना, स्थानीय श्रोत साधनको उपलब्धता, प्राविधिक र सामाजिक सहजता जस्ता तत्वहरु पनि योजना तर्जुमा गर्दा विचार गरिएको थियो । समुदायको आवश्यकता पहिचान गा.पा. स्तरिय योजना तर्जुमा गोष्ठी मार्फत गरिएको थियो । उक्त योजना निर्माण गर्दा मुख्यतया विद्यमानमा बस्तु तथा सेवाको अवस्था, उत्पादनको अवस्था, व्यवसाय तथा उद्यमशिलताको अवस्था र बजारको अवस्थाको विश्लेषणको आधारमा जीविकोपार्जनका सम्भावित सम्बन्धित क्षेत्रहरुमा सम्बोधन गर्ने गरी तयार पारिएको छ । खासगरी पालिकाका समुदायको जीविकोपार्जन सुधार गर्नको लागि वस्तु तथा सेवा सम्बन्धि, उत्पादन सम्बन्धि, व्यवसाय तथा उद्यमशिलता सम्बन्धि र बजार सम्बन्धि सह क्षेत्रहरुको समानुपातिक तथा बैज्ञानिक तवरले क्रियाकलापहरुको संयोजन गरी दीगोपनको लागि कार्यान्वयन गर्न विशेष ध्यान दिई योजना तयार गरिएको छ । यसका साथसाथै पालिकाका प्रत्येक घरधुरीमा पोषण बृद्धि तथा खाद्य सुरक्षालाई मध्यनगर गरी ५ वर्ष भित्र "प्रत्येक घरधुरी व्यवस्थित घरवारी" भन्ने मूल मन्त्रलाई ध्यानमा राखी पालिकाका प्रत्येक घरधुरीमा व्यवस्थित घरवारीलाई निरन्तरता दिइने छ । कृषिको क्षेत्रमा उत्पादन बृद्धि गर्नको लागि सम्भाव्यताका आधारमा सिंचाई योजना निर्माणमा बिशेष जोड दिइएको छ , जुन जलउपयोग गुरुयोजनाको सिंचाई शिर्शक अन्तरगत यस पालिकाका लागि प्रस्ताव गरिएका सिंचाई योजनाहरु उल्लेख गरिएको छ । पालिकाले मुख्यतया हरेक क्षेत्रहरुको क्रियाकलापहरुलाई प्राथमिकता दिएको छ, जसमा वस्तु तथा सेवाको क्षेत्र, उत्पादनको क्षेत्र, व्यवसाय तथा उद्यमशिलताको क्षेत्र र बजारको क्षेत्र रहेका छन् । हरेक क्षेत्रमा छुट्टाछुट्टै प्राथमिकताक्रम तोकिएको छ । प्राथमिकताको क्षेत्रगत विवरण तलको तालिका नं २८ माउल्लेख गरिएको छ ।

तालिका नं. २८ : पालिकाको समग्र जीविकोपार्जनको पञ्चवर्षिय योजना विवरण

क्षेत्र	कुल प्रस्ताव गरिएका क्रियाकलापहरु	लाभान्वित हुने घरधुरी वा व्यक्ति	अनुमानित कुल लागत रु.
बस्तु तथा सेवा विकास तथा विस्तार सम्बन्धि क्रियाकलापहरु	१४		
उत्पादन सम्बन्धि क्रियाकलापहरु (सह क्षेत्रहरु)	४	२५२२	
व्यवसाय तथा उद्यमशिलता सम्बन्धि क्रियाकलापहरु (क्षेत्रहरु)	८	१३	
बजार विकास तथा प्रवर्द्धन सम्बन्धि क्रियाकलापहरु	५		
जम्मा	**३१**	**२५३५**	

श्रोत : गाउँपालिका स्तरिय सम्भाव्यता अध्ययन तथा योजना तर्जुमा २०७५

६.१.१ बस्तु तथा सेवा विकास र विस्तार क्षेत्रका क्रियाकलापहरु

समुदायको जीविकोपार्जन सुधारको लागि अति आवश्यक बस्तु तथा सेवासँग सम्बन्धित जीविकोपार्जनका क्षेत्रहरुमा पालिकास्तरमा संचालन हुने क्रियाकलापहरु समावेश भएका छन् । यस प्रकारका क्रियाकलापहरुले कृषकहरु तथा उद्यमी व्यवसायिहरुका लागि आवश्क पर्ने उत्पादनका साधनहरु र प्राविधिक सेवाहरु प्रदान गरी जीविकोपार्जनमा टेवा पुऱ्याउन महत्वपूर्ण भूमिका खेल्दछन् । कृषक तथा उद्यमी व्यवसायिहरुलाई आवश्यक परेको बस्तु तथा सेवा स्थानीयस्तरमै उपलब्ध हुने हुँदा आवश्यक परेको बेला उनीहरुले लिन सक्छन र त्यसबाट अधिकतम फाइदा लिन सक्छन् । गाउँपालिकाको आवश्यकता पहिचान, वस्तु तथा सेवा उपलब्धताको विश्लेषण र समुदायको आवश्यकता पहिचान गर्न

सेवा मागको सम्भावना, स्थानीय स्रोत व्यक्तिहरुको उपलब्धता, व्यवसायिक उत्पादनको संम्भावना, सेवा प्रदायकहरुको उपस्थिति जस्ता छनौटका आधारहरु प्रस्तुत गरी सो को आधारमा विश्लेषण गरी कियाकलापहरु पहिचान गरी प्राथमिकता तय भएका छन् । उक्त पहिचान भएका कृयाकलापहरुको सुचि तालिका नं. २९ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. २९ : पालिकाको बस्तु तथा सेवा विकास र विस्तारको पञ्चवर्षिय योजना विवरण

क्षेत्र	कुल प्रस्ताव गरिएको संख्या	आ.व.अनुसारको लक्ष्य				
		२०७५/०७६	२०७६/०७७	२०७७/०७८	२०७८/०७९	२०७९/०८०
एग्रोभेट स्थापना	२		१	१		
बहुउद्देश्यीय नर्सरी स्थापना	६		६			
स्थानीय कृषि स्रोत व्यक्ति विकास	३	३				
सामुदायिक पशु स्वास्थ्य कार्यकर्ता विकास	२		२			
माटो परिक्षण प्रयोगशाला स्थापना	१		१			
जम्मा	**१४**	**३**	**१०**	**१**	**०**	**०**

श्रोत : गाउँपालिका स्तरिय सम्भाब्यता अध्ययन तथा योजना तर्जुमा २०७५

यस पालिकामा बस्तु र सेवा विकास तथा विस्तारसँग सम्बन्धित जीविकोपार्जनका कियाकलापहरुमा २ वटा एग्रोभेट स्थापना, ६ वटा बहुउद्देश्यीय नर्सरी स्थापना, ३ वटा स्थानीय कृषि स्रोत व्यक्ति, २ वटा सामुदायिक पशु स्वास्थ्य कार्यकर्ता, १ वटा माटो परिक्षण प्रयोगशाला गरी जम्मा १४ वटा कृयाकलापहरु विकास तथा विस्तार गरी समुदायको जीविकोपार्जन प्रवर्द्धनका लागि पाँच वर्ष भित्र सम्पन्न गर्ने गरी लक्ष्य निर्धारण गरिएको छ । बस्तु र सेवा विकास तथा विस्तार क्षेत्रहरुका कृयाकलापहरुको वडागत विवरण तलको विवरण **तालिका नं. ३०** मा उल्लेख गरिएको छ ।

तालिका नं. ३० : गाउँपालिकाको बस्तु र सेवा विकास सम्बन्धि पञ्चवर्षिय योजनाको वडागत विवरण

क्षेत्र	कुल प्रस्ताव गरिएको संख्या	वार्ड वा स्थान सहजता अनुसारको लक्षित संख्या					
		१	२	३	४	५	६
एग्रोभेट स्थापना	२		१		१		
बहुउद्देश्यीय नर्सरी स्थापना	६	१	१	१	१	१	१
स्थानीय कृषि स्रोत व्यक्ति विकास	३	१		१	१		
सामुदायिक पशु स्वास्थ्य कार्यकर्ता विकास	२		१			१	
माटो परिक्षण प्रयोगशाला स्थापना	१					१	
जम्मा	**१४**	**२**	**३**	**२**	**३**	**३**	**१**

श्रोत : गाउँपालिका स्तरिय सम्भाब्यता अध्ययन तथा योजना तर्जुमा २०७५

सो लक्ष्य पूरा गर्नको लागि पालिकाको आफ्नो लगानीको साथै दातृ निकाय, गैरसरकारी संस्था तथा निजी क्षेत्रबाट सहयोगको आशा गरिएको छ । यी कियाकलापहरुबाट पालिकाका सबै घरधुरीहरुले सेवा पाउने छन् भने सो क्षेत्रमा संलग्न व्यक्तिहरुले स्थानीयस्तरमा रोजगारी तथा स्वरोजगारी प्राप्त गर्नेछन् ।

६.१.२ उत्पादन सम्बन्धि क्षेत्रका क्रियाकलापहरु

समुदायको जीविकोपार्जन सुधारको लागि अति आवश्यक विभिन्न क्षेत्रको उत्पादनसँग सम्बन्धित जीविकोपार्जनका क्षेत्रहरुमा पालिकास्तरमा संचालन हुने क्रियाकलापहरु समावेश भएका छन् । यस प्रकारका क्रियाकलापहरुले कृषकहरु तथा उद्यमी व्यवसायिहरुका लागि ठाउँ सुहाउँदो र कच्चा पदार्थमा आधारित सहक्षेत्रहरुको पहिचान गरी जीविकोपार्जनमा टेवा पुऱ्याउन महत्वपूर्ण भूमिका खेल्दछन् । कृषक तथा उद्यमी व्यवसायिहरुलाई बजारको माग अनुसार उत्पादन गर्न सके कृषकहरुको आयस्तर वृद्धि तथा जीविकोपार्जन सुधार गर्न सकिने हुन्छ । यसरी जीविकोपार्जन सुधारका लागि कृषिमा आधारित खेतीहरु जस्तैः तरकारी, फलफूल, पशुपालन, कुखुरापालन, च्याउँखेती, माहुरी पालन, मसलाखेती, नगदेबालीहरु, आदि जस्ता सहक्षेत्रहरु यस पालिकाको लागि उपयुक्त देखिन्छन् । पालिकाको आवश्यकता पहिचान तथा सम्भाव्यता, लाभान्वित हुने जनसंख्या, बजारको माग, सडकको पहुँच, विद्यमान प्रयासहरु वा लगानी इतिहास, लगानीको सम्भावना जस्ता छनौटका आधारहरु प्रस्तुत गरी सो को आधारमा विश्लेषण गरी बिभिन्न क्रियाकलापहरु प्राथमिकीकरण गरिएका छन । यसरी पहिचान भई प्राथमीकिकरण गरिएका कृयाकलापहरुको बिस्तृत सुचि तालिका नं. ३१ मा उल्लेख गरिएको छ ।

तालिका नं. ३१ : गाउँपलिकाको जीविकोपार्जनका सम्बन्धि कृषिमा आधारित समग्र योजनाको विवरण

सहक्षेत्र	कुल समेट्ने घरधुरीहरु	आ.व.अनुसारको लक्ष्य				
		२०७५/०७६	२०७६/०७७	२०७७/०७८	२०७८/०७९	२०७९/०८०
व्यवसायिक तरकारी खेती	३५०	४०	५५	६५	९०	१००
व्यवसायिक फलफूल खेती	३००	२४	५५	७०	६८	८३
व्यवसायिक मसला खेती	५०५	९५	१३०	१००	८०	१००
व्यवसायिक गैरकाष्ट वन पैदावार खेती	११७		२३	४९	२४	२१
जम्मा	**१२७२**	**१५९**	**२६३**	**२८४**	**२६२**	**३०४**

श्रोत : गाउँपालिका स्तरिय सम्भाव्यता अध्ययन तथा योजना तर्जुमा २०७५

यस पालिकामा समुदायको जीविकोपार्जनका लागि कृषिमा आधारित उत्पादनसँग सम्बन्धित जीविकोपार्जनका क्रियाकलापहरुमा ३५० घरधुरीमा व्यवसायिक तरकारी खेती, ३०० घरधुरीमा व्यवसायिक फलफूल खेती, ५०५ घरधुरीमा व्यवसायिक मसला खेती, ११७ घरधुरीहरुले गैरकाष्ट बन पैदावारहरुको व्यवसायिक रुपमा उत्पादनगरी समुदायको जीविकोपार्जन प्रवर्द्धनका लागि पाँच वर्ष भित्र सम्पन्न गर्ने गरी लक्ष्य निर्धारण गरिएको छ । साथै उत्पादनका कृर्षीमा आधारित सहक्षेत्रहरुको वडागत विवरण तलका **तालिका ३२** मा उल्लेख गरिएको छ ।

तालिका नं. ३२ : गाउँपलिकाको जीविकोपार्जनका सम्बन्धि कृषिमा आधारित योजनाको वडागत विवरण

सहक्षेत्र	कुल समेट्ने घरधुरी	वार्ड अनुसारको लक्षित घरधुरी					
		१	२	३	४	५	६
व्यवसायिक तरकारी खेती	३५०	२५	७५	५०	५०	७५	७५
व्यवसायिक फलफूल खेती	३००	३०	९०	४५	३९	५२	४४
व्यवसायिक मसला खेती	५०५	२५	७५	७५	८०	१००	१५०
व्यवसायिक गैरकाष्ट वन पैदावार खेती	११७	१०	३०	२५	१५	१७	२०
जम्मा	**१२७२**	**९०**	**२७०**	**१९५**	**१८४**	**२४४**	**२८९**

श्रोत : गाउँपालिका स्तरिय सम्भाव्यता अध्ययन तथा योजना तर्जुमा २०७५

सो लक्ष्य पूरा गर्नको लागि पालिकाको आफ्नो लगानीको साथै दातृ निकाय, गैरसरकारी संस्था तथा निजी क्षेत्रबाट सहयोगको आशा गरिएको छ। यी क्रियाकलापहरुबाट सम्बन्धित सहक्षेत्रमा व्यवसायिक रुपमा लाग्ने घरधुरीहरुको दीगो जीविकोपार्जन सुधार हुनेछ भने सो क्षेत्रमा संलग्न व्यक्तिहरुले स्थानीयस्तरमा रोजगारी तथा स्वरोजगारीको अवसर प्राप्त गर्नेछन्।

६.१.३ व्यवसाय तथा उद्यमशिलता विकास सम्बन्धि क्रियाकलापहरु

समुदायको जीविकोपार्जन सुधार तथा आय बृद्धिको लागि व्यवसाय तथा उद्यमशिलता विकास र प्रवर्द्धन महत्वपूर्ण क्षेत्रको रुपमा पहिचान भएको छ। पालिकामा हालसम्म खासै कृषिमा आधारित व्यवसाय र उद्यमहरु संचालनमा रहेको पाइदैन्। उत्पादनका श्रोतहरुको उपलब्धता, कच्चा पदार्थको सहज उपलब्धता, प्रविधिसँग सम्बन्धित ज्ञानको प्रयाप्तता, सिपको विकास, बजारको उपलब्धता जस्ता कुराहरुले व्यवसाय तथा उद्यमलाई प्रभाव पारेको हुन्छ। यस पालिकाको हालको अवस्था विश्लेषण गर्दा स्थानीयहरुको जीविकोपार्जनमा सुधार ल्याउन सक्ने सम्भावनाको आधारमा पालिकास्तरमा संचालन हुने क्रियाकलापहरु समावेश भएका छन्। यस प्रकारका क्रियाकलापहरुले कृषकहरु तथा उद्यमी व्यवसायिहरुका लागि ठाउँ सुहाउँदो र कच्चा पदार्थमा आधारित सहक्षेत्रहरुको पहिचान गरी जीविकोपार्जनमा टेवा पुऱ्याउन महत्वपूर्ण भूमिका खेल्दछन्। कृषक तथा उद्यमी व्यवसायिहरुलाई बजारको माग अनुसार उत्पादन गर्न सके कृषकहरुको आयस्तर वृद्धि तथा जीविकोपार्जन सुधार गर्न सकिने हुन्छ। यसरी जीविकोपार्जन सुधारका लागि कृषिमा आधारित व्यवसायहरु र उद्यमहरु जस्तैः मसला ग्राइन्डिग प्याकेटिंग, आलु चिप्स बनाउने, दालमोठ बनाउने, कुभिण्डो मिठाई बनाउने, अमलाको जुस बनाउने, सस उद्योग, बाँस निगालोको सामाग्री निर्माण, अचार उद्योग, मौरीपालन तथा मह प्रशोधन, काष्ठ उद्योग, आदि जस्ता व्यवसाय तथा लघु तथा सानाउद्योगहरु यस पालिकाको लागि उपयुक्त देखिन्छन्। पालिकाको आवश्यकता पहिचान तथा सम्भाव्यता, कच्चा पदार्थको उपलब्धता, बजारको माग, बजारको पहुँच, लगानीको सम्भावना, उपलब्ध प्रविधि जस्ता छनौटका आधारहरु प्रस्तुत गरी सोहीको बिष्लेशणको आधारमा बिभिन्न क्रियाकलापहरु पहिचान गरी प्राथमिकीकरण गरिएका छन्। यसरी प्राथमिकीकरण गरिएका लघुउद्यमशिलता सम्बन्धि कृयाकलाप तथा योजनाहरुका पञ्चबर्षिय सुचि तलको तालिका नं. ३३ मा उल्लेख गरिएको छ।

तालिका नं. ३३ : गाउँपलिकाको व्यवसाय तथा उद्यमशिलता विकास सम्बन्धि योजनाको विवरण

सहक्षेत्र	कुल व्यवसायि तथा उद्योगी संख्या	आ.व.अनुसारको लक्ष्य				
		२०७५/०७६	२०७६/०७७	२०७७/०७८	२०७८/०७९	२०७९/०८०
टमाटर सस उधोग	१		१			
आलु चिप्स	२			१	१	
चाउमिन उधोग	१		१			
बाँस निगालोको सामाग्री निर्माण	३		१	१	१	
अचार उद्योग	२			२		
मसला उधोग	१		१			
अल्लो प्रसोधन उद्योग	२		१	१		
दालमोट उद्योग	१			१		
जम्मा	**१३**	**०**	**५**	**६**	**२**	**०**

श्रोत : गाउँपालिका स्तरिय सम्भाव्यता अध्ययन तथा योजना तर्जुमा २०७५

माथि उल्लेखित लक्ष्य पूरा गर्नको लागि पालिकाको आफ्नो लगानीको साथै दातृ निकाय, गैरसरकारी संस्था तथा निजी क्षेत्रबाट सहयोगको आशा गरिएको छ। यी क्रियाकलापहरुबाट सम्बन्धित सहक्षेत्रमा व्यवसायिक रुपमा लाग्ने

घरधुरीहरुको दीगो जीविकोपार्जन सुधार हुनेछ भने सो क्षेत्रमा संलग्न व्यक्तिहरुले स्थानीयस्तरमा रोजगारी तथा स्वरोजगारीको अवसर प्राप्त गरी सेवा प्रदान गर्नेछन् ।

६.१.४ बजार विकास तथा प्रवर्द्धन सम्बन्धि क्षेत्रका क्रियाकलापहरु

समुदायको जीविकोपार्जन सुधार तथा उत्पादित बस्तुहरुको सहज बिक्रीको लागि बजारको महत्वपूर्ण भूमिका रहन्छ । उत्पादन भएका कृषिजन्य बस्तुहरुको बजार विकास तथा प्रवर्द्धनका यस पालिकामा संचालन हुने आवश्यक क्रियाकलापहरु समावेश भएका छन् । यस प्रकारका क्रियाकलापहरुले कृषकहरु तथा उद्यमी ब्यवसायिहरुले उत्पादन गरेका चीजबस्तुहरु सहजै रुपमा बिक्री वितरण गरी आय बृद्धिमा टेवा पुऱ्याउन महत्वपूर्ण भूमिका खेल्दछन् ।कृषक तथा उद्यमी ब्यवसायिहरुले उप्पादन गरेका बस्तु तथा सेवाहरु स्थानीयस्तरमै बिक्री हुने हुँदा उत्पादकहरुलाई अप्ठ्यारो पर्ने र उत्पादन त्यसै खेर फाल्नु पर्ने अवस्था रहदैन र त्यसबाट अधिकतम फाइदा लिन सक्छन् । पालिकाको हालको अवस्था, उत्पादनको मात्रा, उत्पादनको सम्भावना, उत्पादनको इतिहास, हालको बजारको अवस्थिति, सबल सहकारीको अवस्थिति जस्ता छनौटका आधारहरु प्रस्तुत गरी सो को आधारमा विश्लेषण गरी क्रियाकलापहरु पहिचान गरी प्राथमिकता तय भएका छन् । पालिकाकाको कुर्षि उपजहरुको बजारिकरणका लागि पहिचान गरिएका प्रास्तवित संरचानाहरुको पञ्चवर्षिय विवरण तलको तालिका नं. ३४ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३४ : गाउँपलिकाको पालिकाको बजार विकास तथा प्रवर्द्धन पञ्चवर्षिय योजना विवरण

क्षेत्र	कुल प्रस्ताव गरिएको संख्या	आ.व.अनुसारको लक्ष्य				
		२०७५/०७६	२०७६/०७७	२०७७/०७८	२०७८/०७९	२०७९/०८०
नयां सहकारी स्थापना	१		१			
बिद्दयमान सहकारी संस्थाको सबलीकरण	३		२	१		
संकलन केन्द्र निर्माण	३		१	२		
शित भण्डारण	१			१		
रष्टिक स्टोर	३			३		
जम्मा	**११**	**०**	**४**	**७**	**०**	**०**

श्रोत : गाउँपालिका स्तरिय सम्भाब्यता अध्ययन तथा योजना तर्जुमा २०७५

यस पालिकामा उत्पादित बस्तुहरुको ब्यवस्थित बजार विकास तथा प्रवर्द्धनका लागि छनौट भएका क्रियाकलापहरुमा १ वटा नयां सहकारी स्थापना, ३ वटा सहकारी क्षेमता अभिबृधि, ३ वटा संकलन केन्द्र निर्माण, १ सितभण्डारण तथा ३ वटा रष्टिक स्टोर गरी जम्मा ११ संरचनाहरुको विकास तथा विस्तार गरी समुदायले उत्पादन गरेका बस्तुहरुको सहज बिक्री वितरणको अवस्था सृजना गर्नका लागि पाँच वर्ष भित्र सम्पन्न गर्ने गरी लक्ष्य निर्धारण गरिएको छ । साथै उत्पादक तथा ब्यवसायीहरुको ढुवानी सहजताको आधारमा संरचनाहरुको वडागत वा स्थान विशेषको आधारमा योजनाको विवरण तलको तालिका नं. ३५ मा उल्लेख गरिएको छ ।

तालिका नं. ३५ : गाउँपलिकाको बजार विकास तथा प्रवर्द्धन सहजताको आधारमा स्थान वा वडागत योजना विवरण

क्षेत्र	कुल प्रस्ताव गरिएको संख्या	वार्ड वा स्थान सहजता अनुसारको लक्षित संख्या					
		१	२	३	४	५	६
नयां सहकारी स्थापना	१		१				
बिद्यमान सहकारी संस्थाको सबलीकरण	३			१	१		१

संकलन केन्द्र निर्माण	३		१		१		१
सेलार स्टोर	१					१	
रष्टिक स्टोर	३	१	१				१
जम्मा	**११**	१	३	१	२	१	३

श्रोत : गाउँपालिका स्तरिय सम्भाव्यता अध्ययन तथा योजना तर्जुमा २०७५

मथि उल्लेखित लक्ष्य पूरा गर्नको लागि पालिकाको आफ्नो लगानीको साथै दातृ निकाय, गैरसरकारी संस्था तथा निजी क्षेत्रबाट सहयोगको आशा गरिएको छ । यी क्रियाकलापहरुबाट पालिकाका सबै घरधुरीहरुले सेवा पाउने छन् भने सो क्षेत्रमा संलग्न व्यक्तिहरुले स्थानीयस्तरमा रोजगारी तथा स्वरोजगारी प्राप्त गर्नेछन् ।

६.१.५ घरवारी व्यवस्थापन तथा सिंचाई योजना

यस जिविकोपार्जन कार्यान्वयन योजना अन्तरगत गाउँपालिकाका प्रत्येक घरधुरीहरुमा यसका प्रत्येक घरधुरीमा पोषण बृद्धि तथा खाद्य सुरक्षालाई मध्यनगर गरी ५ वर्ष भित्र "प्रत्येक घरधुरी व्यवस्थित घरवारी" भन्ने मूल मन्त्रलाई ध्यानमा राखी पालिकाका प्रत्येक घरधुरीमा व्यवस्थित घरवारीलाई निरन्तरता दिइने लक्ष कायम गरिएको छ ।

यस पालिकामा जीविकोपार्जन र लघुउद्यमको प्रशस्त संभावनाहरुको साथै पोषण बृद्धिका लागि घरवारी व्यवस्थापन पनि गर्नु पर्ने देखिन्छ । विभिन्न संघसंस्थाको सहयोगमा जीविकोपार्जनका क्रियाकलापहरु संचालन हुँदै आएको देखिएपनि व्यवस्थित घरवारीको निरन्तरताको अभाव देखिन्छ । घरवारी व्यवस्थापन अन्तर्गत तरकारी खेती र फलफूल खेती प्रमुख रुपले कार्यान्वयन गर्न सकिन्छ । हाल गरिरहेको प्रयास र समुदायको चाहना अनुसार खासगरी मौसमी तथा बेमौसमी तरकारी खेती, फलफूल खेती, मसलाखेती, पशुवस्तुको लागि डालेघाँस जस्ता बालीनालीहरु लगाउँदै आइरहेको पाइन्छ । वडामा अवस्थित घरधुरीको आधारमा यस पालिकाका सबै घरधुरीमा घरवारी स्थापना गर्न सो क्रियाकलापहरुको प्रस्ताव वडागतरुपमा तयार भएको छ । गाउँपालिकाको घरबारी व्यवस्थापन योजनाको वडागत विवरण तलको तालिका नं. ३६ मा उल्लेख गरिएको छ ।

तालिका नं. ३६ : गाउँपलिकाको घरबारी व्यवस्थापन सम्बन्धि लक्ष

वार्ड नं.	गाउँपालिकाको कुल घरधुरी संख्या	समेट्नु पर्ने कुल घरधुरी संख्या	आ.व.अनुसार घरबारी व्यवस्थापनको लक्ष्य				
			२०७५/०७६	२०७६/०७७	२०७७/०७८	२०७८/०७९	२०७९/०८०
१	७४१	३५०	२०	३०	१००	१००	१००
२	४९२	४९२	५०	१२५	१२५	१००	९२
३	६६८	६३०	६०	१२०	२००	१५०	१००
४	६५३	६५०	२५०	२००	१००	५०	५०
५	६६०	४००	५०	२००	५०	५०	५०
६	९२७	९२७	१००	२००	३००	२००	१२७
जम्मा	**४१४१**	**२५२२**	**५३०**	**८७५**	**८७५**	**६५०**	**५१९**

श्रोत : गाउँपालिका स्तरिय सम्भाव्यता अध्ययन तथा योजना तर्जुमा २०७५

कृषिको क्षेत्रमा उत्पादन बृद्धि गर्नको लागि सम्भाव्यताका आधारमा सिंचाई योजना निर्माणमा बिशेष जोड दिइएको छ । जुन जलउपयोग गुरुयोजनाको सिंचाई शिर्शक अन्तरगत यस पालिकाका लागि प्रस्ताव गरिएका सिंचाई योजनाहरु उल्लेख गरिएको छ । जस अन्तरगत बहुउपायेगी योजनाहरु, सिंचाई कुलो र आधुनिक सिंचाई प्रविधिहरु रहेका छन । प्रस्ताव गरिएका सिंचाई योजनाहरुको बिस्तृत विवरण क्रमशः अनुसूचि नं. २०, २२ र २३ मा उल्लेख गरिएको छ ।

६.१.६ ब्यावसायिक खेती तथा उत्पादनाका लागि प्राथमिकीकरण गरिएका मुख्य बालिहरु

यस गाउँपालिकाको वडास्तरिय सम्भाव्यता अध्ययन तथा योजना तर्जुमाको समयमा हरेक वडामा ब्यावसायिक रुपमा गर्न सकिने तरकारी खेती, पशुपालन, मसला खेती, गैरकाष्ट बन पैदावारहरु, फलफूल खेती लगायत पकेट क्षेत्रका लागि

ब्यापक छलफल गरी सहक्षेत्र बिष्लेशण गरिएको थियो । यस क्रममा सम्बन्धित समुदायका कृर्षकहरुको गतविगतको उत्पादन सिकाई तथा फाईदा र भबिश्यको सम्भावनाहरुलाई बिष्लेशण गरी हरेक क्षेत्रका मुख्य ३ देखी ५ वटा बालि तथा कृयाकलापहरुलाई प्राथमिकतामा राखेको छ र जसको माध्यमबाट अगामीदिनहरुमा उक्त कृयाकलापहरुको कार्यान्वयनमा सहजता आउने छ । यसरी प्राथमिकरण गरिएका बाली तथा कृयाकलापहरुको वडागत विवरण तलको तालिका नं. ३७ मा उल्लेख गरिएको छ ।

तालिका नं. ३७ : ब्यवसायिक उत्पादनका लागि वडा अनुसार प्राथमिकिकरण गरिएका मुख्य बालिहरु

व्यवशायिक तरकारी खेति (मुख्य ५ वाली)						
प्राथमिकता	वार्ड नं. १ वालिको नाम	वार्ड नं. २ वालिको नाम	वार्ड नं. ३ वालिको नाम	वार्ड नं. ४ वालिको नाम	वार्ड नं. ५ वालिको नाम	वार्ड नं. ६ वालिको नाम
१	आलु	आलु	आलु	आलु	आलु	आलु
२	टमाटर	टमाटर	टमाटर	मुला,चोतो	भटमास	काउली
३	काउली	काउली	काउली	टमाटर	मुला,चोतो	टमाटर
४	रामतारीया	रामतारीया	रामतारीया	काउली	रायो	काक्रा फर्सि,लौका करेला
५	मुला,चोतो	मुला,चोतो	मुला,चोतो	काक्रा, फर्सि	काक्रा, फर्सि	कोशेबाली
व्यवशायिक मसला खेति (मुख्य ५ वाली)						
प्राथमिकता	वार्ड नं. १ वालिको नाम	वार्ड नं. २ वालिको नाम	वार्ड नं. ३ वालिको नाम	वार्ड नं. ४ वालिको नाम	वार्ड नं. ५ वालिको नाम	वार्ड नं. ६ वालिको नाम
१	खुर्सानी	प्याज	खुर्सानी	अदुवा	प्याज	प्याज
२	प्याज	खुर्सानी	प्याज	लसुन	खुर्सानी	लसुन
३	लसुन	अदुवा	लसुन	प्याज	अदुवा	खुर्सानी
४	वेसार	लसुन	वेसार	खुर्सानी	लसुन	धनिया
५	अदुवा	धनिया	अदुवा	धनिया	धनिया	वेसार
व्यवशायिक फलफुल खेति (मुख्य ३ वाली)						
प्राथमिकता	वार्ड नं. १ वालिको नाम	वार्ड नं. २ वालिको नाम	वार्ड नं. ३ वालिको नाम	वार्ड नं. ४ वालिको नाम	वार्ड नं. ५ वालिको नाम	वार्ड नं. ६ वालिको नाम
१	ओखर	केरा	कागती	कागती	ओखर	सुन्तला,मौसमी,कागती
२	स्याउ	कागती	केरा	सुन्तला,मौसम	सुन्तला,मौसमी	ओखर
३	नासपाती	ओखर	पलम	पलम	कागती	
पकेट क्षेत्र खेति (मुख्य २ वाली)						
प्राथमिकता	वार्ड नं. १ वालिको नाम	वार्ड नं. २ वालिको नाम	वार्ड नं. ३ वालिको नाम	वार्ड नं. ४ वालिको नाम	वार्ड नं. ५ वालिको नाम	वार्ड नं. ६ वालिको नाम
१	आलु	आलु	आलु	आलु	आलु	आलु
२	ओखर	भटमास	कोदो	कोदो	सुन्तला,कागती	प्याज,लसुन

व्यवशायिक गैरकाष्ट वन पैदावार खेति (मुख्य ३ वाली)						
प्राथमिकता	वार्ड नं. १ वालिको नाम	वार्ड नं. २ वालिको नाम	वार्ड नं. ३ वालिको नाम	वार्ड नं. ४ वालिको नाम	वार्ड नं. ५ वालिको नाम	वार्ड नं. ६ वालिको नाम
१	रिठा	अमला	बांस,निगालो	बांस,निगालो	बांस,निगालो	अमृसो
२	अमला	दालचीनी	टिमुर	अमला	अमला	दालचीनी
३	बांस,निगालो	कुरीलो	रिठा	टिमुर	रिठा	अल्लो
व्यवशायिक पशुपालन (मुख्य २)						
प्राथमिकता	वार्ड नं. १ वालिको नाम	वार्ड नं. २ वालिको नाम	वार्ड नं. ३ वालिको नाम	वार्ड नं. ४ वालिको नाम	वार्ड नं. ५ वालिको नाम	वार्ड नं. ६ वालिको नाम
१	बाखा	बाखा	बाखा	बाखा	बाखा	गांई भैसि
२	गांई भैसि	गांई भैसि	कुखुरापालन	कुखुरापालन	कुखुरापालन	बाखा
लघु तथा साना उधोग (मुख्य ५)						
प्राथमिकता	वार्ड नं. १	वार्ड नं. २	वार्ड नं. ३	वार्ड नं. ४	वार्ड नं. ५	वार्ड नं. ६
१	सिस्नो प्रसोधन	मसला प्रसोधन उधोग	बांस,निगालो	बांस,निगालो	आलुचिप्स	मसला प्रसोधन उधोग
२	मसला प्रसोधन उधोग	अचार उधोग	आलुचिप्स	अचार उधोग	मसला प्रसोधन उधोग	डेरी
३	साबुन उधोग	आलुचिप्स	साबुन उधोग	आलुचिप्स	अचार उधोग	आलुचिप्स
४	आलुचिप्स	दालमोठ	फर्निचर उघोग	मसला प्रसोधन उधोग	सिस्नो प्रसोधन	बांस,निगालो
५	फलामको सामाग्री	डेरी	लोक्ता प्रसोधन	मोटरसाईकल मर्मत उधोग	बांस,निगालो	फलामको सामाग्री

६.१.७ जिविकोपार्जन कार्यान्वयन योजना रणनीति

जल उपयोग गुरुयोजनाको कार्यान्वयन संगै स्थानीय स्तरमा जीविकोपार्जनका अवसरहरु समेत हासिल गर्न सकिन्छ।पानी क्षेत्रका योजनाहरुको कार्यान्वयन संगै गरिने जीविकोपार्जन क्रियाकलापहरुले स्थानीय स्तरमा स्वरोजगारि श्रजना गरि स्थानीयको अर्थोपार्जनमा समेत टेवा पुग्ने हुदा जल उपयोग गुरुयोजनासंगै जीविकोपार्जन कार्यान्वयन योजनाको समेत सफल कार्यान्वयन गर्ने जिम्मेवारी पालिकाहरुको रहन जान्छ । जीविकोपार्जन योजना कार्यान्वयनका लागि तपसिल अनुसारका नीतिहरु कार्यान्वयन गरिने छ ।

- जीविकोपार्जन कार्यान्वयन योजनाको कार्यान्वयन गर्दा अनिवार्य रुपमा “एक घर एक व्यवस्थित घरवारी”सुनिश्चिता कायम हुनेगरी योजना तर्जुमा गरिनेछ ।

- प्रत्येक घरधुरीको आयआर्जन बृद्धि गर्न पालिका को योजना तर्जुमा को पहिलो खुड्किलो बाटनैं स्थानीय क्षेत्रको सम्भाब्यतालाई मध्यनजर गरी छनौट भएको सह क्षेत्रलाईनैं प्राथमिकता दिन सबै सरोकारवाला हरुको संयुक्त योजना तर्जुमा बैठक गरी बजेट तथा कार्यक्रमहरु गरिनेछ । साथै कृषि उत्पादन पकेटको रुपमा ब्यवसायिक खेती प्रणाली लाई प्रवर्द्धन गरिनेछ ।
- जीविकोपार्जन क्षेत्रमा काम गर्ने सबै कार्यालय तथा निकायहरुले अनिवार्य रुपमा यो जीविकोपार्जन कार्यान्वयन योजनाले निर्दिष्ट गरेका क्षेत्रहरुको दोहोरोपन नहुने गरी कार्यक्रम प्रत्येक आ.व. को योजना तर्जुमा गोष्ठी भन्दा अगावै संयुक्त रुपमा छनौट गर्ने र सोहि अनुसार कार्यान्वयन गर्ने तिर विशेष जोड दिइनेछ ताकि स्रोतबाट टाढाँ रहेका समुदायहरुले लाभ उठाउन सकुन ।
- यो जीविकोपार्जन कार्यान्वयन योजना कार्यान्वयन गर्दा कृषिमा आधारित सरोकारवालाहरु मुल्य श्रृखलाका सबै एजेन्डहरुको क्षमता विकासका क्रियाकलाप हरुमा केन्द्रित गर्ने र बजारको श्रृखला मजबुद बनाउने तर्फ विशेष जोड दिइनेछ ।
- पालिका मा विद्यमान कृषि सहकारीहको अवस्था लाई मापन गरी उत्कृष्ट क्षमतावान वा आफ्ना शेयर सदस्यहरु प्रति उत्तरदायि सहकारी संस्थाको क्षमता अभिबृद्धि गरी सक्षम सबल सहकारी विकास तथा परिचालनको नीति लिई बजारीकरणको क्षेत्रमा समेत क्षमता हेरी सहकारी मार्फत कारोवारको संजाल निर्माण गरिनेछ ।
- यसरी सहकारीको मूल्याँकन तथा अनुगमन पालिकाले आवधिक रुपमा गर्नेछ र आवश्यकताको आधारमा क्षमता विकासका क्रियाकलापहरु संचालन गर्नेछ । सहकारीलाई पालिकाको अर्थतन्त्रको एक खम्बाको रुपमा लिई जनतालाई लघु वित्तको सुलभ उपलब्धताको रुपमा परिचालन गर्न प्रोत्साहन गरिनेछ । पालिकामा समुह हरुमा हालसम्म छरिएर रहेको, सहि सदुपयोग हुन नसकेको पूँजिलाई एकत्रित गरी सहकारी मार्फत परिचालन गर्ने तर्फ विशेष ध्यान दिइनेछ ।
- जीविकोपार्जन प्रवर्द्धन का लागि पालिकाले यस जीविकोपार्जन कार्यान्वयन योजनालाई आवधिक रुपमा समिक्षा गर्नेछ र आवश्यकता र समय सापेक्ष यसको परिमार्जन गर्नेछ ।
- कृषिको उत्पादकत्व बृद्धि गर्न सिंचाई योजनाहरु लाई प्राथमिकता दिई निर्माण गरिनेछ ।
- पालिका मा श्रोतको उपलब्धताको आधारमा विभिन्न लघु तथा साना उद्योग स्थापनामा जोड दिइनेछ र लघु उद्यम कार्यक्रमलाई दिगो बनाउन सहकारी सँग कार्यगत एकता तथा लगानी को लागि सम्बन्ध जोड्ने कार्यलाई मुर्त रुप दिइनेछ ।
- जीविकोपार्जन का मूख्य पात्रहरु जस्तै : सेवा तथा सामग्री प्रदायक हरु, उत्पादक समुह, उद्यमी, बजारका एजेन्डहरु, सहकारी, सहयोगी निकायहरु, पालिका को बीचमा तिनिहरुको अवस्था समिक्षा तथा आगामी रणनिति तथा कार्य नितिको बारेमा बृहत छलफल गरी आइपरेका समस्या समाधान का उपायहरुको खोजी गरी सुचारु गर्ने (श्रृखला बिग्रिन नदिन) उद्देश्य ले समय समयमा समिक्षा बैठकहरु संचालन गरिनेछ ।

७ अध्याय : गुरुयोजनाको अनुगमन,कार्यान्वयन तथा बजारीकरण

७.१ जलउपयोग गुरुयोजना कार्यान्वयन तथा अनुगमन

जलउपयोग गुरुयोजनाको सफल कार्यान्वयनका लागि गाउँपालिका क्षेत्र भित्रका स्रोत साधनको पहिचान, सरोकारवाला सहयोगी वा साझेदार निकायहरुको पहिचान तथा परिचालन पनि महत्वपुर्ण हुन्छ । स्थानीय सरकार सञ्चालन ऐनले पालिकाहरुलाई योजना कार्यान्वयन गर्ने कार्यकारि निकायका रुपमा राखेको छ भने पालिका आफैमा स्थानीय सरकार समेत भएकाले जलस्रोत क्षेत्रका योजनाहरु कार्यान्वयन गराउन स्थानीय, प्रदेश स्तरीय तथा केन्द्रिय सरोकारवाला साझेदारहरुलाई परिचालन गर्न सहज हुने देखिन्छ । गुरुयोजना कार्यान्वयन गर्न पालिकाको नेतृत्वमा सबै साझेदारहरु परिचालन गर्नु पर्ने हुन्छ । गुरुयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने नीति नियमहरु पालिकाको गाउँसभा मार्फत निर्माण गरि क्षेत्रगत साझेदारहरुलाई स्पष्ट जिम्मेवारि प्रदान गर्नुका साथै समय सापेक्ष कार्यान्वयनको अनुगमन समेत गर्नु पर्ने हुन्छ ।

७.२ जलउपयोग गुरुयोजनाको अद्यावधि

समय सापेक्ष गाउँपालिकाले बिभिन्न सरोकारबाला पक्षहरुको सहजीकरणमा जलउपयोग गुरुयोजना कार्यान्वयन स्थितिको समिक्षा गरी अद्यावधि गर्नुपर्ने जरुरी हुन्छ । जलउपयोग गुरुयोजना आधारभुत तथ्यांक र एकिकृत जलस्रोत विकासको खाका वा प्राथमिकृत योजना तर्जुमाको दस्तावेज भएको हुनाले यसको आवश्यकता अनुसार आवधिक रुपमा अद्यावधि गर्नु उपयुक्त हुन्छ । यसको अद्यावधिबाट पालिकाको एकिकृत जलस्रोत विकासको लागि चाहिने श्रोतको अनुमान र तर्जुमा गर्न सजिलो हुन्छ । सामान्यतया गुरुयोजना कार्यान्वयन समिक्षा, स्रोत साधन जुटाउन, तथ्याङ्कहरु अध्यावधिक प्रत्येक बर्ष गर्नु पर्दछ । आवश्यकता अनुसार यो अवधि घटबढ गर्न सकिन्छ । साथै जलउपयोग गुरुयोजना अध्यावधी गर्नको लागि गाउँकार्यपालिकावाट अनिवार्य रुपमा निर्णय गर्नु पर्दछ ।

७.३ जलउपयोग गुरुयोजना बजारीकरण तथा परिचालन रणनीति

गुरुयोजना तयार भएपछि यसको प्राथमिकता क्रममा परेका योजनाहरु कार्यान्वयनका लागि उपयुक्त स्रोत साधनहरुको खोजी गरी बाँडफाँड जस्ता कार्यको भुमिका पुर्ण रुपमा गाउँपालिकाको रहन्छ भने यसको प्रचारप्रसार गरि कार्यान्वयनका लागि आवश्यक स्रोत साधन जुटाउन यसको परिचालन एवं बजारीकरणमा महत्वपूण भुमिका निर्वाह गर्नुपर्ने हुन्छ । गाउँपालिकामा जलस्रोत विकासको क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी संघ संस्थाहरुको अभिलेखीकरण गरी सबैले जलउपयोग गुरुयोजनालाई अवलम्बन गर्दै लैजाने प्रणालीको विकास गर्नु पर्दछ । यसले गर्दा एकातिर पालिकामा आएको स्रोत एकद्वार प्रणालीको भावना अनुसार विकास निर्माणमा सदुपयोग हुन गई दोहोरोपना हुन पाउदैन भने अर्को तर्फ चरणबद्ध रुपमा जलस्रोत व्यवस्थापनका क्रियाकलापहरु सम्पन्न हुन गई गुरुयोजनाको सफल कार्यान्वयन हुन जान्छ । गुरुयोजना कार्यान्वयनका लागि तपसिलका रणनीति अपनाईने छन र यसका लागि सम्बन्धित समितिहरुलाइ अझ सशक्त बनाइने छ ।

- गुरुयोजना तथ्याङ्क जलस्रोतहरुको लगत, सम्भाव्य प्रयोग र सम्भावना सहितको अन्तरक्रिया कार्यक्रमहरु समय (समयमा सरोकारवाला माझ सञ्चालन गरिने छ ।
- संघीय तथा प्रदेश सरकारका जलस्रोत विकास सम्वद्ध मन्त्रालय, बिभागहरुमा गुरुयोजनाको प्रचार प्रसार गरि आवश्यक लगानी सहकार्यका लागि समन्वय गरिने छ ।
- गाउँपालिकास्तरका सरोकारवाला साझेदारहरुको आवश्यकता अनुसार समन्वय बैठकर अन्तक्रियाहरु आयोजना गरि गुरुयोजनाका निर्दिष्ट लक्ष्य हासिल गर्न लगानी प्रतिबद्धता सहितका कार्यक्रम तय गरिने छ ।
- गाउँपालिका स्तरमा गुरुयोजना सम्वन्धि प्रचार प्रसार, समिक्षा तथा पानी क्षेत्रमा कार्यगर्ने सरोकारवालाहरुलाई गुरुयोजनाले औंल्याएका क्षेत्रमा लगानी गर्न प्रेरित गराउने जस्ता क्रियाकलापहरु सञ्चालन गरिने छ ।
- क्षेत्रगत योजनाहरुमा लगानी सम्बन्धी दोहोरोपना हटाउन बार्षिक कार्यक्रम तय गर्नु पूर्व बिषयगत समितिका बैठकहरु मार्फत आगामी बर्षका योजना तथा कार्यक्रमहरु सरोकारवालाहरु संगको उपलब्ध बजेट, सहकार्यका क्षेत्र सहितको कार्ययोजना सहित तय गरिने छ ।

****

अनुसुची -१

गाउँपालिकाको घरधुरी तथा जनसंख्या सम्वन्धि विवरण

क्र.स.	टोलको नाम	टोलको कोड	दलित				जनजाती				अन्य				जम्मा			
			जनसंख्या			घरधुरी	जनसंख्या			घरधुरी	जनसंख्या			घरधुरी	जनसंख्या			घरधुरी
			महिला	पुरुष	जम्मा		महिला	पुरुष	जम्मा		महिला	पुरुष	जम्मा		महिला	पुरुष	जम्मा	
वडा नं. १	तथ्याङ्क संकलन बर्ष : २०६८																	
१	Taligaun													७				७
२	Telpara													१५				१५
३	Sela													९				९
४	Bhajhkattya													२२				२२
५	Ghattekhola													२१				२१
६	Chadepani													८				८
७	Gaitala (A)													९				९
८	Mathi Gaun													२१				२१
९	Beniwada					२६												२६
१०	Luhakhada					८												८
११	Paribata													१७				१७
१२	Nuwaghar													१६				१६
१३	Simkot													२९				२९
१४	Mallo Rokaya Gaun													४०				४०
१५	Bar Gaun													१६				१६
१६	Dade Bhutola													११				११
१७	Khatara													११				११
१८	Paiyatola													९				९
१९	Parikhet													७				७
२०	Rokayagaun													१९				१९
२१	Chaudethala													७				७
२२	Kulakafle													८				८
२३	Buddasen													६				६
२४	Chedigaun													३८				३८

क्र.स.	टोलको नाम	टोलको कोड	दलित				जनजाती				अन्य				जम्मा			
			जनसंख्या			घरधुरी	जनसंख्या			घरधुरी	जनसंख्या			घरधुरी	जनसंख्या			घरधुरी
			महिला	पुरुष	जम्मा		महिला	पुरुष	जम्मा		महिला	पुरुष	जम्मा		महिला	पुरुष	जम्मा	
२५	Biniwada					११९												११९
२६	Rajena													१२				१२
२७	Khanakot													३२				३२
२८	Galada,Sela,Baitada													१०				१०
२९	Markaula													११				११
३०	Aul Dharmghar Simar													१३				१३
३१	Ratadabas													११				११
३२	Silpdi.Dhauli,Gaira													४				४
३३	Kusena													२८				२८
३४	Pujara Gaun													४५				४५
जम्मा (वडा नं. १)			**०**	**०**	**०**	**१५३**	**०**	**०**	**०**	**०**	**०**	**०**	**०**	**५१२**	**०**	**०**	**०**	**६६५**
वडा नं. २	**तथ्याङ्क संकलन बर्ष : २०७५**																	
१	अोखट्टे क	70602CA0102C01									६१	६२	१२३	२०	६१	६२	१२३	२०
२	अोखट्टे ग	70602CA0102C03									१६	१५	३१	४	१६	१५	३१	४
३	सिर्मा क	70602CA0102C04									१६८	१९६	३६४	५८	१६८	१९६	३६४	५८
४	सिर्मा ख	70602CA0102C05									४९	४७	९६	१९	४९	४७	९६	१९
५	सिर्मा ग	70602CA0102C06	४	६	१०	२					५७	५३	११०	१७	६१	५९	१२०	१९
६	सिर्मा घ	70602CA0102C07									५७	६३	१२०	२१	५७	६३	१२०	२१
७	सिर्मा ङ	70602CA0102C08									६	८	१४	१	६	८	१४	१
८	खटगडा क	70602CA0202C01									२५०	२५०	५००	८५	२५०	२५०	५००	८५
९	खटगडा ख	70602CA0202C02									११	७	१८	३	११	७	१८	३
१०	खटगडा ग	70602CA0202C03									२६	२४	५०	१०	२६	२४	५०	१०
११	खटगडा घ	70602CA0202C04									६	९	१५	१	६	९	१५	१
१२	पयताेला	70602CA0202C05	१७६	२०७	३८३	५३					२०	२१	४१	७	१९६	२२८	४२४	६०
१३	भुर्केला क	70602CA0202C06									८६	७६	१६२	२५	८६	७६	१६२	२५
१४	भुर्केला ख	70602CA0202C07									१८	७	२५	३	१८	७	२५	३
१५	भुर्केला ग	70602CA0202C08									१	५	६	१	१	५	६	१
१६	लुसाकाेट क	70602CA0202C09	४	७	११	२					९२	९७	१८९	२८	९६	१०४	२००	३०

क्र.स.	टोलको नाम	टोलको कोड	दलित				जनजाती				अन्य				जम्मा			
			जनसंख्या			घरधुरी	जनसंख्या			घरधुरी	जनसंख्या			घरधुरी	जनसंख्या			घरधुरी
			महिला	पुरुष	जम्मा		महिला	पुरुष	जम्मा		महिला	पुरुष	जम्मा		महिला	पुरुष	जम्मा	
१७	लुसाकोट ख	70602CA0202C10									२२	२२	४४	६	२२	२२	४४	६
१८	धामिलुसा क	70602CA0202C11									८५	९३	१७८	३१	८५	९३	१७८	३१
१९	धामिलुसा ख	70602CA0202C12									२१	२६	४७	८	२१	२६	४७	८
२०	धामिलुसा ग	70602CA0202C13									१८	२२	४०	६	१८	२२	४०	६
२१	धामिलुसा घ	70602CA0202C14									११	११	२२	५	११	११	२२	५
२२	धामिलुसा ङ	70602CA0202C15									१४	१८	३२	४	१४	१८	३२	४
२३	धामिलुसा च	70602CA0202C16	४	५	९	१					६	८	१४	२	१०	१३	२३	३
२४	धामिलुसा छ	70602CA0202C17									२	३	५	१	२	३	५	१
२५	मुडभारा	70602CA0302C01									३१	३६	६७	९	३१	३६	६७	९
२६	ग्वानी क	70602CA0302C02									११४	१०८	२२२	३३	११४	१०८	२२२	३३
२७	ग्वानी ख	70602CA0302C03									२५	२६	५१	७	२५	२६	५१	७
२८	ग्वानी ग	70602CA0302C04									३२	२४	५६	१०	३२	२४	५६	१०
२९	ग्वानी घ	70602CA0302C05									६	६	१२	२	६	६	१२	२
३०	कमछाडा ग	70602CA0203C03									१०	१०	२०	४	१०	१०	२०	४
जम्मा (वडा नं. २)			**१८८**	**२२५**	**४१३**	**५८**	**०**	**०**	**०**	**०**	**१३२१**	**१३५३**	**२६७४**	**४३१**	**१५०९**	**१५७८**	**३०८७**	**४८९**
वडा नं. ३	**तथ्याङ्क संकलन बर्ष : २०७५**																	
१	कमछाडा ग	70602CA0102C02									१०	१४	२४	४	१०	१४	२४	४
२	कचाली क	70602CA0103C01									१५८	१६९	३२७	५६	१५८	१६९	३२७	५६
३	कचाली ख	70602CA0103C02									३	६	९	२	३	६	९	२
४	कचाली ग	70602CA0103C03									२	२	४	१	२	२	४	१
५	कमछाडा क	70602CA0203C01									१८३	१८२	३६५	६७	१८३	१८२	३६५	६७
६	कमछाडा ख	70602CA0203C02									४	३	७	१	४	३	७	१
७	गर्खा	70602CA0303C01									८१	८३	१६४	३०	८१	८३	१६४	३०
८	लुहारवाडा क	70602CA0303C02	१९६	२१५	४११	५७									१९६	२१५	४११	५७
९	लुहारवाडा ख	70602CA0303C03	९	२१	३०	४									९	२१	३०	४
१०	लुहारवाडा ग	70602CA0303C04	६	६	१२	१									६	६	१२	१
११	सैनगाउँ	70602CA0303C05	५१	४८	९९	१४					५	१४	१९	३	५६	६२	११८	१७

क्र.स.	टोलको नाम	टोलको कोड	दलित				जनजाती				अन्य				जम्मा			
			जनसंख्या			घरधुरी	जनसंख्या			घरधुरी	जनसंख्या			घरधुरी	जनसंख्या			घरधुरी
			महिला	पुरुष	जम्मा		महिला	पुरुष	जम्मा		महिला	पुरुष	जम्मा		महिला	पुरुष	जम्मा	
१२	भुलवाडा क	70602CA0303C06	१५९	१६६	३२५	५१									१५९	१६६	३२५	५१
१३	भुलवाडा ख	70602CA0303C07	९	१२	२१	३									९	१२	२१	३
१४	बाहुनगाउँ	70602CA0303C08									४०	३८	७८	९	४०	३८	७८	९
१५	नैतली	70602CA0303C09	६९	६९	१३८	२३									६९	६९	१३८	२३
१६	रावलगाउँ क	70602CA0303C10									१३८	१२०	२५८	४३	१३८	१२०	२५८	४३
१७	रावलगाउँ ख	70602CA0303C11									३	५	८	१	३	५	८	१
१८	सेलधारा क	70602CA0303C12									४२	३८	८०	१३	४२	३८	८०	१३
१९	सेलधारा ख	70602CA0303C13									३८	२८	६६	८	३८	२८	६६	८
२०	पानीखाल क	70602CA0303C14									२६४	२३२	४९६	८५	२६४	२३२	४९६	८५
२१	पानीखाल ख	70602CA0303C15									१	१	२	१	१	१	२	१
२२	पानीखाल ग	70602CA0303C16									२१	१५	३६	६	२१	१५	३६	६
२३	पानीखाल घ	70602CA0303C17									२७	२६	५३	८	२७	२६	५३	८
२४	बेटारा क	70602CA0403C01									१७८	१७४	३५२	६०	१७८	१७४	३५२	६०
२५	बेटारा ख	70602CA0403C02									३	१	४	१	३	१	४	१
२६	साप्रा क	70602CA0503C01									५	४	९	१	५	४	९	१
२७	साप्रा ख	70602CA0503C02									३	२	५	१	३	२	५	१
२८	साप्रा ग	70602CA0503C03									५	७	१२	२	५	७	१२	२
२९	साप्रा घ	70602CA0503C04									१	२	३	१	१	२	३	१
३०	साप्रा ङ	70602CA0503C05									७	६	१३	३	७	६	१३	३
३१	साप्रा च	70602CA0503C06									२५६	२७३	५२९	९५	२५६	२७३	५२९	९५
३२	साप्रा छ	70602CA0503C07									३	३	६	१	३	३	६	१
३३	साप्रा ज	70602CA0503C08									४	३	७	१	४	३	७	१
३४	साप्रा झ	70602CA0503C09									६	१२	१८	३	६	१२	१८	३
३५	साप्रा ञ	70602CA0503C10									४	६	१०	२	४	६	१०	२
३६	साप्रा ट	70602CA0503C11									७	४	११	२	७	४	११	२
३७	साप्रा ठ	70602CA0503C12									१२	९	२१	४	१२	९	२१	४
जम्मा (वडा नं. ३)			**४९९**	**५३७**	**१०३६**	**१५३**	**०**	**०**	**०**	**०**	**१५१४**	**१४८२**	**२९९६**	**५१५**	**२०१३**	**२०१९**	**४०३२**	**६६८**

क्र.स.	टोलको नाम	टोलको कोड	दलित				जनजाती				अन्य				जम्मा			
			जनसंख्या			घरधुरी	जनसंख्या			घरधुरी	जनसंख्या			घरधुरी	जनसंख्या			घरधुरी
			महिला	पुरुष	जम्मा		महिला	पुरुष	जम्मा		महिला	पुरुष	जम्मा		महिला	पुरुष	जम्मा	
वडा नं. ४	तथ्याङ्क संकलन बर्ष : २०७१																	
१	सिरापातल	70001201C01	०			१८												१८
२	बयडा (क)	70001201C02	०			२०												२०
३	बयडा (ख)	70001201C03				१७												१७
४	बयडा (ग)	70001201C04				१४												१४
५	ढोली वडा (क)	70001201C05				१५												१५
६	वगडीमौ टोल	70001201C06				६								६				१२
७	धामीगाउ टोल	70001201C07												९				९
८	भंक	70001201C08												५				५
९	पल्लारुम्टा	70001201C09								१४								१४
१०	ठुलाधार चिल्लाढङगा	70001201C10								१६								१६
११	सिमलगाडा	70001201C11												१२				१२
१२	ढाली वडा (ख)	70001201C12				१५												१५
१३	वयडा (घ)	70001201C13				११												११
१४	लुवाताुला लोरेगडा	70001202C01												११				११
१५	सुमरढुला	70001202C02												१०				१०
१६	रौवा वगर	70001202C03												१२				१२
१७	वुडै टोल	70001202C04												१३				१३
१८	वाहुन सैन	70001203C01												११				११
१९	मल्लाघरी	70001203C02												१९				१९
२०	वतला	70001203C03				२४												२४
२१	गडेनी	70001203C04												८				८
२२	डांगा	70001203C05												१९				१९
२३	नङगने	70001203C06												१५				१५
२४	लोरबाडा	70001203C07				१५												१५
२५	लामादगडा	70001203C08												१५				१५
२६	ढोलिवडा	70001203C09				१५												१५
२७	भटडी	70001203C10												२१				२१

क्र.स.	टोलको नाम	टोलको कोड	दलित				जनजाती				अन्य				जम्मा			
			जनसंख्या			घरधुरी	जनसंख्या			घरधुरी	जनसंख्या			घरधुरी	जनसंख्या			घरधुरी
			महिला	पुरुष	जम्मा		महिला	पुरुष	जम्मा		महिला	पुरुष	जम्मा		महिला	पुरुष	जम्मा	
२८	मुख्या	70001203C11												२१				२१
२९	तोल्यान	70001203C12												१२				१२
३०	साउडेमेला	70001203C13												८				८
३१	तोराडी	70001203C14												९				९
३२	कनेडा	70001203C15												७				७
३३	सेल्तडा	70001204C01												२२				२२
३४	देउकाट्टे	70001204C02												१२				१२
३५	डांडा कुनाकाट्टे	70001204C03												१३				१३
३६	सिम कुनाकाट्टे	70001204C04												१३				१३
३७	कालिका टोल	70001204C05												२०				२०
३८	ठन्नपानी टोल	70001204C06												१८				१८
३९	डाडा	70001204C07												१६				१६
४०	छेउ	70001204C08												१५				१५
४१	लोरभुवा	70001205C01												४				४
४२	गाजा टोल	70001205C02												१४				१४
४३	तल्लो टोल	70001205C03												९				९
४४	डोला	70001205C04												५				५
४५	पातल	70001205C05												१६				१६
४६	मन्धेरा	70001205C06												१४				१४
जम्मा (वडा नं. ४)			**०**	**०**	**०**	**१७०**	**०**	**०**	**०**	**३०**	**०**	**०**	**०**	**४३४**	**०**	**०**	**०**	**६३४**
वडा नं. ५	**तथ्याङ्क संकलन बर्ष : २०७१**																	
१	मल्लो मतेली	70001206C01	०			२								१७				१९
२	बीच टोल	70001206C02												२१				२१
३	तल्लो मतेली	70001206C03				८								१४				२२
४	बाहुन सुन्ड	70001206C04												१७				१७
५	थापा टोल	70001206C05				२								१८				२०
६	गैरेल खोला	70001206C06				१०								४				१४
७	कोइकाली	70001206C07				५								४				९

क्र.स.	टोलको नाम	टोलको कोड	दलित				जनजाती				अन्य				जम्मा			
			जनसंख्या			घरधुरी	जनसंख्या			घरधुरी	जनसंख्या			घरधुरी	जनसंख्या			घरधुरी
			महिला	पुरुष	जम्मा		महिला	पुरुष	जम्मा		महिला	पुरुष	जम्मा		महिला	पुरुष	जम्मा	
८	स्वाडी	70001206C08				१०								७				१७
९	तल्लो सुण्ड	70001206C09				२२												२२
१०	चानि खल्लो	70001206C10				१७												१७
११	सिह	70001206C11				६								६				१२
१२	भैरव	70001206C12				२१												२१
१३	तल्लो कोटेली	70001207C01												१६				१६
१४	मल्लो कोटेली	70001207C02												१०				१०
१५	धारमी	70001207C03												११				११
१६	कोल मुडा	70001207C04				१३												१३
१७	घट्टे चौड	70001207C05												६				६
१८	गुरिना	70001207C06												१०				१०
१९	ढिपु	70001207C07				१२												१२
२०	तल्लो पटकानी	70001207C08												१५				१५
२१	मल्लो पटकानी	70001207C09												१४				१४
२२	किमतोला	70001207C10												१६				१६
२३	वाजि रुख	70001207C11												१८				१८
२४	डाडाखर्क	70001207C12												१५				१५
२५	भाङ्गबुय	70001207C13												५				५
२६	विक टोल	70001208C01				२२												२२
२७	लोरवडा टोल	70001208C02				१९												१९
२८	पानीखाला	70001208C03				९												९
२९	सुनीवाटा	70001208C04				२०												२०
३०	नेपाली टोल	70001208C05				१५												१५
३१	देउघर टँेल	70001208C06												७				७
३२	डुङ्गी टोल	70001208C07												७				७
३३	खोला सिउडी	70001208C08												१२				१२
३४	मालु मेला	70001208C09												३				३
३५	पारी खेत	70001208C10												५				५

क्र.स.	टोलको नाम	टोलको कोड	दलित				जनजाती				अन्य				जम्मा			
			जनसंख्या			घरधुरी	जनसंख्या			घरधुरी	जनसंख्या			घरधुरी	जनसंख्या			घरधुरी
			महिला	पुरुष	जम्मा		महिला	पुरुष	जम्मा		महिला	पुरुष	जम्मा		महिला	पुरुष	जम्मा	
३६	चौडिक	70001208C11												१९				१९
३७	रिठा	70001208C12												५				५
३८	देवल	70001208C13												१८				१८
३९	दैन	70001208C14												१९				१९
४०	भवानी	70001208C15												१७				१७
४१	परिभ्वा	70001209C01												२१				२१
४२	पसेला	70001209C02												१२				१२
४३	धारा	70001209C03												१९				१९
४४	देउघर	70001209C04												८				८
४५	टुनेगडा	70001209C05												१७				१७
४६	अश्दुवाला	70001209C06												५				५
४७	धुतुडे	70001209C07												९				९
जम्मा (वडा नं. ५)			**०**	**०**	**०**	**२१३**	**०**	**०**	**०**	**०**	**०**	**०**	**०**	**४४७**	**०**	**०**	**०**	**६६०**
वडा नं. ६	**तथ्याङ्क संकलन बर्ष : २०७२**																	
१	साउदनारा	70003001C01	०			३०				०				२३	१६८	१५७	३२५	५३
२	कट्टाल गाउँ	70003001C02	०			०				०				२८	७६	८२	१५८	२८
३	अयडेझाड	70003001C03	०			७				०				८	४६	४१	८७	१५
४	लेग	70003001C04	०			०				०				३१	९४	१००	१९४	३१
५	दुधेखुम	70003001C05	०			०				०				२८	७८	८०	१५८	२८
६	सैनगाउ	70003001C06	०			२				०				३४	९०	१०९	१९९	३६
७	भ्याकुला	70003001C07	०			०				०				१८	५०	४९	९९	१८
८	उतिस्यानी	70003001C08	०			०				०				११	३३	३५	६८	११
९	अलयतवाडा	70003002C01	०			२२				०				६३	२४१	२३७	४७८	८५
१०	रोकायानारा	70003002C02	०			३२				०				२४	१७६	१९१	३६७	५६
११	पिपलभुवा	70003003C01	०			५				०				०	३७	४५	८२	५
१२	डाङ्गो	70003003C02	०			०				०				१५	४३	४४	८७	१५
१३	ठेक	70003003C03	०			०				०				११	२९	२७	५६	११
१४	तलि गाउ	70003003C04	०			०				०				६	१९	१९	३८	६

क्र.स.	टोलको नाम	टोलको कोड	दलित				जनजाती				अन्य				जम्मा			
			जनसंख्या			घरधुरी	जनसंख्या			घरधुरी	जनसंख्या			घरधुरी	जनसंख्या			घरधुरी
			महिला	पुरुष	जम्मा		महिला	पुरुष	जम्मा		महिला	पुरुष	जम्मा		महिला	पुरुष	जम्मा	
१५	माझी	70003003C05	०			६				०				११	६५	५८	१२३	१७
१६	देउखला	70003003C06	०			८				०				४	४०	३८	७८	१२
१७	देउगडा	70003003C07	०			६				०				७	४६	४९	९५	१३
१८	पोखरी	70003003C08	०			१				०				८	४१	२५	६६	९
१९	ढाण	70003003C09	०			४				०				४	२९	२७	५६	८
२०	साइदेउ	70003003C10	०			०				०				६	२१	१८	३९	६
२१	चिचकाट्टे	70003007C01	०			०				०				१४	५६	४६	१०२	१४
२२	बगर	70003007C02	०			०				०				२८	७८	७५	१५३	२८
२३	रौकल्ला	70003007C03	०			०				०				४३	१२०	१२४	२४४	४३
२४	दल्लेक	70003008C01	०			५८				०				६७	३५२	३४९	७०१	१२५
२५	बगर	70003008C02	०			३१				०				०	९३	८९	१८२	३१
२६	सल्लिखान	70003008C03	०			२९				०				०	९५	९५	१९०	२९
२७	मल्लो	70003009C01	०			०				०				३५	१०२	८४	१८६	३५
२८	तल्लो	70003009C02	०			१				०				७६	२०९	२१५	४२४	७७
२९	कामी	70003009C03	०			४२				०				०	११०	१०९	२१९	४२
३०	थला	70003009C04	०			०				०				१६	४७	५३	१००	१६
जम्मा (वडा नं. १)			**०**	**०**	**०**	**२८४**	**०**	**०**	**०**	**०**	**०**	**०**	**०**	**६१९**	**२६८४**	**२६७०**	**५३५४**	**९०३**
गाउँपालिकाको जम्मा			**६८७**	**७६२**	**१४४९**	**१०३१**	**०**	**०**	**०**	**३०**	**२८३५**	**२८३५**	**५६७०**	**२९५८**	**६२०६**	**६२६७**	**१२४७३**	**४०१९**

अनुसुची - २

गाउँपालिकाका घरधुरीहरुको मुख्य पेशा तथा खाद्यान्न प्रयाप्तता सम्वन्धि विवरण

